# मितेरी

मितेरी हाम्रो अजम्मरी जहाँ रहे पनि



२०६७

# मितेरी

मितेरी हाम्रो अजम्मरी जहाँ रहे पनि

**२०६७ असार**

**प्रधान सम्पादक :**
चन्द्रकला नेवार

**सम्पादक :**
यादव भट्टराई

**सम्पादन सहयोगी :**
कमला रिसाल
सङ्गीता शर्मा

**प्रकाशक :**
मितेरी नेपाल
नयाँ बानेश्वर
पो.ब.नं. ९५५४
फोन ४७८३८५०

**कम्प्युटर सेटिङ्ग :** रोजेश मानन्धर
**मुद्रक :** बगलामुखी अफसेट प्रेस
कोपुण्डोल, काठमाडौं।
फोन नं. ५५२००९९
**मूल्य :** १००।-

# सम्पादकीय

असार महिना नेपालीहरूका लागि विशेष महत्त्वको हुने गर्दछ । किसान र साहित्यकार यी दुवै थरीका लागि असार खास भएर आउने गर्छ । असारे वर्षाले किसानहरूमा खुसी ल्याउँछ । असारमा महिनाकै नेपाली भाषासाहित्यका आदरणीय व्यक्तित्व भानुभक्त आचार्य नेपाली साहित्यिकहरूबीच फेरि एक पटक स्मरणीय बन्छन् । नेपालभित्र र बाहिरसमेत उनको सम्झना गरिन्छ । उनको जन्मजयन्तीको अवसर पारेर उनका योगदानको चर्चा गर्नु, उनलाई औपचारिक रूपमै सम्झना गर्नु, 'मितेरी नेपाल' को विशेष कर्ममध्येको एक हो ।

'मितेरी नेपाल' नेपाली भाषासाहित्यको विकास र विस्तारमा विगत एक दशकभन्दा अघिदेखि क्रियाशील रहँदै आफ्नो ढङ्गबाट अघि बढिरहेको छ । विश्वभरि छरिएर रहेको नेपाली भाषासाहित्य, साहित्यिक संस्था र साहित्यकारहरुसँगको सम्बन्धलाई अझ प्रगाढ र व्यापक बनाउने अभिप्रायका साथ 'मितेरी नेपाल' यात्रारत छ । सीमित साधनस्रोत र अपर्याप्त सुविधाका बीच संस्थाका क्रियाकलापहरूलाई पनि सीमित गर्नुपर्ने हाम्रा आफ्नै बाध्यताहरू छँदै छन् । यसै बीच पनि नेपाली भाषासाहित्यको विकासमा मुलुकभित्र र मुलुकबाहिरबाट समेत भए, गरेका प्रयासहरू महत्त्वपूर्ण र स्तुत्य छन् । नेपाली भाषासाहित्यले विश्वभरि फैलिने अवसर प्राप्त गरेको छ । यो नेपाली जातिका लागि गौरवको विषय हो । यसै अभियानमा 'मितेरी नेपाल' पनि विभिन्न साहित्यिक गतिविधिमार्फत प्रस्तुत भइरहेको छ । 'पारिजात साहित्य मितेरी सम्मान' र 'हरिभक्त कटुवाल प्रतिभा मितेरी सम्मान' को स्थापना गरी मुलुकभित्रका र मुलुकबाहिरका नेपाली भाषी स्रष्टाहरूलाई संस्थाका तर्फबाट सम्मान गर्ने परम्परालाई यथावत् राख्दै गत वर्षदेखि विभिन्न स्रष्टाका साहित्यिक रचनाहरूको सङ्कलनको रूपमा 'मितेरी' (वार्षिक मुखपत्र) प्रकाशन गर्न पाउनु खुसीको कुरा हो । साहित्यसेवा स्वयंमा विशिष्ट सेवा हो । समाजको उन्नयनमा यसको आफ्नै विशेष महत्त्व र भूमिका हुन्छ । तमाम स्रष्टाहरू विभिन्न असुविधा र अप्ठेराहरूका बीच पनि सिर्जनारत छन् ।

स्रष्टाहरू र भाषासाहित्यसेवाहरूकै अग्रसरतामा साहित्य निरन्तर अघि बढ्दछ। यस अवसरमा आदरणीय स्रष्टाहरूप्रति कृतज्ञता व्यक्त गर्दै १९७ औं जन्मजयन्तीका अवसरमा भानुभक्त आचार्यप्रति हार्दिक श्रद्धाभाव व्यक्त गर्दछौं।

छोटो समयभित्र नेपाली साहित्यफाँटका श्रद्धेय व्यक्तित्वहरू भवानी घिमिरे, कृष्णचन्द्रसिंह प्रधान एवं शिशिरकुमार गुरुङ (सिलिगुडी, भारत) लाई हामीले भौतिक रूपमा गुमाएका छौं। यस घडीमा आदरणीय अमर स्रष्टाहरूप्रति हार्दिक श्रद्धाञ्जली !

चन्द्रकला नेवार

# विषय सूची


| क्र.सं. | लेखक | पृष्ठ |
|---|---|---|
| १. | अर्जुनकुमार अर्याल | ७ |
| २. | अशेष मल्ल | ८ |
| ३. | इल्या भट्टराई | १३ |
| ४. | कमला रिसाल 'ज्योति' | १९ |
| ५. | केशरी बज्राचार्य | २० |
| ६. | कृष्ण धरावासी | २५ |
| ७. | गीता अनुरागी | ३३ |
| ८. | गीता कार्की | ३८ |
| ९. | गीता मैनाली | ३९ |
| १०. | गिरिप्रसाद उपाध्याय | ४० |
| ११. | गोपाल पराजुली | ४६ |
| १२. | जयन्ता पोखरेल | ४९ |
| १३. | त्रिलोचन आचार्य | ५० |
| १४. | देवेन्द्र नेपाल | ५२ |
| १५. | दैवकीदेवी तिमसिना | ५६ |
| १६. | नरबहादुर दाहाल | ५७ |
| १७. | पद्मावती सिंह | ५८ |
| १८. | पिताम्बरा उपाध्याय 'पीयूष' | ६४ |
| १९. | मञ्जु काँचुली | ६८ |
| २०. | मञ्जुल | ७० |
| २१. | मणिराज सिंह | ७१ |
| २२. | मोहनबहादुर कायस्थ | ७३ |

२३. डा. मृदुला शर्मा ७६
२४. रामबहादुर पहाडी ७७
२५. लक्ष्मी उप्रेती ७८
२६. ललिता 'दोषी' ७९
२७. डा. शैलेन्द्रप्रकाश नेपाल ८३
२८. सुस्मिता नेपाल ८८
२९. हरिप्रसाद पाण्डेय ८९
३०. हिरण्यकुमारी पाठक ९७

# भो जाऊ आफ्नै घर

**अर्जुनकुमार अर्याल**

संविधान कतै नलेखि दिनमा, कोरिन्छ कि रातमा
छैन क्यारे मनमा बनाउँ नियमै, यी दुष्टका आतमा।
गर्दै झैंभगडा बिते दिन त्यसै आम्दैन बुद्धि किन
आमाको जिउ यो बनाइ टुकुरा, हो कि त बिलो लिन॥

चेतै छैन कतै दिमाग सनकी, गाई र जात्रा सरी
बाँ को हो र कतै छ यो मनपरी, बिर्तासरी झैं गरी।
पाइँदैन लहडी अचेल सुरमा, जे गर्न ती छूट रे
आऊ है अब ता उही सडकमा, जन्ता अझै उठ रे॥

जिम्मेवार बनौं सबै जन यहाँ, के देश बन्ला त्यसै
सत्ता मात चढी अझै सनकमा, काँ छोड्छु हामी यसै।
के बाँधा हुँ र बन्धकी छ सयको, पैवै सरी पो छ नि
चिन्ता खै त यहाँ गरीब जनको आफै हुने रे धनी॥

वी.पी. पुष्प गणेशमानहरूले, नेतृत्व लिया किन
होला कि त कतै यिनै र दलको, जे गर्न छुटै दिन।
गर्दैनन् यिनले भनौ र तपनी, गर्नेछ अर्को कुन
चाला यो मति यो खराब गति यो, थाल्छु म सम्झी रुन॥

भाषा धर्म विभेद केही नगरी, लेख्नु छ है कानुन
सम्बोधन् हुन माग जे छ सबका, खुसी भई मानुन्।
जन्ताका पिरमा भएर रमिते, काँ बस्न पाईन्छ र
यस्तै चाल गरे नबस्नु शहरै, भो जाउ आफ्नै घर।

# छाया र छायाहरू

अशेष मल्ल

[ मञ्चको मध्य भागमा एउटा पुरानो मेच छ, मेचमा व्यक्ति मौन बसिरहेको छ। अन्यत्र केही छैन। सम्पूर्ण मञ्च शून्य स्थितिमा छ। प्रकाशको वृत्त केवल मेचमा पर्छ। व्यक्ति मौन छ। क्रमशः प्रकाशको वृत्त मञ्चको बायाँ कुनातिर बढ्दै जान्छ। बायाँ कुनामा फैलिएको प्रकाशमा एउटा छाँया देखिन्छ। प्रकाशको वृत्तमा छाया बढ्दै मध्य भागको मेचसम्म पुग्छ। व्यक्ति उठ्छ र त्यो छाया छुन खोज्छ ]

व्यक्ति : किन ?
किन ?
किन ?
किन हर क्षण तिमी आउँछौ मलाई जिस्क्याउन ? म छुन खोज्छु। सक्तिन। स्पर्श छैन। केही छैन। भ्रम। केवल भ्रम।

[ छायानेर पुग्छ र छाया अगाँल्न खोज्छ। सक्तैन ]
तिमी भ्रम हौ ? वा सत्य ? तिमी के हौ ? कयौं दिन, महिना, वर्ष... सायद युग-युगदेखि यसरी भ्रममा बाँचिरहेछु। तिमी आउँछ्यौ, छुन खोज्छु, सक्तिन। के तिमी साँच्ची नै छाया मात्रै हौ ? के हौ ? किन बारम्बार-बारम्बार आइरन्छौ। म भ्रम हुँ वा तिमी भ्रम हौ ? वा समयको भ्रममा म बाँचिरहेछु।

[ छाया हुत्तिएर दायाँ कुनामा पुग्छ र हराउँछ। फेरि प्रकाशको वृत्त व्यक्तिमा केन्द्रित हुन्छ]
म कहाँ छु ? भर्खरै मलाई छोएर जाने को हो ? भर्खरै बोल्ने आकृति को हो ? यो मेचमा भर्खरै को थियो ? म ? के म नै थिएँ त्यो मेचमा बस्ने ? म बस्दाबस्दै छायाले मलाई स्पर्श गरेकै हो त ? अहँ ! होइन, त्यो म होइन। यदि त्यो म हो भने यहाँबाट हेरिरहने त्यो को थियो त ! म यहीं थिएँ, मैले मेचमा हेरिरहेको थिएँ, मेचमा कोही

थियो, अचानक ऊ त्यो कुनाबाट एउटा छाया लम्बिँदै आयो र मेचमा पुग्यो। मेचमा बस्नेले सोध्यो - मेचमा बस्ने बोल्यो। मेचमा बस्ने उठ्यो र छाया छुन खोज्यो। मैले यहीँबाट उसलाई हेरिरहे। ऊ धेरै दिनदेखि, धेरै... धेरै... धेरै... सायद युगौँदेखि त्यहीँ थियो। यदि त्यो म हुं भने यो चाहिँ को हो नि ! म यो हुं वा त्यो हुं ?

[ मेच खाली छ। व्यक्ति केही पर मेचलाई नियाल्छ ]
तिमी अझै यहीं छौ ? छैनौ ? छौ ? छैनौ ? खै त तिम्रो आकृति ? भर्खरै तिम्रो त्यही थियौ अहिले खै ? कहाँ गयौ ? खाली मेचको शून्य आकृति नै हौ तिमी ?

[आफ्नो शरीर नियाल्छ। छुन्छ र क्रमशः मेचनेर पुग्छ। मेचमा बस्छ ]
म को हुँ त ? अहिले त्यहाँ बोल्ने को हो त ? यो मेचमा भर्खरै को थियो ? त्यो अगिको मान्छे म नै हुं। हुं भने यो अहिलेको मचाहिँ को हुं नि ? यो पनि म नै हुं ? त्यो बोल्ने को हो नि ? खै त त्यो बोल्ने ? हेर्ने ? नियाल्ने ?

[ विस्तारै उठ्छ र अर्को छेउमा हेर्छ ]
तिमी त्यहीँ उभिएका थियौ। मलाई हेरिरहेका थियौ ? त्यो हेर्ने को हो ? त्यो तिमी हौ भने मैले कसरी देखेँ त्यहाँबाट यहाँ यो मेचमा बसेको मान्छेलाई ?

[ प्रकाशको वृत्त अलि पर पुग्छ। व्यक्ति त्यही वृत्तलाई पछ्याउँदै पुग्छ। उसको छाया लम्बिँदै अर्को कुनासम्म फैलिन्छ ]
यो को हो ? [ छायाँतिर हेर्दै ] कसरी आइपुग्यो मसँगै ? ऊ त्यो कुनाबाट लम्बिँदै, फैलिँदै मलाई छोएर बिलाएको थियो, अहिले फेरि, यहाँ मसँग, मेरै शरीर छुँदै आइपुग्यो ? तिमी तिमी हौ कि म ?

[ छाया स्पर्श गर्न खोज्छ छाया लम्बिँदै जान्छ ]
किन छुन सक्तिन मलाई ? किन म भाग्दैछ मबाट ! सायद म म होइन। नत्र छुन सक्थेँ मलाई ?

[ छायालाई हेर्छ। क्रमशः ऊ क्रुद्ध बन्दै जान्छ ]
एक दिन, म यसरी नै मौन हेरिरहेको थिएँ आफैलाई – एकाएक तँ

आइस् र मलाई भनिस् बोक् बन्दुक र हिँड् बस्तीमा ।

[ छायातिर सङ्केत गर्दै ] तँ नै होस् मलाई बन्दुक भिराउने । तेरै आदेशले मैले उठाएको थिएँ बन्दुक र पसेको थिए बस्ती । कसरी मेरा औँलाहरू ट्रिगर दबाउन मन्जुर भए ? कसरी छुटे पर्राहरू मेरा हातबाट । पोखिए रगत ।
ऊ रगत ! ...[ छुटपटिँदै ] रगत ! अझै टाटा छन् यत्रतत्र ।

[ छायालाई हेर्छ ]
मलाई बारम्बार-बारम्बार हिंसातिर उन्मुख गराउन तेरो प्रयास...
[ मौन, केही छटपटी, विस्तारै आफ्ना सारा शरीरलाई कोतर्छ ]

तेरै कारणले मैले धेरै अपराध गरेँ । पापका थुप्रोले पुरिएको छु म...।
[ प्रकाश मधुरो हुँदै जान्छ अर्को कुनामा प्रकाशको वृत्त पर्छ, व्यक्ति त्यही प्रकाशमा उभिन्छ । अब उसको छायाँ ठीक विपरीत ध्रुवमा देखा पर्छ ]

[ व्यक्ति भुइँमा छाम्दै केही खोज्छ । खोज्दाखोज्दै मुखुण्डो भेट्छ र त्यो मुखुण्डो लाउँछ ]
एक दिन म बसिरहेको थिएँ, चुपचाप आफ्नै विगत सम्झेर । म भोकले छटपटिँदै सहरका सडक-सडक भौँतारिएको थिएँ... ती सारा दृश्य एक-एक गरी आइपुगे मेरा आँखा अघिल्तिर ।

[ छायातिर सङ्केत गर्दै ]
त्यही क्षण तिमीले भन्यौ - अनुहार फेर ।

[ मुखुण्डो फुकाल्छ र मुखण्डो हेर्छ ]
अनुहार फेर... फेर... अनुहार... तिमी बारम्बार-बारम्बार मलाई अनुहार फेर्न प्रेरित गर्दै थियो । अनुहार फेर्ने तिम्रो आग्रह स्वीकार्दै खोज्न थालेँ अनुहार... सहरतिर, बस्तीतिर, महलतिर... । अनि एक दिन मैले भेटेँ यही मुखुण्डो । मुखुण्डोले मलाई भोक मेटाइदियो । म भौतिकी सुखको चरममा पुगेँ ।

[ छायालाई छाम्छ ]
जब मैले सबथोक पाएँ, तर तँ किन खुसी हुन सकिनस् ? किन छट्पटिस् ? किन कोतर्न थालिस् तैँले मलाई । सायद मेरो अनुहार

हराएकोले म हराइसकेको तँलाई मन परेन । मलाई पनि त मन परेको थिएन तर तैंले नै अनुहार फेर्न लगाएको थिइस् विगतमा र फेरि तँ नै सन्तुष्ट भइनस् । त्यस दिनदेखि म छटपिएको छु रातरात भर, दिन-दिनभर । रात-रात म निदाउन सकेको छैन ।

[ व्यक्ति मेचमा बस्छ । प्रकाशको वृत्त मेचमा मात्रै पर्छ छाया कतै छैन ]
खै ! कहाँ बिलाइस् तँ ?

[ आफूलाई छाम्छ ]
म नै हुँ त त्यो ? तँ, हैनस् त्यो ? म तँ होस् भने तँ को होस् ?

[ व्यक्ति उठ्छ र चारैतिर दौड्दै खोज्छ ]
कहाँ छु म ? खै कहाँ छु ?

[ क्रमश: मञ्चदेखि छायाहरू यत्रतत्र देखा पर्छन् ]

छाया १ : म यहाँ छु ।
[ व्यक्ति दगुर्दै छाया १ छुन खोज्छ छाया भाग्दै टाढा पुग्छ ]

छाया २ : म यहाँ छु ।
[ व्यक्ति त्यहीँ पुग्छ । छुन खोज्छ छाया भाग्दै टाढा पुग्छ । क्रमश: छायाहरू छुन खोज्दै ऊ मञ्चभरि दगुर्दै, छट्पटिन्छ । छाया सर्दै मञ्चभरि यत्रतत्र फैलिन्छ । व्यक्ति मध्य भागमा आउँछ र चिच्याउँछ]

व्यक्ति : ए आकाश ! तँ किन मलाई हेरिरहन्छस् । बोल्दैनस् । तँ साक्षी छस् युगदेखि मेरो अस्तित्व बुझ्ने । तँ साक्षी, जब केही बोल्दैनस् र केवल हेर्छस् मेरो पीडा - म कसको सहारा खोजूँ मभित्र केवल छाया, छाया र छायाहरू छन्- बारम्बार मलाई चिथोरिरहन्छन् तिनकै चिथोराइले म आहत छु । युगदेखि... के गरूँ ? ...के ?

[ एकाएक त्रसित भावले ] अहिले पनि मलाई चिथोर्दै छन् । [ चिच्याउँदै ] अब भयो, तिमीहरू मलाई चिथोर्न नआऊ । जाऊ टाढा जाऊ... मलाई एक्लै बाँच्न देऊ । म एक्लै बाँच्न चाहन्छु ।

[ छायाहरू मञ्चका चारै कुनाबाट व्यक्तिलाई घेर्दै आउँछन् । व्यक्ति भाग्न खोज्छ । छायाहरू अट्टाहाससहित व्यक्तिलाई खेदछन् । व्यक्ति भाग्दाभाग्दै थाकेर एक छेउ उभिन्छ र चिच्याउँछ ]

बाँच्न देऊ मलाई, म बाँच्न चाहन्छु ।

एकाएक अन्धकार । मञ्च केही क्षण पूरै अन्धकार हुन्छ । केवल कोलाहल सुनिन्छ । कोलाहल, रोदन, क्रन्दन । क्रमशः कोलाहल टाढा हुँदै हराउँदै जान्छ । बिस्तारै मधुरो प्रकाशको वृत्त मञ्चको मध्य भागमा पर्छ केवल मेच देखिन्छ । मेचमा केही, कोही छैन । शान्त मञ्च । कतै टाढा बतासको मधुरो ध्वनि ।

(समाप्त)

# म कहाँ जाऊँ ?

इल्या भट्टराइ

ओहो ! कति लामो दिन ! पहाडजस्तो दिन न बिताएर बित्छ, न कटाएर कट्छ ! बिहान हुन्छ, बेलुकी हुन्छ, रात पर्छ । मेरो लागि सधैँ एकनास ! न त बिहान आएको उत्साह हुन्छ जीवनमा, न त रात परेको आनन्द नै हुने गरेको छ । यही एउटा कोठा हो मेरो सेरोफेरो । यहाँबाट निस्केर घरमा अरूतिर जाने मलाई अनुमति छैन । डङडडी गु मुत गन्हाउने यो कोठामा बस्नुपर्ने उर्दी पालना गर्नुपर्छ मैले । हुन पनि जीउभरि गु मुत लप्ततिएको, लुगैभरि गु मुत कट्कटिएको मलाई कसले पो आफू नजिक आएको मन पराउँछ र !

आफ्नो कोठाबाट यसो निस्कियो भने कराइहाल्छन् । मलाई कोठा बाहिर देख्न हुँदैन सबै नाक खुम्च्याउँदै "आमा जानुहोस् कोठामा गएर आराम गर्नुहोस्" भनिहाल्छन् । होइन कति बेर म कोठामा बसूँ ? कति बेर म आराममात्रै गरूँ ? आखिर त्यही कोठामा बस्नु र त्यही पलङ्गमा आराम गर्नुबाहेक मेरो अरू कामै के छ र ?

कति सजिलै भनिदिन्छन् "जानुहोस् कोठामा गएर आराम गर्नुहोस् रे ।" के यिनीहरूलाई थाहा छैन मलाई एक्लै बस्न गाह्रो लाग्छ भन्ने कुरो ! मलाई पनि त यिनीहरूनिर बस्न मन लाग्छ भन्ने कुरो ? मानिस एक्लो बस्न सक्दैन । उसलाई समाज चाहिन्छ भन्ने कुरो यिनीहरू सबैले थाहा पाएका छैनन् र ?

कति बस्नु धुम्धुम्ती एक्लै कोठामा ? रातभरि निद्रा नपर्दा यसै पनि काँडाजस्तो बिझाउने त्यो ओछ्यानमा दिउँसभरि पनि कति पल्टिनु ! पल्टिए पनि जीउलाई सन्चो भए त हो नि ! छटपटिएर ओल्टेकोल्टे गरिरहँदा त्यो ओछ्यान पनि ढुङ्गै ढुङ्गाको बगरजस्तो पो लाग्छ मलाई । जीउ झन् दुखेर अररो हुन्छ ।

ओछ्यान सजिलै भए पनि कति सुत्नु ! बिहान उठ्यो, यसो उताउति गरूँ भन्यो, जसले देखे पनि सुत्नै जा भन्छन् । दिउँसो यस्सो खुट्टो तन्काऊँ

भन्यो फेरि सुत्नै जा भन्छन् । रात परेपछि त यसैउसै सुत्ने नै कुरो आउँछ। किन बुझ्दैनन् यिनीहरू मलाई पनि यिनीहरूसँगै बसेर गफ गर्न मन लाग्छ। यिनीहरूको कुरोसँगै दुईचारवटा आफ्नो पनि कुरो भन्न मन लाग्छ। यिनीहरूसँगै बसेर पुराना कुराहरू सम्झिन मन लाग्छ। यिनीहरूसँगै बसेर आजकालमा कुराहरू सुन्न मन लाग्छ। आफ्नो परिवारको आत्मीयताको न्यानोमा बसेर आफ्ना अस्ताउँदा दिनहरू कुर्न सजिलो हुन्छ भन्ने कुरो ! के गर्नु ! यस्तो पनि दिन आउला भनेर कसले सोच्न सकेको थियो र ! बुढाबुढी भएपछि अनि रोग लागेपछि आफ्नै सन्तानले नै दुर्दुर गर्दै यसरी आफूहरूबाट टाढा पन्छाउलान् भनेर कसले सोच्न सकेको थियो र ! अरू भन्या त त्यस्तै हो । तर मैले नौ महिना पेटमा राखेर पाएको, कति दुःखजिलो गरी हुर्काएको मेरो मुटुको टुक्राजस्तो यो गोकुल के भा'को होला ? बुहारीले जेजस्तो गरे पनि, नातिनातिनाले जेसुकै गरे पनि यो त मेरो आफ्नो छोरो पो हो त । मैले दस धारा दूध खुवाएर हुर्काएको मेरो आफ्नै रगत ! कति दुःख, सङ्घर्ष गरेर आज यस्तो बनाएको मेरो छोरो ! ऊ पनि मलाई उसको कोठामा देख्यो कि "ओहो गन्हायो आफ्नो कोठामा गै हाल्नुस्" भन्छ । आजकाल त ऊ मलाई झपार्न पनि थालेको छ ।

म गरूँ के ? रोगलाई मैले जानी-जानी निम्त्याएकी थिएँ र ? रोगी भएर बस्न कसलाई मन लाग्दो हो; त्यसमाथि झन् मजस्तो रोगी; मेरो आफ्नै जीउमा मेरो नियन्त्रण छैन । दिसापिसाब आफ्नो वशमा छैन । सक्ने भए म रोकेर राख्ने थिइनँ ? आफ्नै गु मुतको आहालमा पशुसरी बस्न मलाई मन लाग्दो हो र; गरूँ के त म ? रोग लाग्यो भन्दैमा के सबैले मलाई आफूबाट त्यस्तरी अलग्याउन मिल्छ ? म यही परिवारको अंश होइन र ? मलाई पनि तिमीहरूसँगै बसेर यो जीवन बाँच्न मन लाग्छ । तिमीहरूले यो कुरो किन नबुझेको ?

मान्छेको मनै त हो । आफू सद्धे हुँदा आफ्नो यै कोठा मलाई कति प्यारो थियो । आफ्नो कोठा मलाई सधैँ मेरो बाबाको न्यानो छातीजस्तै लाग्थ्यो । स्नेही र सुरक्षित ! आफ्नो यै ओछ्यान मेरो आमाको काखजस्तै थियो । कोमल र आनन्ददायी ! तर आज गएर के भो के, बाबाआमाले छोडेर गएजस्तै मलाई मेरो यो कोठाको सुरक्षा र न्यानो मायाले पनि छोडेजस्तो छ । आज यही ओछ्यान मलाई कति बिझाउँछ ! यही कोठा मेरो लागि कारागार भइदिएको छ ।

बाबु तेरो बा बित्दा म कति वर्षकी थिएँ, तैं भन त ? त्यस्तो

भर्भराउँदो जोवनमा मलाई कतिले लान्छु भनेका थिए । जान खोज्या भए पाउन्न थिएँ र ? खाली तेरो आगतलाई उजिल्याउन भनेर मैले आफ्नो जीवनलाई एक्लोपनको उराठलाग्दो बगर बनाएकी थिएँ । आफ्नो वर्तमान बाँझै राखेर तेरो भविष्यलाई फूलैफूलले ढकमक्क पारिदिन खोजें । के त्यो मेरो गल्ति थियो ? त्यसैको फल आज तिमीहरू मलाई झनै एक्ल्याएर दिँदैछौ ? होइन भने त मैले जन्माएको हुन सक्ने अरू मेरा सन्तानले मलाई नारकीय जीवन भोग्न बाध्य पार्दैनथे होलान् । तैंले सकिनस् तर उनीहरूले मेरो ठीक उपचार गरेर मलाई यस्तो गर्हित अवस्थामा राखिराख्दैनथे होलान् ।

तर बिचरो गोकुल उसले पनि के गरोस् । मलाई रोगै त्यस्तो लाग्यो । वर्ष दिनअगि राति सन्चै सुतेकी थिएँ, बिहान उठ्दा त आफ्नो हरै नचल्ने भएछ । पक्षाघात भएको रे मलाई । त्यतिखेर त यै गोकुलले अनि बुहारीले मेरो निकै सेवा गरे । यिनकै स्याहारले मेरो हर त चल्ने भो तर के गर्नु त्यै बेलादेखि दिसापिसाबमा आफ्नो नियन्त्रण नै रहेन । दिसा पिसाब कुन बेला आउँछ म थाहै पाउन्न । पाए पनि आफै सुलुल्ल आउँछ, म रोक्नै सक्दिनँ । अब सबैलाई आफ्नो मान्छे पो प्यारो हुन्छ । गु मुत त कसालाई प्यारो हुनु र ! विचराहरू जुन बेला पनि यो बूढो गु मुत सोहोर्न अनि गु मुतमा सरोबरी भएको मेरो लुगा धुन यिनीहरूलाई पनि झर्कै लाग्दो होला । त्यही भएर त म फोहोरको आहालामा डुबेर बसेको पनि यिनीहरूले वास्ता गर्न छाडिसके, अनि म गनाउँछु भनेरै यिनीहरू जुनबेला पनि आमा जानुहोस्, आफ्नै कोठामा गएर बस्नुहोस् भनिरहन्छन् ।

मलाई थाहा छ बुहारी, मेरो फोहार सोहोर्दा-सोहोर्दा तिमीलाई कति गाह्रो भा'छ भन्ने कुरा तर म के गरूँ, तिमी नै भन न । आज म अशक्त छु । आफूले पटक्कै नचाहेरै पनि तिमीहरूलाई गर्हित दुःख दिन विवश छु तर सम्झ त तिमीलाई बुहारी बनाएर यो घरमा ल्याएदेखि नै मैले तिमीलाई खुसी-खुसी आफूले सक्ने सुख दिँदै आएकी थिएँ होइन र ? तिम्रा सन्तानहरूलाई मैले तिमीले भन्दा बढी माया गरेर हुर्काएकी होइन ? भन त तिमीलाई मसित कहिल्यै कुनै गुनासो थियो ? तर अहिले आएर तिम्रा आँखामा मप्रति असन्तुष्टिको यो चरम भाव पलाएको छ ? तिम्रो आँखामा उब्जेको त्यो भावले आजकाल मलाई तिमीसँग कति डर लाग्न थालेको छ, म तिमीलाई के बताऊ ? तर, एउटा कुरा सोधूँ है ? आफ्ना छोराछोरीको फोहोर सफा गर्दा तिमी उनीहरूप्रति गुनासोको यही भाव राख्यौ त ?

बुहारी तिम्रा सबै कुरा मैले नबुझेको होइन । विसापिसाब च्याप्यो

भने हामीलाई बोलाउनुस् भन्छ्यौ । हो नि गु मुत सोहोर्न नपरे तिमीहरूलाई कति सन्चो हुने थियो । तर, म के गरूँ ? त्यो कुरो मेरो बशमै छैन । आफैले लाएको लुगामा फोहोर गरेर पशुतुल्य भएर बस्न म पनि खोज्दी हुँ त ?

त्यही भएर त मैले आजकाल लुगा फुकाल्ने गरेको । हुन त आजकाल तिमीहरूले मलाई सुर हराएकी भन्ठानेका छौ । त्यही बेसुर भएर मैले लुगा फुकालेकी भन्ठानेका छौ तर कुरो त्यस्तो होइन । लुगै नलाइदिएपछि लुगा फोहोरै हुँदैन । अनि, तिमीहरूलाई धुने झन्झट पनि कम पर्छ । हो कि होइन भन त ?

तर के गर्नु हाम्रो सामाजिक परिवेशै यस्तो छ । मैले लुगा नलाईकन बस्दा अरूले देखे भने फेरि तिमीहरूलाई अनेक थरी लान्छाना लाएर दुःख दिन्छन् । त्यही भएर त हो नि मैले केही नबुझेको, बेसुरो भएकोजस्तो देखाउनुपरेको ।

फेरि गु मुतले भिजेको डङ्डङ्ती गन्हाउने लुगा लाइराख्न मलाई पनि सार्है घिन लाग्छ । खोइ ! के पाप गरेकी थिएँ कुन्नि ! अहिले भोग्दै छु । आफू पनि दुःख पाउँदै छु । तिमीहरूलाई पनि दुःख दिँदै छु ।

म पनि त देख्दै छु नि, मेरै कारणले गर्दा आजकाल बाबुले आफ्ना साथीहरूलाई घरमा ल्याउनै छोडिसक्यो । तिम्रा छरछिमेकी, माइतीहरू आउँदैनन् । नातिनातिनाले त झन् के ल्याउन् ! मेरो यस्तो अवस्थाले तिमीहरूलाई सबैको सामु कति शरम लाग्दो हो ! म पनि कुरो बुझ्छु नि ।

त्यही भएर हेर न मलाई बरु घरै छाडेर कतै जाऊँ कि जस्तो लाग्छ । तर कस्तो काँतर मन हो यो तिमीहरूलाई छोडेर जाऊँ भन्यो पाइलै उठ्दैन । म कहाँ जाऊँ ? कसको सहारामा बसूँ, भन त ? फेरि मरूँ भने पनि काल नआई मर्नै पनि कहाँ सकिँदो रै'छ र ? अपहत्ते गरूँ भने पनि प्रेत भएर सार्है कष्ट भोग्नुपर्छ भन्छन् । कति कष्ट भोग्नु मैले ?

त्यो गु मुतको आहालमा डुबेर त्यही एउटा कोठामा अहोरात्र बिताउनुपर्दा मलाई कति अत्यास लाग्छ । तिमीहरूले कल्पना गर्न सकेका छौ ? सारा जीवन म एक्लै त्यो नर्कवासमा कसरी कटाउने भन त । त्यही भएर त हो नि म बेलाबेलामा फुत्त-फुत्त बाहिर निस्किने गरेको ।

मेरो मनले पनि यो खुला आकाश खोज्छ होइन र ? मन पखेटा फिजाउन खोज्छ, तिमीहरूचाहिँ कुँजिएर एउटै कुनामा बस भन्छौ । कति दिन सक्छ र यो मनले त्यसरी बस्न ?

एकपल्ट मेरो ठाउँमा तिमीहरू आफूलाई राखी हेर त ।

बाबु, हेर न मलाई एक्लै धुम्धुम्ती त्यही कोठमा एक्लै बस्दाबस्दा साह्रै गाह्रो भएरै म अरूको साथ पाउन बाहिर निस्किने गरेकी हुँ। अब घरमा त तिमीहरू मदेखि वाक्कव्याक्क भइसक्यौ मलाई थाहा छ। मसँग तिमीहरू बोल्न पनि मन गर्दैनौ भन्ने पनि थाहा छ। त्यसैले म बाहिर निस्किने गरेकी हुँ।

बाहिर केही नभएर पनि प्रकृति त छन्। रूख, पात, हावा त छ। चराचुरुङ्गी त छन्। अझ मलाई देखेपछि एउटा भुस्याहा कुकुर कताबाट हो कुन्नि आइपुग्छ। त्यसले मलाई कस्तो माया गरेर चाट्छ।

त्यसले मलाई देखेर हल्लाएको, मलाई चाटेको मलाई कस्तो मन पर्छ। बिचरो ! त्यही एउटा त छ जो मलाई देखेर खुसी हुन्छ। मलाई माया गर्छ। मलाई त अब त्यो यो गोकुलजस्तै मेरै कोखको छोरो हो कि जस्तो लाग्छ भन्या !

अनि तिमीहरू नै भन न मलाई बाहिर जान मन लाग्दैन त ? म त्यही नै त आफ्नो यो अत्यास लाग्दो एकान्तबाट मुक्ति पाउने गर्दछ। मलाई पनि कसैले माया गर्छ भन्ने भावले आनन्दित हुन्छ। अनि कसरी बाहिर नजाऊँ ? आफै भन ?

फेरि हेर न मलाई पनि आफूले लाएको लुगा ओभानै भइराखोस् भन्ने ठूलै रहर भएको छ। त्यही भएर एक त तिमीहरूलाई मेरो फोहोर लुगा सकेसम्म कम धुनु परोस् भनेर, अर्कोतिर फर्केर घरमा आएपछि आफूले पनि ओभानो लुगा लाउन पाऊँ भनेर म बाहिर नाङ्गै निस्कने गरेकी हुँ।

मेरो यी सबै कुरा तिमीहरूले के बुझ्नु हगी ? यसै त तिमीहरूले मलाई बाहिर पठाउँदैनौ। त्यही भएर मैले बेहोशी बेहोशीको अभिनय गर्नु परेको हो। असन्तुलित मनको अभिनय गर्नुपरेको हो।

अर्को कुरा भनूँ ! बाबु आजकाल तिम्रो आँखामा, तिम्रो भाकामा मप्रति झ्याउको, विवशताको, असन्तोषको, छटपटीको अनि कहिलेकाहीँ घृणाको पनि भाव देख्न थालेकी छु। ती भावहरू निर्मम राक्षससरी दाह्रा ङिच्याएर मलाई लखेट्न आउन थालेका छन्। कतै तिमीहरूले मलाई आफूबाट अलग्याएर कतै अन्तै छाडेर पो आउने हौ कि ! भन्ने डरले म त्रस्त हुँदै गएकी छु।

त्यस्तो भयो भने मेरो के गति होला ? जिउँदै गु र मुतको आहालमा डुबेको डुब्यै हुनुपर्‍यो भने मेरो अन्त्य कस्तो होला ?

यिनै कारणले मलाई आजकाल लुगा लाएर बस्नै डर लाग्न थालेको

हो अनि यिनै कारणले पनि मलाई घरभित्रै बसिरहन पनि डर लागेको हो ।

के गर्नु परिस्थितिले हामी सबैलाई यस्तो जालमा पारिदियो, यसबाट उम्किन सकिने उपाय न त तिमीहरूले देखेका हौला, न त मैले नै देखेकी छु । म मरेको दिन तिमीहरू सबै कति खुसी हौला ? सन्तुष्टिको कति लामो सास फेरौला भन्ने कल्पनाले उमार्ने गरेको लज्जबोधले मलाई आफ्नो नग्नताप्रति लाजै लाग्न छाडेको छ ।

खोइ कहिलेसम्म कालले हामी सबैको यसरी परीक्षा लिने हो ? कहिलेसम्म हामी सबैले मेरो काललाई व्यग्रतापूर्वक कुरेर बस्नु पर्ने हो । सक्छौ भने अस्पतालमा राखेर मेरो राम्रो उपचार गराऊ । मलाई सद्दे तुल्याऊ । होइन भने बरु सबै मिलेर मेरो मृत्युको कामना गर्दै प्रार्थना गर । मेरो अन्त्यका लागि पूजा लगाऊ । होम गर । मलाई पनि अब 'आमा जानुहोस्, कोठामा गएर आराम गर्नुहोस्' भन्ने शब्दहरूबाट मुक्ति चाहिएको छ ।

**महाराजगञ्ज, काठमाडौं**

•

# तिमी आयौ

कमला रिसाल 'ज्योति'

तिमी आयौ जून पनि मुस्कुराई शान्ति
निदाएकी मनचरी जुर्मुराई शान्ति ।

कोइलीले गाउन थाले रनवन डुल्दै
स्वागत गर्न न्यानो हावा सिर्सिराई शान्ति ।

हिमपरी हाँस्न थाले दन्त लहर खोली
चन्द्रसूर्य अङ्कित झण्डा फर्फराई शान्ति ।

लाली छर्दै गुराँस पनि फुल्छ वनैभरि
अचेतमै तिम्रो 'ज्योति' बर्बराई शान्ति ।

•

# आदिकवि भानुभक्तको प्रभाव देशभित्र र बाहिर

केशरी बज्राचार्य

वर्तमान नेपाली भाषा र साहित्यको विकासमा आदिकवि भानुभक्त आचार्यको सिर्जनाले देशभित्र र बाहिर जहाँ-जहाँ नेपाली भाषाभाषीहरू रहँदै आएका छन् सबैतिर सिर्जनात्मक प्रभाव परेको छ । भानुभक्तका कालजयी रामायण नेपाली भाषामा रूपान्तर मात्र थिएन । त्यसमा प्रयोग भएको भाषा, शैली र प्रस्तुति नेपालीहरूका लागि ग्राह्य र पाच्य पनि छ किनभने अढाइ सय वर्षअघि गोरखामा राजा पृथ्वीनारायण शाहले छरिएर रहेका साना-साना राज्यहरूलाई आफ्नो सुरवीरता र बुद्धिले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई भानुभक्तले भावनात्मक रूपमा सामाजिक एकीकरण गर्न बल पुऱ्याएका थिए । उनको रामायण प्रायः सबै शिक्षित नेपालीका घर-घरमा पढिन्थ्यो । अहिले जमाना बदलिइसकेको छ । नेपाली भाषाले निकै फड्को मारिसकेको छ । भारत बाहेक अन्य मुलुकहरूमा पुगेका नेपालीहरूले त्यहाँ आफ्नो नेपाली समाज बनाइसकेका छन् । उनीहरू आफ्नो नेपाली भाषामा सम्पर्क गर्छन् । आफ्ना मनका कुराहरू व्यक्त गर्छन् । आपसमा दुःखसुखका भावना साट्छन् । यद्यपि उनीहरूको मातृभाषा अगल-अलग भए पनि विदेशमा बस्ने नेपालीहरू अर्का नेपालीलाई भेट्दा यही नेपाली भाषा बोल्छन् । चाहे तिनीहरू नेवार समुदायका हुन् वा पचासभन्दा बढी जनजाति भाषाभाषी समुदाय विशेषका नै किन नहून् । तिनीहरू नेपाली भाषामा नै साहित्य सिर्जना गरिरहेका छन् र आफूलाई विदेशीका सामु नेपाली हुँ भन्ने आत्मगौरव बढाइरहेका छन् । यस कार्यमा दार्जिलिङ र आसाममा बस्ने नेपालीहरूले सुरुसुरुमा अमूल्य योगदान दिए ।

भर्खरै जन्म शताब्दी मनाइएका महाकवि लक्ष्मीप्रसाद देवकोटाले भानुभक्तको रामायण जत्तिकै लोकप्रिय मुनामदन खण्डकाव्य लेखेर देशभित्र र बाहिर बस्ने सबै नेपालीलाई मोहित पारेका छन् । महाकवि देवकोटालाई नेपालीले मात्र होइन विदेशी विद्वान्हरूले समेत विश्वकविको दर्जा दिइसकेका छन् । उनी यो शताब्दीका महान् कवि थिए तर उनलाई नेपाली जनताले

उच्च शिखरमा राखे पनि यहाँका तत्कालीन सरकारहरूले बेवास्ता गरेका थिए। जसको फलस्वरूप उनी चरम गरिबी, रोग र भोकको शिकार बनेर असमयमा नै यो संसारबाट बिदा भए। उनकै शब्दमा शून्यमा शून्यसरी विलाए तर उनका कृतिहरू नेपाल र नेपालीहरू संसारमा रहेसम्म अमर रहनेछन्। जीवनभर अभावरिमा बाँच्न विवश महाकवि देवकोटाको नाममा अहिले लाखौं रुपैयाँको पुरस्कार साहित्यकाहरुलाई बाँडिन्छ। त्यो पनि सरकारबाट होइनँ। जनस्तरबाट बाँडिन्छ। सायद अहिलेको नेपाली समाज त्यो बेला भइदिएको भए देवकोटा साँच्ची नै शताब्दीसम्म बाँच्ने थिए होलान्।

भानुभक्तले नेपाली भाषा र साहित्यलाई जुन उचाइमा पुऱ्याए महाकवि देवकोटाले त्यसलाई सगरमाथाको टुप्पोमै पुऱ्याएका छन्। त्यसैले अहिले नेपालबाहिर जहाँ नेपाली भाषाभाषी रहेका छन् सबैतिर यी दुई महारथीहरूको सम्मान उच्च तहमा गरिन्छ। प्रजातन्त्रको उदय हुनुअघि र लोकतन्त्र स्थापना हुनुअघि आसाम, दार्जिलिङ, कालिम्पोङ, देहरादुन, सिक्किम आदि भारतका नेपाली बाहुल्य क्षेत्रहरूमा यी दुई नेपाली भाषा र साहित्यका महारथीहरूको सम्मान मात्र होइन, दार्जिलिङ र आसामजस्तो नेपाली बाहुल्य भएको ठाउँमा भानुभक्त र महाकवि देवकोटाको शालिक स्थापना हुनुले नेपाली भाषा र साहित्यको विस्तारमा थप बल मिलेको छ। आसाम र दार्जिलिङमा आ-आफ्नो सिर्जनात्मक प्रतिभा देखाइसकेका जीवनको उत्तरार्धमा नेपाली मूलका केही साहित्यकारहरू पुर्ख्यौली थलो नेपाल फर्केर पनि अझै प्रतिभालाई तिखार्दै छन्। विभिन्न कारणले विदेशिनु परेका नेपालीहरूले नेपालबाहिर बसेर वा त्यहीं जन्मेर पनि आ-आफ्नो थातथलो कदापि बिर्सन सकेका रहेनछन् भन्ने कुरा नेपाल फर्केका त्यस्ता साहित्यकारहरूको क्रियाशीलताबाट स्पष्ट हुन्छ। कुनै बेला दार्जिलिङमा बसेर नेपाली भाषा साहित्यलाई उचाइमा पुऱ्याउने दिवंगत साहित्यकारहरू सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधानजस्ता सम्मानित साहित्यकारहरूका योगदानले नेपाली साहित्यमा विशेष महत्त्व राख्दछ। त्यस्तै 'यो जिन्दगी खै के जिन्दगी' कविता रचेर लोकप्रिय बनेका आसामका हरिभक्त कटुवाल, 'भविष्य निर्माण' साहित्यिक मनोविज्ञान कथाको माध्यमबाट नेपाली साहित्यमा बढी रुचाइएका दार्जिलिङका देवकुमारी थापा, आसाममा बसेर 'बसाइँ' उपन्यासबाट लोकप्रिय बनेका तेह्रथुम पुर्ख्यौली थातथलो भएका प्राध्यापक लीलबहादुर क्षेत्री, 'आज रमिता छ' उपन्यासका लोकप्रिय लेखक दार्जिलिङका इन्द्रबहादुर राई, दार्जिलिङ खरसाङका 'डाक बङ्गला' उपन्यासका लेखक शिवकुमार राईहरू विदेशमा बसेर पनि नेपाली

भाषा र साहित्यको सेवा गर्नेहरूमा बढी मन पराइएका चर्चित साहित्यकारहरू हुन् ।

सरल नेपाली भाषा र साहित्यको माध्यमबाट नेपाललाई सामाजिक एकीकरणमा बल पुऱ्याउने भानुभक्त र काव्यात्मक सरल अभिव्यक्ति दिएर **मुनामदन** खण्डकाव्यको रचना गर्ने महाकवि देवकोटा आफ्नो युगका महान् युगकवि हुन् भने वर्तमानमा आफ्नो बौद्धिकताले ओतप्रोत भएका रचनाबाट नेपाली साहित्यलाई उठाउने ८३ वर्षीय इन्द्रबहादुर राईजस्ता साहित्यकारहरूले नेपाली भाषालाई नेपालभित्र मात्र सीमित हुन दिएनन् । बरु त्यसलाई गरिमा र उचाइमा पुऱ्याएर सबै नेपालीको शिर उच्च पार्नमा योगदान दिएका छन् । यहाँनिर आएर एउटा छलफल गर्न सकिन्छ । त्यो के भने सङ्घीय गणतन्त्र नेपालमा संविधानसभाले बनाउन लागेको संविधानमा जातीय र भाषिक आधारमा राज्य पुनः संरचनाको विषयलाई बढी महत्त्व दिएको देखिन्छ । यस दृष्टिकोणले विचार गर्दा अबको नेपाल कतातिर जाँदैछ ? भन्ने अन्यौलता पनि थपिँदै आएको पाइन्छ । यसको मतलब भाषिक र जातीय उत्थानमा कुनै अवरोध तेर्स्याउने कुरा होइन । सबै जातजातिको भाषा, संस्कृति र साहित्यले र फस्टाउने मौका अवश्य पाउनुपर्छ । तर सङ्कीर्ण र साम्प्रदायिक आधारमा होइन भन्ने मलाई लाग्छ । अन्यथा हाम्रा पुर्खाले सिर्जना गरेका मेलमिलाप मूल्य र मान्यतालाई हामीले तिलाञ्जली दिएको जस्तो अनुभव हुन सक्छ भन्ने मेरो निजी विचार हो ।

हामी यहाँ देशभित्र र बाहिर बस्ने नेपाली भाषाका साहित्यकारहरूले आ-आफ्ना ठाउँबाट गरेका योगदानको मुल्याङ्कनको कुरा गर्दछौं । भोलिका नयाँ पुस्ताले यसको कसरी मूल्याङ्कन गर्दा हुन् भन्ने चिन्ता लाग्नु पनि अस्वाभाविक होइन । हामीले अर्थात् वर्तमान पुस्ताका हामी नेपालीले यस विषयमा कुन धरातलमा उभिएर भविष्यमा मूल्याङ्कन हुने अवस्था सिर्जना गरिरहेका छौं । त्यो कुरामा निर्भर रहन्छ जस्तो मलाई लाग्छ । यहाँ उल्लेख भएका देशभित्र र बाहिरका साहित्यकारहरूको योगदानलाई हामी अहिले निरपेक्ष भावले मूल्याङ्कन गर्न लागिपरेका छौं । भोलि त्यो मूल्याङ्कनको परिभाषा बेग्लै पनि हुन सक्ने अवस्था आउने देखिँदै छ । भोलिको समाजलाई कुन दिशातिर डोऱ्याउने भन्ने विषयमा आजका बौद्धिक क्षेत्रले सही दिशानिर्देश गरेन भने त्यसको दोषभागी आजको बौद्धिक क्षेत्र हुने देखिन्छ । सबै कुरा राजनीतिक क्षेत्र ठीक ढङ्गले चल्न नसकेकाले बिग्रेको भन्ने कुरा गरेर पन्छिन मिल्छ जस्तो लाग्दैन । साहित्यकारको सशक्त कलमले युगलाई सहिदिशातर्फ

उन्मुख हुने मार्गप्रसस्त गर्छन् भन्ने विश्वव्यापी मान्यतालाई हामीले पनि स्वीकार गरी सोही अनुरूप अग्रसर हुन जरुरी देखिन्छ । भाषा, संस्कृति र साहित्यले मुलुकको समग्रतालाई प्रतिनिधित्व गर्छ भन्ने कुरा आजको विश्व मान्यता पनि हो । त्यसलाई विचार गर्ने हो भने हामी कुन धरातलमा छौं भन्ने कुरा छर्लङ्ग हुन्छ । बिग्रेको राजनीतिलाई दोष दिएर आजका विद्वत् वर्ग सजिलै उम्कन पाउँछन् जस्तो मलाई लाग्दैन ।

प्रजातन्त्रको उषाकालका नेपालका कवि लेखक तथा साहित्यकारहरू समाजमा आमूल परिवर्तनलाई सङ्केत गर्ने उद्घोष गर्दथे भन्ने कुराको ज्वलन्त दृष्टान्त कविवर गोपालप्रसाद रिमाल, कविवर धरणीधर कोइराला र युगकवि सिद्धिचरणको जोसिला जागरणयुक्त योगदानलाई सम्झनुपर्ने हुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'प्रभु मलाई भेंडो बनाऊ' भन्ने कवितामा तत्कालीन शासक वर्गको अन्याय-अत्याचारलाई कटाक्ष र व्यङ्ग्य गरेका छन् ।

भानुभक्तले तुलसीदासकृत 'रामायण' लाई सरल नेपाली भाषामा भावानुवाद गरेर सबैका घरघरमा पुऱ्याएर तत्कालीन समाजलाई आध्यामिक चेतनाको सन्देश दिएका थिए । उनको 'बधुशिक्षा' ले परम्परागत नेपाली सामन्ती मनोवृत्तिमा हुर्किएको तत्कालीन समाजलाई बदल्ने प्रयास गरेको थियो । यसभन्दा पनि उनी सिद्धहस्त कवि थिए । उनको कवित्वशक्तिमा तत्कालीन नेपाली समाजलाई आफूतिर आकर्षित गर्न सक्ने खुवी थियो । उनको भाषा शैली र अभिव्यक्ति सरल भैकन पनि प्रभावकारी रहेकैले उनलाई नेपाली समाजले छिट्टै आत्मसात् गरेको हो । वास्तवमा देशभित्र र बाहिरका नेपाली घरआँगनमा उनको रामायणले जति प्रभाव पाऱ्यो भानुभक्त स्वयम्लाई चिनाउने कार्यमा युवाकवि मोतिराम भट्टको योगदान पनि त्यत्तिकै उल्लेखनीय छ । भानुभक्त नेपालबाहिर रहेका नेपाली भाषाभाषीहरूबीच उत्तिकै लोकप्रिय हुनुमा उनको भाषा र शैलीबाट मात्र होइन सबै नेपाली भाषीलाई एकआपसमा आवद्ध गर्न सक्ने क्षमता उनमा थियो । विदेशीहरूको अगाडि भानुभक्तलाई नेपाली कविताका सिद्धहस्त व्यक्ति हुन् भनी चिनाउनु नेपाली भाषा र साहित्यको क्षेत्रमा भएको प्रगतिलाई अरूको सामु शिर ठाडो पारेर देखाउनु हो । यही आधारमा विदेशमा बस्ने नेपालीहरूले गौरवका साथ नेपाली आदिकविलाई मार्गदर्शकका रूपमा उभ्याएका थिए भन्ने कुरा सहज अनुमान गर्न सकिन्छ । यहाँनिर अन्य कुनै जातिगत भाषाको कुरा गौण हुन्छ । नेपाल र नेपाली भाषाको महानतालाई अरूका अगाडि देखाउन पाउने आत्मगौरवको अनुभव हुन्छ तर देशभित्र चाहिँ आ-आफ्नो मातृभाषामा कलम चलाउने स्रष्टाहरूको सम्मान पनि नभएको होइन ।

वर्तमान नेपाली भाषा र साहित्यको गरिमालाई उचाइमा पुऱ्याउन विदेशी मूलका विद्वान्‌विदुषीहरूलाई समेत हालसम्म सेवा पुऱ्याएबापत उच्च सम्मान दिन थालिएको छ। देशबाहिर रहेका नेपाली मूलका साहित्य स्रष्टाहरूको पनि उच्च मूल्याङ्कन र सम्मान थालिएको छ। यो सिलसिलामा पाकिस्तानकी साहित्यकार तथा शिक्षासेवी प्रा.डा. ताहिरा निगत नैयरलाई यो वर्षको नइ देरुख तीन लाख रुपियाँको अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ। यसै गरी दुई लाख रुपियाँको नइ देरुनिख अन्तर्राष्ट्रिय पुरस्कार संखुवासभाको चैनपुर मूल पुख्यौली थातथलो भएबाट भारतका प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईलाई दिइएको छ। यस्तै भारतीय मूलका नेपाली साहित्यकार प्रा.डा. उषा ठाकुरलाई पचास हजार रुपियाँको नइखरा प्रदीप्त पुरस्कार दिइएको छ। यो निकै सह्राहनीय कार्य हो। सरकारले गर्न नसकेको काम निजी क्षेत्रबाट हुनु भनेको नेपाली भाषा साहित्य सिर्जनामा लाग्नेहरूका लागि उत्साहबर्धक कुरा हो। भविष्यमा देशभित्र र बाहिर जहाँ रहेर पनि भाषा साहित्यको सेवा गर्ने स्रष्टाहरूको कदर हुने कुरामा फराकिलो आशा पलाएको छ।

•

निबन्ध

# लीला र सत्य

## कृष्ण धरावासी

**सत्य**

निर्विकल्प सत्यको विश्वासमा समाज चलिरहेको हुन्छ, तर उसको त्यो विश्वास नै पनि विभिन्न परिस्थितिमा खण्डित भइरहन्छ । पराकल्पना गरेर कुनै महाशक्तिमा सत्यबोध गर्दै आएको छ परम्परा । अझ आध्यात्मिकहरूले त अन्तरिक्षमा यस्ता-यस्ता संसारहरूको कल्पना गरेका छन् कि सुन्दाखेरी मन नै आनन्दित हुन्छ । उनीहरूले स्वर्ग, बैकुण्ठ, गोलोक, ब्रह्मलोक आदि अनेक लोकहरूको कल्पना गर्छन् । पूर्वीय मात्र होइन पश्चिमीहरू पनि आफ्ना बाइबल, कुरान आदिबाट देवलोकको स्वर्गको कल्पना गर्छन् । परम जागृत शक्तिको उपासना हरेक संस्कृतिले विकास गरी ल्याएको छ । भौतिकवादी बोधलाई कति पराविश्वासहरूले बेलाबेला हल्लाइरहेको देखिन्छ । सत्यलाई आध्यात्मिक विश्वाससँग जोडेर हेर्ने सबैको धारणा छ । आध्यात्मिकताको आधारबाट सत्य खोज्नाले मानिस झन् धेरै भ्रमहरूमा पर्न पुगेको हो । सत्यको निर्विकल्प रूप वा कुटस्थ ब्रह्मसत्यको बोधले अलमलिएको चेतना सधैं विभ्रमित छ । सत्यको कुटस्थताका अनेक प्रमाणहरू दिन खोज्दै पूर्ववादीहरूले ठूलै उमेर र बुद्धि खर्च गरेका छन् । वस्तुको रूढ विशेषतालाई प्रमाणित गर्न सापेक्षित अर्को विशेषताको उदाहरण उभ्याइने गरिन्छ । सापेक्षता आफैमा विभक्त छ, त्यसले अर्कोलाई निर्विकल्प प्रमाणित कसरी गर्नु । विज्ञानले सावित गरिरहन्छ, सधैं, नयाँ-नयाँ कुराहरू, तर नयाँहरू पनि केही कालपछि आंशिक सत्य वा असत्य सावित हुँदै जान्छन् विज्ञानकै शोधशालाबाट । गतिशीलता र अग्रता प्रकृतिको चरित्र हो । असम्भवको अनुपस्थिति र सम्भावनाहरूको सञ्जाल हो प्रकृति । त्यसैभित्रबाट वस्तुले कहिले सङ्गठित त कहिले विगठित भई रूपको खेला गर्दछ । जे पनि हुन सक्ने अनन्त सम्भावनाभित्र सत्यको रूढता कसरी सम्भव छ ।

महासत्यको कल्पना आफैंमा ठूलो समस्या छ । बरु सत्यका विभिन्न चरण र स्थितिहरू छन् । तिनीहरूको त्यो क्षणिक उपस्थिति नै सांसारिक शक्तिको स्रोत हो । जस्तै :

**१. स्थान सत्य :**

सत्यको बोध वा अनुभूति गर्ने भनेको व्यक्तिको उपस्थितियता हो। कुन अवस्थामा ऊ कहाँ उपस्थित छ, त्यसै अनुसार तत्क्षणिकता सत्यबोध हुन्छ। मन्दिरमा पुगेको बेला भक्तिभावनाको भावुकताले उसलाई प्रभावित गरिरहेको हुन्छ भने जुलुसमा आक्रमणीय भावनाले उत्तेजित गराइरहेको हुन्छ। हिमालमा चढिरहेको बेला चिसो उसलाई सत्य छ, मधेशमा घुमिरहेको बेला गर्मी सत्य छ। तात्कालिक कारणहरू व्यक्तिको मनस्थितिलाई विचलित गर्ने तत्त्वहरू हुन्। मलामीमा हामी भावुक भइकरहेका हुन्छौं, रुन्छौं पनि तर तत्कालै अर्को क्षण भालुनाच देख्न पुग्यौं भने हाँस्न थालिसकेका हुन्छौं। ठाउँ अनुसार र विषयअनुसारको हाम्रो विश्वासले सत्यतालाई स्वीकार गरिरहेको हुन्छ। सत्य भन्ने निर्विकल्प हुँदो हो त यस्ता कारणहरू हाम्रो मनलाई प्रभावित गर्न अक्षम हुनुपर्ने होइन र ?

**२. व्यक्ति सत्य :**

एउटै घटना वा दृश्यमाथि प्रत्येक व्यक्तिको आफ्नो व्याख्या र विश्वास हुन्छ। यसको बुझाइ र बोधले त्यसलाई अर्थ्याइएको भरि मात्र ऊ बुझ्दछ। व्यक्तिको बाल्यकालदेखिका धारणाहरू वस्तुलाई हेर्ने मौलिक दृष्टिकोण बनाउने कारणहरू हुन्। उसको पारिवारिक, सामाजिक, धार्मिक, भौगोलिक, राजनीतिक, लैङ्गिक अनेक कारणहरूले वस्तुको अर्थलाई बुझाइको निजत्व प्रदान गर्छ। एउटा वस्तुलाई सबैले एउटै भावले बुझ्न नसक्ने हुँदा सधैं विवाद र बहस व्याप्त भइरहन्छ समाजमा। वैयक्तिक आस्था र विश्वासअनुसार उसको बुझाइ उसका लागि अन्तिमझैं बोध हुन्छ तर त्यही कुरा अर्कोलाई सामान्य लाग्छ। जस्तै -

**क) पारिवारिक/मनोवैज्ञानिक कारण :**

उसको परिवारको स्थिति कस्तो छ। ऊ कस्तो संस्कार र परिवेशबाट आएको छ, परिवारका सदस्यहरूको मानसिकता, सङ्ख्या, सोच, लिङ्गीय अवस्था कस्तो छ, घरभित्र उसको स्थान के छ, पारिवारिक जिम्मेदारीहरू कस्ता छन्, यी कुराले प्रत्येक व्यक्तिलाई सञ्चालित गरिरहेको हुन्छ। पारिवारिक पृष्ठभूमिअनुसार उसको मानसिकता र चिन्तनशैली निर्माण भएको हुन्छ। पूर्वधारणाहरूको स्थापना पनि त्यहीँबाट प्रारम्भ भएको हुन्छ। परिवारभित्रको वातावरणले कि त ऊ पारिवारिक परम्पराको निरन्तरताको संवाहक बन्दछ, कि त: विद्रोही बनेर नयाँ धारतिर लाग्दछ। दुवै अवस्थाको उत्पत्तिस्थल

परिवार नै हो । घरभित्र अग्रजहरूबाट हुने व्यवहार र दीक्षा व्यक्तिको व्यक्तित्व निर्माणको प्रथम कारकतत्त्व हो । समाजमा पुग्नुअघि प्रत्येक व्यक्ति पारिवारिक सञ्जालभित्र मानसिक रूपले कैद बनिरहेको हुन्छ । परिवारले स्थापना गरेका मान्यताहरूलाई भत्काउन उसलाई धेरै कठिन हुन्छ । सामाजिक विद्रोहको संवाहक बनेको व्यक्ति आफ्नो घरभित्र आश्चर्यजनक ढङ्गले रूढ, परम्परावादी र अन्धविश्वासी भइरहेको हुन्छ ।

वस्तुलाई हेर्ने वा चिन्ने एउटा आँखो उसले पारिवारिक वातावरणबाट पाउँछ । त्यो बालमनोवैज्ञानिक धारणालाई परित्याग गर्न उसको वयस्क र सचेत उमेरले पनि अस्वीकार गर्छ । बालधारणामा स्थापित कयौँ विश्वासहरू बुद्धिले पनि बहिस्कार गर्न सक्दैनन् । पारिवारिक दीक्षाको त्यो महान् योगदानलाई नबुझी आजको जवान व्यक्तिको चरित्र बुझ्नु सजिलो छैन । विश्वका महान् चिन्तक/दार्शनिक वा अपराधीहरूका पछि पारिवारिक कारणहरू सबैभन्दा सघन रहेका भेटिन्छन् । चक्रवर्ती सम्राट् बन्ने अभियानमा संसार जित्न निस्केका 'सिकन्दर महान्' विरालोसँग अत्यन्तै डराउँथे । बिरालो उनको ठूलो कमजोरी थियो । उनको बिरालोसँग डराउनुको कारणको खोजी गर्दा पछि पत्ता लाग्यो । नवशिशुकालमा एउटा बिरालो उनको छातीमा उफ्रिएको रहेछ र त्यो बालक अत्यन्तै डराएर रोएको रहेछ ।

प्रत्येक परिवारका आ-आफ्नै नीति मान्यता र विश्वासहरू हुन्छन् । यस्तो हुनुका पछि परिवारको संरचना महत्त्वपूर्ण छ । कुनै पनि परिवार, परिवार बन्नुअघि व्यक्ति मात्र छ कि युवक मात्र छ कि युवती मात्र । उमेर मिल्दा दुई युवा जोडीले आपसी समझदारीका साथ विवाह गरेपछि त्यहाँ एउटा नवपरिवारको स्थापना हुन्छ । ती दुईबाट जन्मने सन्तानसँगै परिवारले पूर्णता पाउन थाल्छ । एउटा संस्कार र परिवेशबाट हुर्केको युवक र अर्को संस्कार वा परिवेशबाट हुर्केकी युवतीका बीचको सम्झौताले तेस्रो संस्कार वा परिवेशको निर्माण गर्न पुग्छ, जुन उनीहरूका पूर्व परिवारको मान्यताभन्दा निश्चय पनि केही कुरामा फरक भइसकेको हुन्छ । अब अन्तर्जातीय विवाह भएको रहेछ भने त त्यहाँ टड्कारै नयाँ स्वरूप उदाइसकेको हुन्छ । त्यसैले प्रत्येक पुस्तामा पारिवारिक संस्कारको झिनो अन्तर पर्दै जाँदा केही पुस्तापछि पूरै दूरी देखा परिसक्छ । हरेक व्यक्तिले कुल परम्पराको मान्यतासँगसँगै आमापट्टिका संभ्यताहरू पनि ग्रहण गर्नुपर्ने हुँदा दाजुभाइकै छोराछोरीमा समेत व्यावहारिक र स्वभावमा अन्तर आएको हुन्छ ।

पारिवारिक कारणबाट उत्पन्न हुने स्वभाव परिवारभित्रै पनि एउटै

आमाबाबुका सन्तानमा समेत वैयक्तिक रूपमा अन्तर परेको हुन्छ । प्रत्येक जन्मान्तरसँग बाबुआमाको शारीरिक तथा मानसिक अवस्थामा आएका परिवर्तनहरूसमेत बालकको दिमागका कारक बन्दछन् । बाबुआमाले छोराछोरी-माथि गर्ने व्यक्तिगत व्यवहार पनि उसको व्यक्तिको संरचक बन्दछ । व्यक्तिको मानसिक संघटनको अवस्थाको अध्ययनबिना कुनै कुरालाई हामी सहजै परिभाषित गर्न सक्दैनौं ।

**ख) आर्थिक कारण :**

मानिसको जीवनशैलीको निर्माण उसको आर्थिक अवस्थाबाट निर्देशत हुन्छ । आर्थिक रूपमा ऊ कतिको सबल छ, त्यसका आधारमा उसले वस्तु र विषयको मूल्यबोध गर्दछ । एउटै व्यक्तिको जीवनमा समेत आर्थिक अन्तराल-सँगै व्यवहार र चिन्तनशैलीमा परिवर्तनहरूसमेत परिरहेका हुन्छन् । इच्छा लागेको बेला खान, लगाउन, पुग्न, देख्न र गर्न पाउनु र नपाउनुले व्यक्तिको मनको निर्माण गरेको हुन्छ । कुण्ठाहरूको सिर्जना पनि यस्तै कारणहरूबाट हुन्छ । प्राप्ति र अप्राप्तिको तनावले वनेको मानसिकताभित्र संरचित दृष्टिकोण उसको व्यक्तित्वको आधार बन्छ । शिक्षा, स्वास्थ्य, निवास, भोजन, संयोग, सामाजिक प्रतिष्ठा आदि सबैं कुरालाई आकार दिने मुख्य कुरा आर्थिक अवस्था रहेकाले व्यक्तिलाई उसका चरित्रमा चिन्नुअघि पारिवारिक, आर्थिक अवस्था के छ ? त्यसको सूचना प्राप्त गर्नु उचित हुन्छ । व्यक्ति जो देखिन्छ त्यो होइन ऊ, देखिनुका पछि लुकेका अनेक कारणहरूको प्रतिच्छाया मात्र हो, यो प्रतिमूर्ति ।

एउटै टोलका दुई छिमेकीबीच पनि आर्थिक भिन्नताका कारण देखा पर्ने जीवनस्तर बालकको मनस्थितिको संरचक हुन्छ । दुई छिमेकी बालकले एउटै वस्तुलाई आ-आफ्नो पारिवारिक आर्थिक क्षमताअनुसार मूल्याङ्कन गरिरहेका हुन्छन् ।

**ग. धार्मिक कारण :**

व्यक्तिको जीवनमा धर्मको साह्रै ठूलो प्रभाव रहेको हुन्छ । व्यक्ति जतिसुकै आधुनिक र भौतिकवादी सोचले युक्त हुँ भनिरहोस् तैपनि उसको अज्ञानतामा घुलेर रहेको परम्परागत सामाजिक तथा पारिवारिक प्रभाव भने कायम नै रहेको हुन्छ । सहज अवस्थामा ती कुराहरू उसमा नदेखिए पनि चरम प्रतिकूल अवस्थामा ऊ धर्म र अध्यात्मको शरण लिन पुगिरहेको हुन्छ । कतिपय भौतिकवादी अहम् बोकेका विद्वान्हरू लुकीलुकी मन्त्र जप गर्ने,

पूजापाठ र दान गर्ने गरिरहेका हुन्छन् । तर्कहरूका नयाँ संवादहरू जन्माएर आफूले अपनाएको नयाँ बाटोलाई सावित गर्ने प्रयत्न गरिरहेका हुन्छन् । संसारभरि नै विभिन्न धर्महरू प्रचलित छन् । ती धर्महरू मानिसलाई, आदर्श, नैतिकता र मानवता पढाउन व्यस्त छन् । तिनले पढाएको पाठले संसारलाई शासन गर्न नसके पनि व्यक्तिको अन्तरमनमा कतै न कतै आसन जमाइरहेकै हुन्छ । धार्मिकता हरेक व्यक्तित्वको संरचक छ । एउटा हिन्दू क्रान्तिकारी, अर्को मुसलमान क्रान्तिकारीसँग आन्तरिक रूपले फरक मत बोकिरहन्छ । संस्कृति नै फरक भएका कारण व्यक्तिव्यक्तिले वस्तु चिन्ने दृष्टिकोण आफ्नै पाइरहेको हुन्छ । एउटा हिन्दू संस्कृतिको व्यक्तिलाई 'गाईको मासु' शब्द नै कस्तो-कस्तो अफठ्यारो लाग्दा मुसलमान वा इसाई व्यक्ति जिब्रो पड्काउँदै स्वाद लिइरहेको हुन्छ । कति हिन्दू क्रान्तिकारीहरू धार्मिक नदेखिनका लागि निरामिष नै बनिदिएका हुन्छन् ।

अर्थात्, धर्म एउटा संस्कृतिको विस्तृत रूप हो । एउटा धर्मभित्र अनेक जातजाति, भाषाभाषी र संस्कृति समावेश भएको हुन्छ । धार्मिक आस्था वा प्रभावका कारण व्यक्तिको वस्तुलाई हेर्ने दृष्टि फरक रहेको हुन्छ । आ-आफ्ना परम्परा मान्यताहरूले वस्तुको अर्थलाई रुढ बनाउन खोजिरहेको हुन्छ । एउटै धर्मभित्र पनि कुलपरम्पराअनुसार झन् सानासाना फरक मान्यताहरू विकसित भएका हुन्छन् । आ-आफ्ना इष्ट तथा कुलदेवताहरूका आधारमा पनि समाज भित्रभित्रै विभाजित भइरहेको हुन्छ । जन्म, मृत्यु संस्कारहरूदेखि नै समाजभित्र देखा पर्ने अन्तर व्यक्तिको वैयक्तिक दृष्टिकोणलाई निर्माण गर्ने तत्त्व बन्दछ ।

## घ. सामाजिक कारण

समाजको संरचना कसरी बनेको छ । एकै जात धर्म र भाषाभाषीको बाहुल्य छ कि विभिन्न जात, धर्म र भाषाभाषीहरूको मिश्रण छ, पुरुषको सङ्ख्या बढी छ कि महिलाको सङ्ख्या बढी छ, सम्पन्नहरूको उपस्थिति ज्यादा छ कि विपन्नहरूको, शिक्षाको स्तर के छ, बालकहरूको सङ्ख्या कस्तो छ, यी अनेक कुराले त्यो समाजमा बस्ने व्यक्तिलाई प्रभाव पारिरहेको हुन्छ । सामाजिक बन्न र मिल्नका लागि त्यहाँभित्र चलेका सामूहिक विश्वास, मान्यता र स्थितिहरूलाई स्वीकार गर्दै जाँदाजाँदै व्यक्ति एक किसिमले निर्मित नै भइसक्छ, उसको मानसिकता र धारणा नै त्यसै अनुसार परिवर्तित भइसक्छ । अनि उसले हेर्ने दृष्टि र वस्तुबोधको चेतना नै बिस्तारै फरक पर्दै जान्छ । याखा गाउँका क्षेत्रीबाहुनहरू र क्षेत्रीबाहुन गाउँका याखाहरूकै संस्कार संस्कृति

बोलिने भाषामा नै पनि अन्तर रहेको हुन्छ। स्त्रीलाई प्रकृतिले कयौँ शारीरिक असुविधासहितको शरीरले संसार चिन्नुपर्दा पुरुषलाई त्यसको समस्या नै छैन। अझ नपुङ्सकहरूले बुझ्ने जीवन र वस्तु नै अलग छ। झन् विकसित हुँदै आएको 'समलिङ्गी' संस्कृतिले त पुरुष र स्त्रीको मूल्यलाई नै भताभुङ्ग बनाइर हेको छ। कुनै वस्तु वा घटनाबारे उत्पन्न सूचनाको संवाहक व्यक्ति आफै कुन परिवेश र वातावरणको छ त्यसअनुसार त्यो सूचनाको विश्वसनीयता निर्भर गर्छ।

### ज. वैज्ञानिक कारण

दिनप्रतिदिन विज्ञानले आविष्कार गरिरहेका नयाँ-नयाँ कुराहरूले व्यक्तिका कयौँ पूर्वमान्यता र विश्वासहरू भत्किँदै जान्छन्। वैज्ञानिक प्रविधिले एउटै सूचना सम्प्रेषण गरिरहेको हुन्छ तैपनि त्यसलाई ग्रहण गर्नेले आफ्नो स्वतन्त्र मत प्रकट गरिरहेको हुन्छ। विज्ञानसम्मत कुरालाई समेत मानिस वैयक्तिकता थपिरहन्छ। यद्यपि मानिसको बोध प्रवृत्तिमा विज्ञानको सबैभन्दा ठूलो भौतिक उपस्थिति रहन्छ। पराविश्वास र मान्यताहरूलाई भत्काउन विज्ञान नै बढी सफल छ। यद्यपि मनोगत अर्थ प्रक्षेपणमा व्यक्ति आफैभित्र अन्यौलले ग्रस्त भइरहेको हुन्छ। सत्यको नजिक पुग्न चाहने उसको इच्छा आफ्नै कारणले आफैभित्र बटारिइरहेको हुन्छ।

सत्य बुझ्नुअघि व्यक्तिको अन्तरनिर्माणका अनेकौँ कारक तत्वहरू बुझ्नुपर्ने हुन्छ। वैयक्तिक सत्यहरूको निर्माण कसरी हुन्छ भन्ने बुझ्न त्यस व्यक्तिलाई प्रभावित गर्ने उसको मनोगत स्थिति नै मुख्य रहन्छ।

### टुक्रे सत्य

सत्यहरू टुक्राटुक्रामा विभाजित हुन्छन्। आज एउटा कारण र विषयले जीवनलाई प्रभाव पारे बराबरको सत्यता अनुभूत भइरहन्छ तर अर्को कुनै समयमा त्यही कुरा फेरि असत्य र सामान्य भएर देखा पर्छ। भोगको स्थितिमा कुनै क्षण सत्य लाग्नु र कुनै क्षण केही पनि नलाग्नुको स्थिति सधैँ भइ नै रहेको हुन्छ।

### भ्रम

जीवनमा अनेकौँ भ्रमहरू छन्। एउटै कुरा एकपल्ट एक किसिमको अर्कोपल्ट अर्को किसिमको देखिँदा वास्तविकता के हो भन्ने कहिल्यै छुट्टिन सक्दैन। आफूलाई आज सत्य लागेको भरे नै असत्य लाग्न पुग्छ। अर्थको यस्तो चलायमान अवस्था भ्रम हो। लीलालेखनले भ्रमलाई चिनाउने काम

गर्दछ । भ्रम के हो भन्ने बुझाउने प्रयत्न यसको हुन्छ । प्रत्येक व्यक्तिका वैयक्तिक विश्वास र मान्यताहरू हुने भएकाले वस्तुलाई गरिने परिभाषाहरू पनि त्यसरी नै फरक पर्दै जान्छन् । एउटाले भनेको र अर्काले भनेको बीचमा 'अबुझ' को स्थिति उपस्थित हुन्छ । बीचमा उपस्थित हुने 'अबुझ' नै भ्रम हो । भ्रम भनेको आफैभित्र उत्पन्न भएको स्थिति हुनाले यसबाट कोही पनि मुक्त हुन सक्दैन । सबैको जीवन भ्रमपूर्ण छ, सत्यबोधको वैयक्तिकताभित्र मान्छे अर्काको दृष्टिमा आफू भ्रमित बाँचिरहेको हुन्छ । स्थिर सत्यको वैयक्तिक विश्वास बाहेक मानिस केही देख्दैन तर उसैले देखेको र भोगेको भनेको पनि कालान्तरमा असत्य सावित हुँदै जान्छ । आफैभित्रको मान्यता, विश्वास धारणाहरूले वस्तु र विषयलाई बुझ्नुपर्ने हुँदा, आफ्नो बुझाइभरिको सत्य आफ्नो लागिरहन्छ । आफूलाई लागेको सत्यको तात्कालिकता समय, स्थान र गति (दूरी) बाट पृथक् हुनासाथ बोध हुन थाल्छ । छिन-छिनमा परिवर्तन भइर हने मान्यता र विश्वासहरू नै भ्रम हुन् ।

भ्रमबोधको प्रमुख तत्त्व नै आत्मपरकता हो । आत्मपरकताबाट उत्पन्न वैयक्तिक चेतले नै भ्रमको सिर्जना गर्दछ । आफूले, आफ्नो विश्वासले बुझेको र उसले, उसको विश्वासले बुझेकामा जुन द्वन्द्व प्रारम्भ हुन्छ, भ्रमको उत्पत्ति त्यहीँनेर छ । भ्रमबाट हामी मुक्त छैनौँ, हुदैनौँ, किनभने भ्रम भनेको बाहिरबाट आएको रोग वा समस्या होइन, त्यो आफैभित्र, आफ्नै ज्ञानको सीमाभित्र उत्पन्न भएको आत्मपरक चेतना हो, त्यसलाई "म बुझ्छु वा जान्दछु" भन्ने जुन अनुभूति छ, त्यही नै अर्काको लागि भ्रम देखा पर्दछ । आफूले बुझेको आफूलाई लाग्नु नै भ्रम हो । बाहिरबाट ल्याइएको वा आएका नभई आफैभित्र उत्पन्न वैयक्तिक आत्मविश्वास केही कालसम्म आफ्नो आस्था बनिरहेको हुन्छ, त्यसलाई अर्कोले नपत्याइरहेको स्थिति हुन्छ । एउटा लेखकलाई लेखन उसको महाविश्वास हुँदा एउटा व्यापारीलाई लेखन बेकारको पागलपन लागिरहेको हुन्छ ।

•

# आमा

## गीता अनुरागी

कोठामा पुग्ने बित्तिकै झट्ट आँखा भित्तामा ठोकिएर अडिइरहन्छ । किन ? आँखाबाट अनायासै पानी सरर झरेर कोठाको कार्पेटमा बिलाउँछ । म ढोका ढ्याकढ्याकको आवाजले सम्हालिन्छु र ढोका खोल्छु । नतासा ढोकाको सङ्घारमा उभिएकी रहिछन् । मैले भित्र आउन भनेँ, उनी दायाँपट्टिको मेचमा बसिन्, म खाटमै बसेँ ।

'बधाई दिपु, तिमीजस्तो साथी पाएर हामीलाई खुसी लागेको छ । तिम्रो सफलताका पाइलाले अझै शिखर चुमिरहून्, म कामना गर्छु ।' अनुहार उज्यालो बनाउँदै हातमा फूलको बुकी थमाउँछिन् ।

मैले 'धन्यवाद' भनेँ र चिया पिउन आग्रह गरेँ तर उनले आफू हतारमा भएको बताइन् र मुहारमा फेरि त्यही मधुमास तप्काउँदै ओझेल भइन् । मैले उनलाई हेरिरहेँ । उनी अरू पनि केही भन्न चाहन्थिन् भन्ने कुरा मलाई धेरै अगाडिदेखि नै थाहा थियो ।

उनी गएपछि मलाई बधाई, सफलता र शुभकामनाको फोन आइरहेकै थिए । म ती फोनहरूमा खुसी अभिव्यक्त गरिरहेकी थिएँ तर मन एकदमै उदासिएको थियो । मोबाइल हेरिरहेँ, कता दिमाग दुखेजस्तो हुन थाल्यो, अनायासै मोबाइलको स्वीच अफ गरेँ । भित्ताको ऐनामा आफूलाई हेरेँ, शिरदेखि पाउसम्म पूरै सिन्दुरै सिन्दुरले छोपिएकी थिएँ । छातीमा मालाहरू झुण्डिरहेकै छन्, अनि आँखा भरिएर झरेका ती पीडादायी पानीले गालाको सिन्दुरलाई मेट्दै आफ्नो सानो बाटो बनाएको म निहालिरहन्छु । आँसुले छोडेका दाग खै किन हेरिरहन मन लाग्छ । फेरि आँखा भरिएर त्यही बाटो बनेर त्यही कार्पेटमा आफूलाई समाहित गर्छ ।

म सानो थिएँ । आमाले भोटो र सानो कट्टु लगाइदिनुहुन्थ्यो । म आमाको फरिया समाएर हिँड्थेँ । आमा घाँस काट्नुहुन्थ्यो, म डिलमा बसेर आमाले काटेको घाँसलाई हेरिरहन्थेँ । गाईभैंसी दुहुनुहुन्थ्यो, म आमाले दूध दिनुभएपछि काँचै पिउथेँ ।

आमाले खाना पकाएर बाबालाई स्कुल पठाउनुहुन्थ्यो । दुई जना दाइहरू बुबाका दुई हात समाउँदै स्कुल जान्थे । हामीसँग हजुरबाबा र हजुरआमा पनि काम गर्न सक्ने नै हुनुहुन्थ्यो । आमा हजुरआमासँग डराइरहनुहुन्थ्यो । डराउँदा आमा हजुरआमासँग विस्तारै बोल्नुहुन्थ्यो र कहिलेकाहीँ उहाँ काम्नुहुन्थ्यो ।

आमा सबरै उठ्नुहुन्थ्यो, पूरै घर बढार्नुहुन्थ्यो, लिप्ने र पोत्ने काम पनि गर्नुहुन्थ्यो । आमाले पूरै घर नलिपेको दिन हजुरआमाले खाना खानुहुन्नथ्यो, भोकै बस्नुहुन्थ्यो । सबेरै पानी ल्याएर हजुरबाबाका लागि नुहाउन र पूजाका लागि घाम नलाग्दै पानी व्यवस्था गर्नुहुन्थ्यो तर आमाले कति बेला पानी ल्याउनुहुन्थ्यो, मलाई थाहा हुँदैनथ्यो । म उठ्दा जहिले पनि आमा घर लिपिरहेको देख्दथेँ । आमा घर लिपिरहँदा म भऱ्याङमा बसेर हेरिरहन्थेँ । आमा मलाई नरून र नबोल्न इसारा गर्नुहुन्थ्यो ।

घाँसपात, मेलापर्म, खेती पाती सबै मेरी एक्ली आमाका जिम्मामा थिए । म आमाका अघिअघि खेतमा जान्थेँ । आमा भारी बोकेर कहिलेकाहीँ रुँदै जानुहुन्थ्यो । म हिँड्न सक्दिनथेँ र खुट्टा दुख्यो भन्थेँ । आमा मलाई भारीमाथि राखी बोक्नुहुन्थ्यो । आमा रुँदा म उहाँकै काँधबाट ढल्केर आमाको अनुहारमा हेर्दथेँ र 'म आफै हिँड्छु' भनी झर्थेँ ।

एक दिन आमा घरमुनिको चौतारीमा भारी बिसाएर बस्नुभयो, म आमाको फरियाको एक छेउ समाएर बसेँ । आमा गालामा हात लगाएर, पारीपट्टि हरियो फाँट हेरिरहनुभएको थियो । मैले आमाको अनुहारमा हेरिहेकी थिएँ । आमाको आँखाबाट पानी झर्न थालेको थियो । मौन बसेकी आमालाई सोधेँ- "आमा ! तपाईंको आँखाबाट किन पानी आ'क्रो ?"

"तैंले दुःख दे'र ।" आमाले मतिर फर्केर चर्को स्वरले बोल्नुभयो । मैले भनेँ, "आमा मलाई तपाईंको दूध खान दिनुस् भन्दिन कहिल्यै ।"

आमाले मलाई टपक्क टिपेर आफ्नो छातीमा च्याप्नुभयो र घुँक्कघुँक्क रुन थाल्नुभो र बर्बरी आँसु झारिरहनुभो ।

"मेरो बाबा ! तैंले जतिकै मात्र मलाई अरूले बुझेको भए पनि त म यसरी रुनुपर्ने थिएन ।" आमा भन्दै हुनुहुन्थ्यो । म त आमाको छातीमा टाँसिदाटाँसिदै निदाएछु । ब्यूँझँदा म ओछ्यानमा थिएँ, आमा मसँग हुनुहुन्थेन ।

समयले आफ्नो गति लिँदै थियो । हजुरबाबा र हजुरआमाको मृत्यु भइसकेको थियो । दादाहरू आफै स्कुल जान सक्ने भइसकेका थिए, म पनि स्कुलमा भर्ना भइसकेको थिएँ ।

त्यति बेला "आजदेखि मेरो बाबा स्कुल जान्छ, असल मान्छे बन्छ, राम्रो मान्छे बन्छ अनि अझै ज्ञानी बन्छ, अनि मलाई पाल्छ ।" आमाले नयाँ लुगा लगाएर कपाल कोरिदिँदै भन्नुभयो, मलाई । किताबको झोला बोकाएर बाबाको हातमा मेरो हात थमाउँदा मैले, "नाइँ आमासँगै बस्छु, जान्न बाबासँग" भनें । म आमाको उही फरियामा बेरिन्छु । कति फकाउँदा पनि मैले त्यस दिन आमालाई छोड्न मानिन । त्यस दिन आमाले रातो बुट्टे फरिया लगाउनुभएको थियो ।

पछि म स्कुल जान्थें र सरासर घर फर्कन्थें । कक्षामा पढिरहँदा पनि आमाको पेट दुख्यो कि जस्तो लागिरहन्थ्यो । स्कुलबाट फर्कने बित्तिकै म भन्थें, "आमा आज पेट दुख्यो कि दुखेन ? टाउको दुख्यो कि दुखेन ?" आमाले 'छैन' भनेपछि खै किन मलाई खुसीले प्रफुल्ल बनाउँथ्यो । आमा काम सकेर मलाई खाजा दिन आउनुहुन्थ्यो । म आमाको काखमा टाउको अड्याएर खाजा खाँदै स्कुलका साथीहरूको गतिविधि सुनाउँथें । आमा मेलाको कुरा सुनाउनुहुन्थ्यो । कहिलेकाहीं उहाँलाई धेरै पेट र टाउको दुख्यो, भनी सुनाएको दिन मलाई रूँरूँ लागिरहन्थ्यो र म सोधिरहन्थें, "सानो मुमा, पल्लाघरको आन्टिलाई कहिल्यै टाउको दुख्दैन तर आमालाई मात्र किन दुख्छ ?"

महिनावारी हुँदा आमाले धेरैवटा फरिया लगाउनुहुन्थ्यो र घोप्टो परेर सुतिरहनुहुन्थ्यो । त्यस बेला उहाँ रोइरहनुहुन्थ्यो ।

एक पटक आमाको रगतले म भिजेपछि आमाले महिनावारी हुँदा आफूसँग सुताउन छोड्नुभएको थियो । म ठूलो भएपछि मैले आमालाई पानी तताएर दिन्थें र आमा नजिकै बस्थे ।

अम्बा, आँप, केरा मलाई कसैले दियो भने म आमालाई नै दिन्थें तर मैले दिएको आँप, केरा हेरेर आँसु झार्नुहुन्थ्यो ।

जे होस् मेरो सबभन्दा नजिकको साथी मेरी आमाका हरेक दुःख मैले बुझ्थें । म उहाँलाई भाँडा माझ्ने, घाँस काट्ने, लुगा धुनेदेखि घर पोत्नेसम्म सघाउँथें । आमासँग काम गरिरहन आनन्द लागिरहन्थ्यो । ठूलो हुँदै गएपछि मलाई आमासँगै देख्नेहरूले भन्थे, 'कस्तो आइमाईजस्तो, खाली चुलोचौको मात्र गर्न जान्दछ, ओइ दिपु, लोग्ने मान्छे बन, लोग्ने मान्छे' धेरैले भनिरहन्थे ।

मैले आमाकै निर्देशनमा प्रवीणता प्रमाणपत्र तहसम्म पढेर सकें । आमालाई एक दिन बाबाले मेरो पढाइलाई निरन्तरता दिन काठमाडौं पठाउने कुरा गर्नुभो । दाजुहरू काठमाडौं जाँदा नदुखेकी मेरी आमा बाबाको भनाइबाट सुक्सुकाएको मैले ढोकाबाहिरबाट सुनेको थिएँ त्यस दिन ।

काठमाडौं जाने केही दिनअगाडि आमाले जिस्क्याउँदै अरू दिनझैं भन्नुभयो, "काठमाण्डु गएपछि राम्रा केटीसँग चिनजान होला, उतै विवाह गर्लास् अनि उसलाई उतै राख्लास् अनि तँ पनि ठूलो मान्छे बन्छस् होला अनि तेरा छोराछोरीलाई त हामीलाई छुन पनि नदेलास् । म त्यहाँसम्म आएर हेर्न पनि............ । हामीलाई त के सम्झेलास्" उहाँ यसो भन्दै हाँस्दाहाँस्दै निकै गम्भीर हुनुभएको थियो ।

"पढ्न जान लाग्दा मान्छेलाई के मात्र सोच्नुपऱ्या होला ।" म रिसाए झैं भन्छु ।

म काठमाडौं आउने दिनमा दुईवटा घडा मूलढोकामा राखिएको थियो । आमाले.दही अक्षताको रातो टिका लगाएर "बाबु प्राध्यापक बन्नू" भनी आशिक दिँदा मैले उहाँको खुट्टामा शिर राखेको थिएँ । "मैले सधैं यसै गरी ढोगेर तपाईंको आशिक लिएर कलेज पढाउन जान पाउनुपर्छ, मेरो माग याद राख्नुस् नि ।" मैले अघिपछि झैं जिस्कँदै भनेको थिएँ ।

काठमाडौं आएँ, कलेज भर्ना भएँ । यस्तै बितिरहे दिन, कलेज जानु, आउनु, पढ्नु, आमासँग साथीहरूका बारेमा फोनमा कुरा गर्नु काठमाडौंको गतिविधि बताउनु आदि ।

यस्तैमा एक दिन मैले मोबाइल हराएँ । अर्को झट्ट मोबाइल किन्न पनि पैसा थिएन र घरमा दुःख दिउँ भन्ने पनि लागेन । फोन गरेर मोबाइल हराएको कुरा सुनाउन पनि मन लागेन । ट्यूसन पढाएको पैसा र अर्को महिनामा आएको घरको पैसाले मोबाइल किनें ।

मोबाइल चल्ने बित्तिकै घरबाट फोन आयो बाबा बोलिरहनुभएको थियो, "दिपु आमा बिरामी छे, तैंले फोन पनि के गरिस् यतिका दिनसम्म सम्पर्क भएन, फेरि कोठा पनि सरेको रैछ भन्थे दाजुहरू ।" बाबा अरू के-के भनिरहनुभएको थियो कानमा माहुरीझैं भ्याइँ-भ्याइँ मात्र आवाज आयो जुन धेरै टाढा बोलिएका आवाज पहाडमा ठक्कर खाएर आएझैं लाग्यो ।

त्यसै रातीको टिकट काटेर म घर गएँ । आमा बोल्न सक्नुहुँदैनथ्यो । म आमाको खुट्टामा टाउको राखेर धेरै बेर रोएँ । आमा चलमलाउनसम्म नसक्ने हुनुभएको रहेछ । केवल मलाई हेरेर आँसु मात्रै झारिरहनुभएको थियो ।

मैले आमाको हात, खुट्टा, टाउको छामें, आमा आँसु मात्रै बगाइरहनु भएको थियो । डाक्टरले आमाको टाउकोमा भएको असरले गर्दा उहाँको आयु सकिएको कुरा बुवालाई भनेपछि अस्पतालबाट फर्काएर ल्याएको कुरा बुबाले मलाई सुनाउँदा मलाई मैले टेकेको धर्ती भासिएझैं आफू तल-तल गएको अनुभूति

भएको थियो । केही दिनपछि एक दिन म आमाको हात खेलाएर उहाँकै छेउमा बसिरहे थिए । उहाँले उही हेराइले एकोहोरिएर हेरिरहनुभएको थियो । एक्कासि उहाँका हातले मेरा हातलाई कसिएर समाएको अनुभूति हुन्छ । म झस्केर आमालाई हेर्छु, उहाँको मुहार विचित्र भएको थियो, मैले त्यस्तो कहिले देखेको थिइनँ । उहाँका आँखा विस्तारै बन्द भए र उहाँको हात मेरा हातबाट खुकुलियो ।

सम्हालिनुपर्थ्यो मैले सायद, त्यही भएर आफूलाई सम्हालेँ । म पनि पढाइका लागि जानुपर्छ । दाजुहरू पनि काम गर्न बाहिरिनुभएको छ । बाबालाई पनि त एक साथीको आवश्यकता छ, यही अनुभव गरी बाबालाई विवाह गर्न आग्रह गर्छु । सायद मेरै इच्छाका लागि वा आफ्नै आउँदा दिनका लागि सम्झेर उहाँले विवाह गर्नुभयो एक युवतीसँग जसकी छोरी थिई ।

आज, आँसुले पूरै शरीर भिजाएँछु । म अझै टोलाएर भित्तामा हेरिरहेको थिएँ । तिनै मेरी आमाको फोटो म सुत्ने ठिक्क माथि झुण्डिएको छ ।

मोबाइल अन गरेँ । तुरुन्त घण्टी बज्यो । बाबाको नम्बर थियो, "हजुर बुबा मैले भनेँ तर सानीआमाको आवाज आयो, "तिम्रो प्रगतिले हाम्रो शिर अझै उचाइमा पुगेजस्तो भएको छ । हामी साह्रै खुसी छौँ । मलाई कति बेला तिमीलाई भेटूँ भएको छ, एकपल्ट घर आऊ है ।' साह्रै मायालु आवाजमा बोलिरहनुभएको थियो । मैले, "म पछि मिलाएर आउँछु" भनेँ ।

मैले फोन राख्दै गर्दा आफ्नी प्यारी आमाको फोटो हेर्दै वर्वराउँछु, "साँच्ची आमा ! तिमी हुन्थ्यौ भने म यही भेषमा तिम्रा ती पाउमा आफ्नो शिर चढाउन आइपुग्थेँ र तिम्रै काखमा लुटपुटिरहन्थेँ । तिमी नभएर मलाई त्यहाँ फर्कन मन लाग्दैन र यति बहाना गरिरहेको छु । तिमी हुन्थ्यौ भने म कलेज पढाउन जानुअघि तिम्रा ती पाउमा शिर राखेर तिम्रो आशिक लिएर जान्थेँ ।"

आफूले लगाएको माला आमाको फोटोमा लगाउँछु, आमा अझै मलाई हेरेर मुस्कुराइरहेकी छिन् । मैले एमएडमा त्रिभुवन विश्वविद्यालय टप गरेको छु र यसरी सम्मानित भएको छु । यो खुसीमा दिपा, नतासा, हिरा, दुर्गा, विकास, अशोक, जीवन सबै छन् तर पनि म खुसी छैन किनकि मेरो यो खुसी हेर्ने मेरो बहुमूल्य रत्न तिमी नै छैनौ, यसको के मूल्य ? के अर्थ तिमी नै नभएपछि । सारा संसार, तिमी नभएपछि म एकदमै रित्तो छु आमा । तिमीलाई हरेक दिन यसरी नअँगाली आफू सन्तुष्ट हुन सक्दिन ।" म मुस्कुराइरहेकी आमालाई छातीमा टाँसी बर्बराइरहन्छु ।

•

कविता

# आँखामा विम्बहरूको आभाष

गीता कार्की

आँखाका सागरहरूबाट
मथेर आगो तिमीले
सल्कायौ सुकेका पतकरहरू
उम्रे नयाँ दुबो
पलाए पलाँस, उत्तिस र साल
मृगहरू टक्क अडिँदै, आवाज सुन्दै
जङ्गल चहार्न थाले
नागी सुवासित भयो
नाङ्गा डाँडाहरूले हरियो वस्त्र पाए
हामीले माटोको सुगन्ध पायौं
तिमीले के पायौ ?
पिरो धुवाँ र अनुवंश नसा ?
चम्किलो अक्षर र दृष्टिहीन आँखा ?
घाँस उम्रेको चउर वा मरुभूमि ?
भन तिमीले के पायौ ?

हाम्रो माटोको सुगन्ध
खैनीझैं चेप्न
कम्बल ओढेका छायाँहरू
दगुर्दै आउँदै छन् हामीतिर
तिमीले निकालेको आगोको एक लप्का
तिनै विरूपाकृति छायाँतिर फ्याँक्न नसके
आगोको भाषा जीवित रहन्न
धरती फाटेर
बग्नेछ माटो र जङ्गल
पाइताला र मन
बग्नेछ लय र ताल
बग्नेछन् नयाँ छन्दका गीत र सुसेलीहरू

मात्र बाँकी रहनेछ
खोँचबाट उठेको भुइँकुहिरो
गर्जिने मेघ र
विजुली चम्केको, आकाश...... ।

# ढुङ्गा बनाइदिनुस्

गीता मैनाली

ईश्वर मलाई ढुङ्गो बनाइदिनुस्
रगत मासुको शरीरभित्र ढुङ्गो राखिदिनुस्
बोलीले घोच्न नसक्ने
गोलीले छेड्न नसक्ने,
आस्थाले पग्लिन सक्ने
दयाले छचल्किन सक्ने,
ईश्वर मलाई यस्तो ढुङ्गो बनाइदिनुस्
दु:ख पीडा सबै
नाश गर्न सक्ने
दु:खी अनाथको दरिलो
आशा बन्न सक्ने
मानिसमानिसको मनभित्र
खुसुक्क पस्न सक्ने
ईश्वर मलाई यस्तो ढुङ्गो बनाइदिनुस्
हुरी आउँदा छाना र पर्खाल बन्न सक्ने
वाढी आउँदा बलियो बाँध बन्न सक्ने
अन्धकारमा चम्कने, लक्ष्यमा लम्कने
रगत मासुको शरीरभित्र ढुङ्गो राखिदिनुस्
ईश्वर मलाई ढुङ्गो बनाइदिनुस्।

•

लेख

# मितेरी गाँस्ने सपनाको मितेरी नेपाल

**गिरिप्रसाद उपाध्याय, (श्रीचक्रबाबा)**

विश्वभरिका प्रथम स्थानमा सम्पूर्ण नेपाली हजुरबा-हजुरआमा, बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरूसँग सामाजिक, सांस्कृतिक तथा साहित्यिक मितेरी गाँस्ने अभिप्रायले आजभन्दा करिब बाह्र वर्षअघि 'मितेरी नेपाल' तदर्थ स्वरूपमा संस्थागत भएर काठमाडौँमा स्थापित भयो । जुन दिन म मितेरी नेपालको एउटा सल्लाहकारको रूपमा मनोनीत भएको थिएँ त्यसै दिनदेखि मेरो मन हर्षले प्रसन्न भएको थियो । अब मेरो चाहना, मेरो अभिलाषा र सम्पूर्ण सपना साकार हुने भयो भन्ने लागेको थियो र मितेरी नेपालको तात्कालिक तदर्थ समितिसमक्ष मैले आफ्नो मनको भावतरङ्ग पोखेको थिएँ ।

मितेरी नेपालको विधानमा आफ्नो उद्देश्य र लक्ष्यबारे के कसरी उल्लेख गरिएको छ त्यतातिर जान म चाहन्न किनभने यस सम्बन्धमा म विवादित बन्न चाहन्न । विधान परिपक्व छ त्यसमा कुनै आशङ्काको स्थान छैन, यो निर्विवाद विषय हो । तथापि, म मितेरी नेपालको लक्ष्य र उद्देश्यलाई लिएर मैले आफ्नो मनभित्र गुँथेको सपनाको बारेमा मात्र अभिव्यक्ति गर्ने जमर्को गरिरहेको छु ।

मितेरी नेपालको त्यस बेलाको कार्यसमितिले स्वदेश र विदेशमा बसोबास गरिरहेका नेपालीहरूको भाषा, साहित्य, संस्कृति, कला, संस्कार, चलनचल्ती, जनजीवन, पत्रकारिता, रहनसहनलगायतका विविध विषयहरूमा आधारित रहेर विश्वभरि आफ्नो काम विशेषले बसोबास गरिरहेका नेपालीहरू र नेपाली बाहेकका अन्य नागरिकहरूसँग तथा नेपालमा बसोबास गरिरहेका सम्पूर्ण नेपालीहरू र नेपाली बाहेकका अन्य नागरिकहरूबीच पारस्परिक पहिचानको आदानप्रदान गराउने अभिप्राय लिएको थियो र मेरो उद्देश्य त्यही नै हो ।

हुन त विदेशी मुलुकहरूमा बसोबास गरिरहेका नेपालीहरूका कोही न कोही नातेदारहरू नेपालका कुनै न कुनै सहरमा त अवश्य नै बसोबास गरिरहेकै हुन्छन् तर उनीहरूका लागि यदि राजधानीमा पारिवारिक बसोबासको

सुविधा उपलब्ध छैन भने त्यस्ता व्यक्तिहरूको पनि हामीले सहयोग गर्नु उपयुक्त हुनेछ। सबैका नातेदारहरू काठमाडौंमा बसोबास गरी नै रहेका छन् भन्ने पनि हुँदैन । हामीले आफ्ना घरमा राख्न नसके तापनि उनीहरूलाई अवश्य पनि त्यस्तो बेलामा मार्गदर्शन सेवाको आवश्यकता परेको हुनसक्छ, अतः उनीहरूका लागि स्तरीय नठगिइने खालको मार्गदर्शन सेवाले पनि मद्दतको ठूलै महत्त्व राखेको हुन्छ र ठूलो भूमिका खेलिरहेको हुन्छ ।

उदाहरणका लागि अहिलेलाई हामी समुद्रपार नगईकन दक्षिण एशियाली छिमेकी मुलुकहरूलाई नै लिन सक्छौं। मित्रराष्ट्र भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, श्रीलंका जस्ता छिमेकी देशहरूमा हज्जारौंको सङ्ख्यामा वर्षौदेखि नेपालीहरूको स्थायी बसोबास हुँदै आएको छ। त्यसमा पनि छिमेकी मित्रराष्ट्र भारतसँग हज्जारौं वर्षअघिदेखि नेपालको सामाजिक तथा सांस्कृतिक सम्बन्धसूत्रहरू गाँसिएका छन्, रहनसहन र जनजीवनका अन्य पक्षहरूसँग समेत एकरूपता भएको पाइन्छ। भारतबाट आउने नेपालीहरूका अतिरिक्त अन्य भाषाभाषीका व्यक्तिहरूलाई समेत मैले नै कैयन् पटक पथप्रदर्शन तथा मार्गदर्शन सेवाको सहयोग प्रदान गरेको छु। त्यस्तै भुटानमा पनि धेरै नेपालीहरूको बसोबास रहेको पाइन्छ। भारतको राजधानी दिल्ली, उत्तरान्चलको देहरादुनलगायतका विभिन्न सहरहरू, आसामका गुवाहाटीलगायतका विभिन्न सहरहरू, पश्चिम बङ्गालका दार्जिलिङलगायतका विभिन्न सहरहरू, मुम्बई, मद्रास आदि जस्ता भारतका विभिन्न सहरहरूमा हज्जारौंको सङ्ख्यामा होइन कि लाखौंको संख्यामा नेपालीहरूको बसोबास र हेको छ। ती सबै स्थानहरूमा नेपाली भाषा, साहित्य, संस्कृति र रहनसहनको शैलीलाई आजसम्म पनि भरसक सम्पूर्णता स्वरूपमा नेपालीपनको आभास तथा अनुहार दिने प्रयास हुँदै आएको छ। त्यहाँका नेपालीहरूलाई नेपाली संस्कार र संस्कृति बिर्सिएला भन्ने डर छ। अरू त के भन्नु, अमेरिकामा समेत नयाँ पुस्ताका बालबालिकाहरूले नेपाली भाषा बिर्सिन थालेको तथ्यलाई मध्यनजर राखेर हाल क्यानाडामा बसोबास गर्ने श्री गोविन्द सिंह रावत आफ्नो खबर सम्प्रेषण वेभसाइटमा सधैं लेख्ने गर्नुहुन्छ : बालबालिकालाई नेपाली पढाऔं, नेपाली बोल्न लगाऔं। मैले अहिले उठाएको यो सन्दर्भ सुन्नमा त सायद फिका जस्तो अनुभव हुन सक्ला, तर वास्तवमा यो विषय अत्यन्तै जटिल छ र विश्वभरि यो विषय झन्झन् जटिल बन्दै गइरहेको छ, अहिलेको वास्तविकता यही नै हो।

यसरी पारस्परिक भ्रमणहरू आदानप्रदान गर्दा व्यापारिक रूपमा

नेपालीहरू एक आपसमा परिचित हुने मौका प्राप्त हुन्छ र एकले अर्कोको भाषा, साहित्य र संस्कार तथा संस्कृतिलगायतका सम्पूर्ण विषयहरूमा ज्ञान प्राप्त गर्ने अवसर प्राप्त हुन्छ । सम्बन्धित व्यक्तिसँग आ-आफ्नो घर-घरमा परिवारसँग बस्ने र उपर्युक्त विषयवस्तुहरूको अध्ययन गर्ने र आफूले जानेको अरूलाई सिकाउने, अरूले जानेको आफूले सिक्ने गर्दा मलाई लाग्छ, हाम्रो भाषा संस्कार र संस्कृति विकासमा ठूलै टेवा पुग्नेमा दुई मत रहँदैन । स्मरणीय रहोस्, नेपालीभित्रको नेपाली भाषा, संस्कृति, रहनसहनलगायतका पक्षहरूमा समेत एकरूपता पाइँदैन । फरकफरक जातजाति, भाषाभाषी, समुदाय विशेषभित्र उपर्युक्त विधाहरूमा एक रूपता नदेखिनु अथवा विविधता पाइनु नौलो कुरा होइन, तर सामान्यतया समग्रमा पहाड, भित्री मधेश र तराई मधेश एउटै समुदायमा समेत कतैकतै एक रूपमा नभएको पाइन्छ । मितेरी नेपालले यस शैलीअनुसार कार्यक्रमहरू आयोजना गर्दै जाने हो, ती सामान्य विविधताहरूमा समेत एक रूपता आउन सक्ने विश्वास लिन सकिन्छ ।

त्यस्ता सद्भावनापूर्ण पारिवारिक भ्रमण आदानप्रदानहरूको आयोजना गर्दा एउटा विषय अत्यन्तै मुख्य रूपमा हाम्रो सामु तेर्सिने गर्छ । हो, आर्थिक विषयले यस्ता भ्रमण आदानप्रदानका सन्दर्भमा ठूलो भूमिका खेल्छ यसमा कुनै विवाद छैन । यहाँनेर एउटा बुझ्नुपर्ने कुरा के छ भने, आखिर जुन परिवार यस्ता भ्रमणहरूमा सहभागी बन्न इच्छुक हुन्छन् ती परिवारले निश्चय पनि आफ्नो आर्थिक प्रबन्ध मिलाएरै हिँडेका हुन्छन् । महत्त्वपूर्ण कुरो आर्थिक सङ्कट होइन, अपितु खर्चबर्चलाई गौण तुल्याएर भ्रमणमा आवश्यक हुन सक्ने व्यवस्थापन पक्षहरूले नै भ्रमणकारीहरूका लागि अहम् भूमिका खेलि-रहेको पाएको मेरो अनुभव छ । स्थानीय वासिन्दाले अतिथिलाई पथप्रदर्शनको रूपमा तथा बस्ने खाने घुम्ने जस्ता विषयहरूमा सहयोग जुटाइदिने भनेको मात्र हो । अनि त्यसरी आयोजना गरिएका पारस्परिक भ्रमणहरूबारे अतिथिसँग उहाँहरूको अनुभव व्यक्त गरिदिन अनुरोध गरेर लिखित रूपमा उहाँहरूबाट उहाँहरूको भ्रमणबारे विवरण संकलन गरेर ती सङ्कलित सम्पूर्ण अनुभवहरूलाई वार्षिक रूपमा प्रकाशित गर्ने र सामान्य शुल्क लिएरै वितरण गर्न सक्दा पनि मितेरी नेपालको वास्तविक उद्देश्य पूरा हुन्छ होला भन्ने मलाई लागेको छ । यसका लागि अलिकति मिहिनेत त गर्नै पर्ने हुन्छ त्यसमा कुनै शङ्का छैन तर मिहिनेतअनुसार फल राम्रै होला ।

यस्ता भ्रमण आदानप्रदानहरूको महत्त्वपूर्ण पक्ष अर्को पनि छ । यसरी पारिवारिक तथा सामाजिक भ्रमण आदानप्रदान गर्दा चाहे जुनसुकै विधासित

सम्वन्धित रहेको व्यक्ति होओस् अथवा कुनै विधासँग सम्बन्धित नै नरहे तापनि किसान नै किन नहोस्, उहाँहरूको भरपूर स्वागत गर्नुपर्छ, कुनै प्रकारको भेदभाव गर्नु हुँदैन, जातपातको पनि भेदभाव गर्नु हुँदैन अनि उहाँहरूसँग उहाँहरूकै चाहनाअनुसार कार्यसम्पादन निम्ति व्यवस्थापन मिलाइदिनुपर्छ । उहाँहरूसँग यस्ता भ्रमणसम्बन्धी र अन्य विषयहरूको सम्बन्धमा समेत गहन विचारहरू आदानप्रदान गर्नुपर्छ र उहाँहरूको अनुभवलाई लिपिवद्ध गरिदिन अनुरोध गर्नुपर्छ अथवा लिपिवद्ध गर्नमा सहयोग प्रदान गर्नुपर्छ ।

यसमा विचार पुऱ्याउनुपर्ने एउटा अत्यन्तै महत्त्वपूर्ण कुरा के छ भने त्यसरी पारस्परिक भ्रमण गर्ने व्यक्तिहरू नेपाली भाषी नै हुनुपर्छ भन्ने ठान्नु सायद केही भेदभावपूर्ण ठहरिएला भन्ने लाग्छ । कुनै पनि देशको कुनै पनि गैरनेपाली नागरिकहरूसँग समेत हामीले त्यस्तै किसिमको मितेरी गाँस्न सकियो भने त्यसबाट पनि निश्चित रूपमा सकारात्मक सन्देश जानेछ अनि मात्र हाम्रो चित्त बुझ्नेछ किनभने विश्वभरिका गैर-नेपाली नागरिकहरुलाई पनि हाम्रो किसिमको सेवाको खाँचो भइरहेको मैले अनुभव गरेको छु। अचेल स्वयम्सेवी संस्थाहरूको प्रचलन व्यापक बन्दै गइरहेको पाइन्छ र त्यस्ता संस्थाहरूको प्रचलन व्यापक बन्दै गइरहेको र त्यस्ता संस्थाहरूले राम्रो सेवा पनि प्रदान गरेका छन्, सेवावापत राम्रो श्रेय पनि पाएका छन् र सहयोगको राशिबाट आर्थिक सम्पन्नतामा शनैशनै विस्तार पनि गरिरहेका छन् । हाम्रो सामु विद्यमान यस्ता उदाहरणबाट मितेरी नेपालले यदि यस्ता खालका व्यवस्थापन सेवा तथा सहयोगहरू प्रदान गर्दै जाने र तिनको क्रमिक विस्तारसमेत गर्दै जाने हो भने आफ्नो लक्ष्यको शिखरमा पुग्ने निश्चित छ। (किनभने मितेरी नेपालको प्रमुख लक्ष्य र उद्देश्य भनेको विश्वभरिका नेपालीहरूसँग मात्र होइन, विश्वभरिका गैरनेपालीहरूसँग पनि होइन विश्वभरिका अथवा भनौं सृष्टिका सम्पूर्ण जीव र आत्माहरूसँग मितेरी गाँस्ने रहनुपर्छ भन्ने मेरो सोचाइ हो ।)

उपर्युक्त जति पनि कुराकानीहरू गरियो यी सवै मेरा परिकल्पनाहरू हुन् । मेरो मनभित्रका काल्पनिक सपनाहरू हुन् । मलाई आशा छ मेरो आशा एक दिन पूर्ण रूपमा साकार हुने नै छ किनभने आफ्नो स्थापनाकालदेखि आजसम्म मितेरी नेपालको कार्यसमितिमा केही फेरबदलहरू पनि भएका छन् । अहिले यसभित्र युवा साहित्यकर्मीहरू समेटिएका छन् र यसको सशक्त शक्ति भनेको पनि युवाशक्ति नै हो । यस मानेमा पनि मेरो परिकल्पनामा अझ प्रगाढता आउनेमा म पुर्ण विश्वस्त भएको हुँ ।

यसको मतलब मितेरी नेपाल निष्क्रिय छ भन्न खोजिएको चाहिँ कुनै

हालतमा होइन । सुरुदेखि हालसम्म मितेरी नेपालले दिगो रूपमा अर्थोक केही-केही नगरेको पनि हुन सक्छ, तर मितेरी नेपालले प्रत्येक वर्ष आदिकवि भानुभक्त आचार्यको जन्म जयन्ती भने भव्यतासाथ आयोजना गर्दै आएको छ । सोही अवसरमा मितेरी नेपालद्वारा सिर्जित श्री हरिभक्त कटुवाल स्मृति प्रतिभा मितेरी सम्मान २०६२, श्री पारिजात साहित्य मितेरी सम्मान २०६२ द्वारा नेपाल र भारतका लब्धप्रतिष्ठित साहित्यकार तथा प्रतिभाशाली व्यक्तित्वलाई सम्मानित गर्दै आएको छ। स्मरणीय छ, यसअघि मितेरी नेपालद्वारा सिर्जित मितेरी सम्मान २०६१ ले विशिष्ट कलाकर्मी श्री भारती उपाध्याय सम्मानित भए तापनि उक्त सम्मानले त्यसपछिका वर्षहरूमा निरन्तरता नपाएको र त्यसको स्थानमा उपर्युक्त दुई सम्मानहरू स्थापित भएको अवगत गराउन चाहन्छु । मितेरी सम्मानका सन्दर्भमा पनि नेपाल र भारतमा मात्र केन्द्रित नरहेर अन्य मुलुकस्थित लब्धप्रतिष्ठित साहित्यकारहरूलाई उपर्युक्त सम्मानहरूमा समेटिने बताइएको छ। यस अतिरिक्त समय-समयमा मितेरी नेपालले विभिन्न साहित्यिक आयोजना पनि गर्दै आएको छ। मितेरी नेपालले हाल सम्पन्न गर्दै आएका विभिन्न कार्यक्रमहरूका अतिरिक्त माथि उल्लिखित अनुसारका कार्यक्रमहरूमा समेत आफूलाई विस्तार गर्दै लैजानुपर्छ । जे जस्तो होस्, मितेरी नेपालले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म निक्कै नेपाली भाषा तथा साहित्यसम्बन्धी अनुभव समेटेको छ र आगामी दिनहरूमा पनि यसै गरी नेपाली भाषा र साहित्यलगायत अन्य विधा र विषयहरूमा समेत आफ्नो कार्य क्षेत्र व्यापक बनाउनुपर्ने निश्चित छ।

मानिस जन्मपूर्व, आमाको गर्भमा छँदाको अवस्थामा कुनै पनि किसिमको रोगनले रङ्गिएको हुँदैन । पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ना साथै उसमा कामना र वासनाहरूले घेरिसकेको हुन्छ। त्यस्ता कामना र वासनाहरूको सिर्जना शिशुमा विद्यमान इन्द्रियजन्य विकारहरूको कारण हुन जान्छ। त्यो शिशुले आफ्ना पोषकबाट जस्तो किसिमको संस्कार पाउँछ त्यही संस्कारअनुसार उसको लालनपालन हुन्छ र उसको जीवन यात्राको विस्तार हुँदै जान्छ। जुनसुकै परिवारमा, जुनसुकै जातमा, जुनसुकै भाषामा, जुनसुकै संस्कृति र संस्कारमा, जुनसुकै आहार-विहार र आचार-विचार, जुनसुकै रहनसहन र अन्त्यमा जुनसुकै रक्तकणमा त्यो शिशुको जन्म भएको किन नहोस् ऊ सुसंस्कृत हुनुपर्छ । त्यो शिशुको मस्तिष्कभित्र समझदारीको भाव भरिएको हुनुपर्छ, त्यो शिशुले आफ्नो काँधमाथि सदासर्वदा जिम्मेवारीको भाव बोकेको अनुभूति हुनुपर्छ र अन्त्यमा त्यो शिशुको हृदयमा परिवेष्टित प्रत्येक रक्तकणभित्र

इमान्दारीको भाव अर्थात् समग्रमा भन्दा त्यो शिशुको अन्तरात्माले सत्य र सच्चरित्रको महासागरको स्नान गरेको हुनुपर्छ। अनि मात्र त्यो सच्चा आत्मिक भावहरूले परिपूर्ण तथा सम्पन्न नागरिक बन्नेछ -- भाषा, साहित्य, संस्कार तथा संस्कृति, आचरण, रहनसहनलगायतका सम्पूर्ण सुसंस्कारहरूले ओतप्रोतः नागरिक र सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामायाः, सर्वे भद्राणि पश्चन्तु, मा कश्चित् दुःख भाग्भवेत् । अस्तु !

•

# मिहिनेती साहित्यकार दिलबहादुर नेवार

गोपाल पराजुली

नेपाली साहित्यका क्षेत्रमा दिलबहादुर नेवार भन्ने नाउँ आउनासाथ ठूलो सङ्घर्ष गरेर सफलता हासिल गरेका साहित्यकार भनेर बुझ्ने गरिन्छ। गद्यसाहित्यमा उनको ठूलो गोगदान रहेको छ।

दिलबहादुर नेवारको जन्म वि.सं. १९७९ साल चैत्र १३ गते रामेछाप जिल्लाको कठजोरमा भएको हो। उनका बाबुको नाम कीर्तिमान नेवार र उनकी आमाको नाम भक्तमाया हो। उनी परिवारका जेठा छोरा थिए।

दिलबहादुरको बाल्यकाल ज्यादै कष्टपूर्ण तरिकाले बित्यो। उनी सानै छँदा उनका बावुको मृत्यु भयो। त्यसैले उनले धेरै दुःख व्यहोर्नुपऱ्यो। उनी ८ वर्षको उमेरदेखि नै गाउँका साहुमहाजनको गाईवस्तु चराउने काम गर्थे। उनका लागि छाक टार्नै धौ-धौ थियो, पढाइलेखाइ त हुने कुरै भएन। उनले धेरै हन्डर-ठक्कर खानुपऱ्यो। उनले नौ वर्षको उमेरदेखि चर्खामा पिउरी काट्न सुरु गरे। त्यसपछि उनी सिन्धुलीमा पुगेर महिनाको १ रुपियाँमा कसैको घरमा हली बसी गोरु जोत्ने काम गरे। उनले केही समयपछि काठमाडौँमा आई कुल्लीको काम गरे।

दिलबहादुरले २४ वर्षको उमेरमा बिहे गरे। त्यस बेला उनलाई १०० रुपियाँ ऋण लाग्यो। बाबुको बिहेमा लागेको ६० रुपियाँ ऋण पनि बाँकी नै थियो। यसरी १६० रुपियाँ तिर्न उनलाई मुस्किल पऱ्यो। त्यो बेला १६० रुपियाँ भनेको पनि धेरै थियो। ऋण तिर्नकै लागि उनी गाउँका पुरोहित सोमप्रसादका साथमा सिलोङ पुगे र मासिक ५ रुपियाँमा होटलमा भाँडा माझ्न थाले। दिलबहादुरले कुल्ली बनेर सखरको भारी पनि बोके। सिलोङ जाँदा उनी २७ वर्षका थिए। सिलोङ पुगेर उनले धेरै दुःखकष्ट सहेर दुई वर्षको अवधिमा ११ सय रुपियाँ जम्मा पारे। त्यो रकम लिएर घर फर्किंदा उनी बाटैमा लुटिए। त्यसपछि उनी कहिले हिँड्दै र कहिले रेल चढ्दै २२ दिन लगाएर सिलोङ नै फर्किए। फेरि सखरको भारी बोक्ने काम गरे र गाउँमा साहुको नाममा भएको जग्गा उकासेर सिन्धुलीमा उनले जग्गा र घर किने।

पछि त्यो घरजग्गा उनले स्थानीय विद्यालयलाई दान दिए । उनले सिलोङ बजारमा सखरको पसल खोले । उनको पसल त्यस बेला खूब चल्थ्यो ।

दिलबहादुरलाई धेरै पढ्न मन लाग्थ्यो तर सिकाइदिने मान्छे कोही थिएनन् । उनले १३ वर्षको उमेरमा काठे पाटी खिपेर गाउँकै छिमेकी मैमानसिंह बुढाथोकीसँग क-ख सिके । उनले विद्यालयमा भर्ना भएर पढ्न पाएनन् । घरैमा बसेर पढ्न पनि पुस्तक थिएन तैपनि अक्षर चिनेको तीन-चार महिनापछि आफ्नै प्रयासमा उनी पढ्न सक्ने भए । सिलोङमा पुगेपछि हिन्दीमा निस्कने 'सन्मार्ग' नामक दैनिक हिन्दी पत्रिका पढ्न थाले । त्यस पत्रिकाले उनलाई हिन्दी भाषा सिक्न सघायो । पत्रिका पढ्दापढ्दै उनलाई साहित्यमा रस बस्न थाल्यो अनि उनी फुटकर रचनाहरू कनिकुथी लेख्न थाले । कृष्णप्रसाद ज्ञवालीले उनलाई आफ्ना रचनाहरू छाप्ने प्रेरणा दिए । त्यसपछि उनका रचनाहरू पत्रिकामा छापिन थाले र उनी पनि उत्साही भई लेखपढ गर्न थाले ।

दिलबहादुरले सिलोङमा नै पुस्तक प्रकाशनको कठिनाइ देखेर 'सुमन प्रेस' खोले । पछि उनले आफै प्रकाशक बनेर 'सुमन' नामक पत्रिका प्रकाशन गरे । यसको सम्पादन कृष्णप्रसाद ज्ञवालीले गरेका थिए । उनले डा. ईश्वर बराललाई बोलाएर स्नातक पाठ्यक्रमलाई हुने गरी 'नेपाली रत्नावली शृङ्खला' आफैले खर्च गरेर लेखाएका थिए । त्यस पुस्तकले नेपाली विद्यार्थीलाई धेरै सहयोग पुऱ्याएको थियो । सबैले यस कामको प्रशंसा गरे ।

दिलबहादुरलाई मेघालय सिलोङतिर 'दुःखको नमुना मान्छे' भनेर सबैले चिन्थे । आफ्ना बितेका घटनाहरू लेख्ने क्रममा उनी लेखक बने । उनी भन्थे - "मैले आफू लेखक बनेर महान् विद्वान्हरूको लाममा उभिनका लागि आफ्ना पुराना दिन डायरीमा उतारेको होइन, दुःखका हजारौं खुड्किलाहरूमा टेकेर सुखको चाहना गर्ने मनको धोकोलाई आफ्नी आमाको भाषामा प्रस्तुत गर्न चाहेको मात्र हुँ ।"

दिलबहादुरले सिलोङतिरै घरबार जोडेका थिए र व्यवसाय गरेका थिए । उनले नेपालको झापा जिल्लाको दमकमा पनि घर बनाएका थिए । धेरै दुःखकष्ट सहेर पनि मानिसले धेरै सङ्घर्षपछि सुख पाउन सक्तो रहेछ भन्ने कुरा उनको जीवनले प्रमाणित गरेर देखाएको छ ।

दिलबहादुरको पहिलो रचना 'ढुङ्गो पनि बोल्छ' शीर्षकको कविता थियो । त्यो कविता 'सुमन' पत्रिकामा प्रकाशित भएको थियो । त्यसपछि उनी कथा, निबन्ध, आत्मकथा र सम्पादनका क्षेत्रमा अघि बढेका थिए । उनका प्रकाशित पुस्तकहरू यी हुन् -

आत्मकथा : १ मेरा बितेका दिनहरू (भाग एक), २. मेरा बितेका दिनहरू (भाग दुई), ३ मेरा बितेका दिनहरू (भाग तीन), ४. मेरा बितेका दिनहरू (भाग चार)

निबन्ध : ५. महाराष्ट्र : यात्रासङ्कलन, ६. विचारमा डुबेको मान्छे

कथासङ्ग्रह: ७. लोककथाको आधार र मेरा बितेका दिनहरू

गीतसङ्ग्रह: ८. इन्द्रेणी

सम्पादन : १. समीक्षा, २. सुमन (दुवै पत्रिका)

यी बाहेक विभिन्न पत्रिकाहरूमा उनका फुटकर रचनाहरू पनि प्रकाशित भएका छन् । तिनलाई सङ्ग्रह गरी पुस्तक बनाउन बाँकी नै छ । दिलबहादुर नेपाली सृजन समितिका अध्यक्ष, नेपाली साहित्य परिषद् असमका संरक्षक, अखिल भारतीय नेपाली भाषा समितिका सदस्य बनेका थिए । उनले असहज परिस्थितिमा पनि नेपाली भाषा-साहित्यको निरन्तर सेवा गरेवापत वि.सं. २०६२ सालमा 'मदन पुस्तकार स्वर्णवर्ष सम्मान' प्राप्त गरेका थिए । विभिन्न सङ्घ सङ्स्थाहरूबाट पनि उनी सम्मानित भएका थिए ।

दिलबहादुरले धेरै परिश्रम गरेका हुनाले उनलाई कडा रोग लागेको थिएन तैपनि वि.सं. २०६२ साल असोज महिनामा उनको मृत्यु भयो । उनको मृत्युले नेपाली साहित्यले एक जना उदाहरणीय र सङ्घर्षशील तथा मिहिनेती साहित्यकारलाई गुमाएको छ । उनको जीवनकथाले पनि आफ्ना भावनालाई साहित्यमा उतार्न धेरै पढ्नुपर्दैन भन्ने देखाएको छ । उनी नेपाली भाषा-साहित्यका क्षेत्रमा सधैं जीवित रहनेछन् ।

●

# प्रेयसी राधा र सुकन्या

जयन्ता पोखरेल

फर्सी जस्तै
पाके पनि वैंश
मनको बिस्कुनमा भरोसा सुकाउँछे
नजरबाट कोल्टिएर
ओछ्यानको तरङ्गमा
रातले अधर छोएको
सपना गुनगुनाउँदै सुकन्या

बसन्तबाट ओर्लिएर
पालुवा चढ्ने
समयौवनका रहरहरू
ऊसम्म नआइपुग्दै
घामको सेतुमा भत्कन्छन् सबै
यस्तै,
सपनाको आँधीबेहरीमा
फनफन्ती घुम्छे
उड्दिन सुकन्या

बुझ्दिन
चर्दै हिँड्ने आँखाहरूको अर्थ
चिसो खसेर हिउँ उराठिँदा
न्यानो फैलने आभाषमा
मन पगारी कोही खसोस्
विपनाको पानी भएर
छताछुल्ल कोशी पसोस् यस्तै,
व्यथित पलहरूले
मर्छे-
बाँच्छे सुकन्या

मेलदिने अनुराग
ओछ्याउने प्रीत छ ऊसँग
जुलेवी रात
रङ्ग्याउने गीत छ ऊसँग
मुनासँगको लेक वेशी
हरेक चीज छ उसँग
भीडको वेवास्ताभित्र
पिपलुको छाया गाँस्तै
पर्खाइमा प्रेयसी
राधा बाँच्छे सुकन्या ।

# नलेखिएको कविता

त्रिलोचन आचार्य

मोबाइलमा साथीको एस्.एम्.एस्. आयो
यसले पनि कविगोष्ठीको निम्ता पायो
हतारमा कविता के बनाउने
कि कुनै पुरानै कविता सुनाउने
तब म लेख्न बसें कविता
हुन थाल्यो घरभरि रमितै रमिता ।

शीर्षक जुराउन खाज्दैमा श्रीमतीजी बोलिन् -
तरकारी पकाउन नून छैन, विवाहमा जान सुन छैन
प्याज छैन लसून छैन तपाईलाई के थाहा कुन-कुन छैन
यस्तो कामको बेलामा बेकाम बस्ने
हैन हजूरलाई के को रहर हो एक्लै कोठैमा घोत्लिने
घरको कामको कुनै धून छैन ?

त्यसैबेलै कोठामा छोरी आई
बोर्डिङ स्कुलको शुल्कको बिल तेर्स्याई
आज नलगे स्कुलले नामै काट्ने भा'छ
मेरो त पढाइ चौपट हुने भो तपाईलाई था'छ
मैले भनें पख न त केही सोचौंला
यो यौटा कविता लेखौं अनि कतै ऋण सापटी खोजौंला
उसले फेरि भनी-
सबैले भन्दछन् तेरो बाउ
पैसा कमाउन छाडी कविता लेखेर हिँड्छ
भनेकै बेला तपाईलाई कसले सापटी दिन्छ ?

त्यसपछि कस्सिँदै कोठामा छोरा आयो
भन्न थाल्यो - मलाई पनि विदेश जाने रहर छायो

ेरो साथीले भर्खर डि.भि. भरेर अमेरिकाको भिसा लायो
ो म अब डाक्टर पढ्दिन
रु म पनि त्यतै गएर कुनै काम गर्छु
दिखियो पढे पनि काम त पैसा कमाउने नै रहेछ
धनसम्पत्तिको आडमा समाजमा धाक जमाउने नै रहेछ
हेर्नोस् मेरो अर्को साथीले कोरियाको फाराम भरेको छ
जग्गाजमीन बेचेर पनि
उसका बाआमाले कस्तो सहयोग गरेको छ
मलाई त कस्तो असहयोगी बा परेको छ
सधैंभरि डाक्टर बन्ने उपदेश छरेको छ।

यत्तिकैमा कोठामा दुईचार थान मान्छेको भेला हुन्छ
भनौं कविता विरोधीहरूको ठूलै मेला हुन्छ
कतै टेलिभिजन डुक्रन्छ कहिले टेलिफोन कुर्लन्छ
यस्तै शान्तिमय वातावरणमा मेरो कविता खहरे उर्लन्छ
भनौं भावनामा फुलेको
एक थुँगा कविताको फूल कोपिलामै झरेको छ
मैले लेख्न थालेको नयाँ कविता नलेखिँदै मरेको छ
खै अब मैले कविगोष्ठीमा कस्तो कविता सुनाउने ?

यस्तै-यस्तै घटनाले घरमा हुँदा रमितै रमिता
लेख्न नथाली निमोठिएको छ मैले लेख्न खोजेको कविता

•

# 'राजधानी छिरेपछि' कवितासङ्ग्रहको विश्लेषण

**देवेन्द्र नेपाल**

कवि मणिराज सिंहको 'राजधानी छिरेपछि' (२०६६) कवितासङ्ग्रह उनको दोस्रो कवितासङ्ग्रह हो । 'अक्षर, खुर्पा र खुकुरीहरू' (२०६५) नामक कवितासङ्ग्रहपछि उनले 'राजधानी छिरेपछि' कवितासङ्ग्रहलाई प्रकाशन गराएका छन् । उनको 'राजधानी छिरेपछि' कवितासङ्ग्रहमा विभिन्न ४७ वटा शीर्षकमा कविताहरू सङ्कलित भएका छन् । प्रस्तुत लेखमा उनका ४७ वटै कविताहरूको छुट्टाछुट्टै विस्तृत विश्लेषण नगरी समग्रमा हेर्ने प्रयास गरिएको छ ।

प्रस्तुत कवितासङ्ग्रहमा कविका कल्पना, भावुकता, आशा, निराशा, आक्रोश, सुख, दुःख, पीडा, कष्ट, रोदन, छटपटी, शङ्का, अनुभव, चेतना, ज्ञान आदिको मिश्रण पाइन्छ । पहिलो कवितासङ्ग्रहपछि अझ खारिएका र थप अनुभव हासिल गरेका कविको कविताशिल्प यसमा परिष्कृत भएर आएको देखिन्छ । प्रस्तुत कवितासङ्ग्रह विविध पक्षसँग सम्बद्ध भएकोले विषयवस्तुमा एकरुपता पाइँदैन । यसमा एकातर्फ देशको चिन्ता प्रकट गरिएको छ भने अर्कातर्फ नेताहरूको अदूरदर्शिता, सत्तामोह आदिप्रति कडा व्यङ्ग्य गरिएको छ। जनताको जनादेश बिर्सेर आफ्नै दलगत स्वार्थमा लाग्ने नेताहरूलाई कवितामार्फत सजग गराइएको छ । सहिदको बलिदानलाई बिर्सेर उनकै रगतमा होली खेल्ने स्वार्थी र भ्रष्ट नेताहरूलाई कविताले सिस्नोपानी लगाएको छ । विदेशी अनुदान आएको पैसा विकास निर्माणमा नलगाई आफ्नै भुँडी भर्नेहरूलाई पनि कविताले दनक दिएको छ। कवितामार्फत तोकिएको समयमै संविधान बनाएर नयाँ नेपालको निर्माण गर्न आग्रह गरिएको छ। देश कसैको विर्ता नभएको र जनतालाई सधै शोषण गरेर उनीहरूको रगत र पसिनामाथि रजाइँ गर्ने शासक वर्गलाई कवितामार्फत झटारो हानिएको छ । राष्ट्रिय, समसामयिकता, सामाजिक, आर्थिक, राजनीतिक विषयवस्तुका साथसाथै

कवितामा शृङ्गारिक विषयवस्तुसमेत समेटिएको छ ।

प्रस्तुत कविता सङ्ग्रहभित्रका प्रत्येक कविताका शीर्षकभित्र दृष्टि डुलाउँदा पहिलो शीर्षक 'खबरदारी' मा जनताको पीडा बुझ्न र जनताको पीडा हटाउन खबरदारी गरिएको छ । 'नयाँ नेपाल बनाउने हैन' शीर्षकको कवितामा असमानता र अन्याय अन्त्य गरी नयाँ नेपाल बनाउने सन्देश दिइएको छ । 'युगसँग' शीर्षकको कवितामा देशलाई युगान्तकारी नेताको खाँचो भएको तर नेताहरू पथभ्रष्ट भएर देश डुबाउन सक्ने आशङ्का गरिएको छ। 'एउटा पत्र छोरीलाई' शीर्षकको कवितामा युद्ध, त्रास, साम्प्रदायिक दङ्गा आदिले बालबालिकामा परेको असरलाई देखाइएको छ । 'गोरखा एक वृत्तचित्र' शीर्षकको कवितामा गोर्खालाई युवतीसँग तुलना गरी न्यायदाता र विराङ्गनाको रूपमा चित्रण गरिएको छ । 'मित्र, देश कसैको पुर्ख्यौली विर्ता होइन' शीर्षकको कवितामा देशलाई विर्ता ठान्नेहरूलाई विर्ता नसम्झन आग्रह गरिएको छ । 'पीडाका रापहरूमा तिमी', 'फूलसँग', 'रात', 'चियाको कपमा उनी', 'तिमी', 'कवि र कविता', 'पहिलो भेट', 'भुल मेरो कहाँ भयो र ?', 'तिम्रो साथ पाएर', 'भित्रभित्रै सल्किरहेछु' जस्ता कवितामा शृङ्गारिकता पाइन्छ । 'नयाँ वर्षमा तिमी र म' कवितामा शान्त र सुन्दर नेपाल बनाई नयाँ वर्ष मनाउने सन्दर्भ प्रस्तुत गरिएको छ । 'हामी डटिरहनेछौँ चोकमा' शीर्षकमा कवितामा मानवअधिकार र स्वतन्त्रताको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । 'बाग्मती बूढीकन्या', शीर्षकको कवितामा स्वच्छ र पवित्र बाग्मती ढलमती बन्न पुगेकोमा चिन्ता प्रकट गरिएको छ । 'पीडाहरू फगत पानीका थोपाहरू' हुन् शीर्षकहरूको कवितामा नेपालीहरूका समस्या र तिनको मुक्तिको कामना गरिएको छ। 'मेरो मृत्युपछि' शीर्षकको कवितामा कृत्रिमता र देखावटीपनको विरोध गरिएको छ। 'विदेसिएको मन' शीर्षकको कवितामा वास्तविकता नबुझी विदेसिने प्रवृतिको व्यंग्य गरिएको छ। 'पहिरोग्रस्त आस्था' शीर्षकको कवितामा कुसंस्कार, कुरीति आदिले आस्थामै पहिरो गएको कुरा व्यक्त गरिएको छ । 'स्वाभिमान र विचरो कुटनीति' शीर्षकको कवितामा भारतका कारण कोसी नदीमा समस्या आएको र नेपाल सरकार भारतसामु निरीह भएको प्रस्तुति पाइन्छ । 'मुनाहरू' शीर्षकको कवितामा शासक वर्गले जनतारुपी मुनालाई बढ्न नदिएको कुरा उल्लेख गरिएको छ । 'मङ्सिर झुल्दै छ' शीर्षकको कवितामा राष्ट्रियता र प्रकृतिप्रेम पाइन्छ । 'जन्मँदा हाँस्नेहरू निरन्तर मृत्यु

बाँचिरहेका छन्' शीर्षकको कवितामा नियतिवादी जीवनदृष्टि प्रस्तुत गरिएको छ। 'राजधानी छिरेपछि' शीर्षकको कवितामा जनतालाई दुःख दिने गिद्ध, चिल, उल्लूरूपी जङ्गली मान्छेहरू 'राजधानी छिरेपछि' गाउँमा सुख, शान्ति छाएको सन्दर्भ प्रस्तुत गरिएको छ र यसै शीर्षकलाई पूरै कविताको शीर्षकचयन समेत गरिएको छ । 'हाय ! म स्वाभिमानी नेपाली' शीर्षकको कवितामा कमजोर स्वाभिमानको चित्रण गरिएको छ। 'अनुरोध' शीर्षकको कवितामा भौतिक संरचना ध्वस्त नपार्न अनुरोध गरिएको छ। 'खोइ हाम्रो देश' शीर्षकको कवितामा भुटानी शरणार्थीको पीडा देखाइएको छ । 'मान्छेको आँखाबाट झरेको मान्छे' शीर्षकको कवितामा मानवीय संवेदना र मानवता ह्रास हुँदै गएको कुराको चित्रण गरिएको छ। 'बिरानो आँगन' शीर्षकको कवितामा युद्धको चपेटा, त्रास, आतङ्क आदिले गाउँ रित्तिएको प्रसङ्ग उल्लेख गरिएको छ । 'मलाई तिम्रो साथ चाहिएको छ' शीर्षकको कवितामा नयाँ नेपाल बनाउन सबैको साथ हुनुपर्ने सन्देश दिइएको छ । 'जिन्दावाद ! मूर्दावाद !!' शीर्षकको कवितामा राष्ट्रियता र लोकतन्त्र खतरामा परेको सङ्केत गरिएको छ। 'तिम्रो महत्त्वाकाङ्क्षा' शीर्षकको कवितामा शोषणको चित्रण गरिएको छ । 'म दाउरा' शीर्षकको कवितामा आफू मेटिएर अरूलाई सुख दिने चाहना व्यक्त गरिएको छ। 'खोइ शान्ति कहाँ छ' शीर्षकको कवितामा हतियार रहेसम्म शान्ति कायम हुन नसक्ने भाव व्यक्त गरिएको छ। 'मखुण्डो भिरेको मान्छे' शीर्षकको कवितामा छेपारोले झैं रुपरङ बदल्ने अवसरवादीलाई व्यङ्ग्य प्रहार गरिएको छ । 'विदेशी अनुदान' शीर्षकको कवितामा विदेशी अनुदानको दुरुपयोग गर्ने र आफ्नो हैसियत थाहा नपाउनेहरूलाई व्यङ्ग्य गरिएको छ। 'जीवन रङ्गमञ्च' शीर्षकको कवितामा जीवनलाई रङ्गमञ्चको रूपमा चित्रण गरिएको छ। 'देश हराएको' शीर्षकको कवितामा राष्ट्रियता र अखण्डता गुम्दै गएको कुराप्रति चिन्ता प्रकट गरिएको छ । 'उदण्ड साँढे' शीर्षकको कवितामा जनविरोधी शासनलाई साँढेको रूपमा चित्रण गरिएको छ। 'कुहिरोभित्रको आकृति' शीर्षकको कवितामा प्रकृति चित्रण पाइन्छ । 'चस्केर दुख्छ मुटु' शीर्षकको कवितामा देशको सीमा मिचिएको कुराप्रति चिन्ता प्रकट गरिएको छ। अन्तिम शीर्षक 'समयसँग खेलवाड' मा समयलाई चिन्नुपर्ने र समयअनुसार चल्नुपर्ने सन्देश दिइएको छ ।

प्रस्तुत कवितासङ्ग्रह विषयवस्तु, विचार तथा भाव, बिम्ब तथा

प्रतीकका दृष्टिले निकै सशक्त देखिन्छ। विविध विषयवस्तुको प्रयोग, गद्यलयमा प्रखर अभिव्यक्ति, विम्बप्रतीकको सन्दर्भ अनुकूल प्रयोग शीर्षक चयनमा विविधता र सन्तुलित भाषाशैलीको प्रयोग प्रस्तुत कवितासङ्ग्रहका विशेषता रहेका छन्। लोकोक्ति तथा सूक्तिहरूको कमी, विचारको तीब्रताले भाव र कलापक्ष कमजोर देखिनु कवितासङ्ग्रहका ऋणात्मक पक्ष हुन्। समग्रमा हेर्दा भने गद्यलयमा संरचित प्रस्तुत कवितासङ्ग्रहले समसामयिक प्रस्तुति दिँदै नेपाली साहित्यमा एउटा असल इँटा थप्ने काम गरेको छ।

## सन्दर्भ सामग्रीहरू


- त्रिपाठी, बासुदेव र अन्य नेपाली कविता भाग-४, चौ.सं. ललितपुर साझा प्रकाशन, २०६० ।
- सिंह मणिराज, राजधानी छिरेपछि, काठमाडौं, ज्योति साहित्य प्रतिष्ठान, २०६३ ।
- सिंह मणिराज, अक्षर, खुर्पा र खुकुरीहरू, काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान, २०६५ ।

# शरद सुन्दरी

दैवकीदेवी तिमसिना

हे शरद सुन्दरी तिमी आऊ
तिम्रो स्वागतमा मैले काँसको फूलको गुच्छा
तैयार पारेकी छु
सुनौला धानका बालाहरूले
टपरी सजाएकी छु
टपरीभरि-भरि राता अक्षता मुछी राखेकी छु
तिम्रा बाटाभरि पारिजातका फूलको
गलैँचा ओच्छ्याएकी छु,
हे शरद तिमी आऊ
तिम्रो आगमनमा मैले
सयपत्री र बाबरी फुलाइसकेकी छु
शुभ्र बादलका थुङ्गाहरूमा
बतासका ती झोकाहरूमा
लहडिँदै उत्ताउलिँदै
मेरो अँध्यारो मनलाई आलोकित पार्न
तिमी बादलका रथमा चढेर आऊ !
शिशिरका शीतले भिजेको चन्द्रमाको
मुकुट पहिरिँदै, मेरो एकान्तलाई चिर्दै
हे शरद तिमी आऊ । तिम्रो चरणस्पर्शले
मेरो हृदय पुलकित पारिदिन्छ
तिम्रो शारदीय स्पर्शले
छिन्नभिन्न भएको मेरो मनको तार
फेरि जोडिदिन्छ
हे शरद सुन्दरी तिमी आऊ
तिमी आऊ ।

•

आसाम, भारत

# प्रेमका बाछिटाले भिजेका केही भावनाहरू

नरबहादुर दाहाल

असीमित आकाशको
उचाइमा
तिमी नजाऊ,
गयौ भने,
म तिमीलाई
छुनै नसकुँला ।

पतनको गहिराइमा
झरेर
अनुहार विकृत नबनाऊ,
बनायौ भने,
म तिमीलाई
चिन्नै नसकुँला ।

शून्य अन्धकारमा
विलीन भएर नजाऊ,
गयौ भने,
म तिमीलाई
खोज्नै नसकुँला ।

प्रत्येक पल
आँखामै रहु,
प्रत्येक रात
हृदयमै बस ।
स्वप्नजस्तो
कहिले नहराऊ,
हरायौ भने,
तिम्रो मुटुको स्पन्दन
सुन्नै नसकुँला ।

ए कविकी प्रियतमा !
धपक्क बलेकी छौ
रूपले,
छौ तिमी
अनुपमा ।
के भनूँ ?
शरद कि पूर्णिमा ?
कालो मेघलाई
ढाक्न नदेऊ,
जूनझैँ
मुहार मधुरिमा ।
ढाक्न दियौ भने
अस्ताएको सूर्यझैँ
तिमी
डुब्न लागेको
हेर्नै नसकुँला ।

यसैले
यहाँ,
छ, मायाको अनन्त सागर ।
यही अँगालोमा सधैँ
बाँधिएर बस ।

आस्था, विश्वासको
यही सम्झनामा ।
सधैँ
बाँचेर बस ।
चञ्चल, उत्ताल छाल भएर,
कुनै किनारा छुन नजाऊ,
गयौ भने,
म कवितामा रङ
भर्नै नसकुँला ।

# कालो सुट

**पद्मावती सिंह**

कालो सुटको कसैले नाम लिनासाथ मलाई लज्जा वोध हुन्छ। कालो सुट पहिरिने व्यक्तिको चर्चा चल्यो कि म त्यहाँवाट लुसुक्क हिँडिदिन्छु। कालो सुटमा सजिएको उसको युवा शरीर देखी मुग्ध नहुने को होला र ? उसको छ फिट अग्लो, गोरो हँसिलो अनुहार, तेजिला लाम्चा आँखा र ओठमा सधैँ खेलिरहने मोहक मुस्कानले जो कोहीलाई पनि सजिलैसित आफूतिर आकर्षित गर्ने सामर्थ्य राख्दछ। म मात्र अपवाद कहाँ हुन सक्छु र ...? म पनि उसको मोहक व्यक्तित्वको जादुको शिकार भएँ।

अहिले सम्झेर ल्याउँदा कस्तो-कस्तो लागेर आउँछ। संयोग नै भन्नु पर्ला, एक दिन एउटा साथीको विहेको पार्टीमा मैले देखेँ एउटा युवक कालो सुटमा सजिएर हातमा वियरको गिलास लिई हँसिलो मुद्रामा एउटी युवतीसित गफिरहेको ...। ऊसित गफमा मग्न युवतीसित मेरो राम्रो चिनजान भएकाले परिचय गर्ने लोभले म त्यतैतिर तानिएँ। सँगैको कुर्सीमा वसेर उनीहरूको कुराकानीमा सहभागिता जनाएँ।

'ओहो ! आशा सन्चै छौ ?' युवतीले मेरो उपस्थितिलाई स्वीकार गर्दै भनिन् -

'सन्चै छु।' सँगै बस्ने युवक को हो भन्दै आँखाले इसारा गरेँ।

'उहाँसित परिचय छ ?' उनले सोधिन्।

'अहँ ! परिचय गराइदेऊ न।' कालो सुट पहिरेको प्रभावशाली ऊ व्यक्तित्व भएको युवकतिर प्रश्नात्मक दृष्टि फ्याँकेर मैले सोधेँ।

'ए, उहाँ हुनुहुन्छ, आवेश शर्मा।' सम्झनाले परिचय गराइन्।

'उहाँसित मेरो भेटघाट भइसकेको छ।' मधुर मुस्कान वातावरणभरि छरेर उसले भन्यो।

"कहाँ ?" थाहा नपाएझैँ गरी मैले सोधेँ।

'बागबजारको पसलमा ... वर्षाको साँझमा ...।' उसले निर्धक्क हाँस्दै भन्यो। पानी परेको वेला ओत लाग्दा उसलाई मैले देखेकी थिएँ। मैले केही लजाई, अनकनाई भनेँ - 'हो त नि ...।'

"ल, एक छिन अरू साथीहरूसित पनि भेटघाट गरौं । दुई जना गफगाफ गरी वस्नू है ।" सम्झना त्यहाँबाट अर्कै समूहमा मिसिन पुगेपछि हामी दुईबीच धेरैबेर गफगाफ चल्यो ।

त्यस पार्टीमा सर्भ गरिएको पेय पदार्थ र स्न्याक्समा रमाउँदै हामीले एकअर्कासित परिचय साटासाट गऱ्यौं । उसको व्यक्तित्व मात्र आकर्षित होइन रहेछ, बोलीचाली शिष्ट तथा व्यवहार पनि सभ्य पाएर म झनै ऊप्रति आकर्षित नभई रहन सकिन ।

उसलाई हल्का नशा छाएको मैले अनुभव गरें । वोल्दा उसको वोलाइको प्रसङ्ग अलि नमिलेपछि मैले ऊबाट बिदा मागें । त्यसपछि हाम्रो धेरै अन्तरालसम्म भेट भएन । भेट नभए तापनि उसको उपस्थितिलाई आफूभित्र अनुभव गर्दै रहें ।

एक दिन पत्रिका पसलमा मधुपर्क पत्रिका किन्न जाँदा एउटा पत्रिकामा उसको कालो सुटमा सजिएर विभिन्न मुद्रामा मोडलिङ गरेको तस्वीर देखी म हेऱ्याहेऱ्यै भएँ । ऊ त मोडेल पो रहेछ ...! आफ्नो व्यक्तित्वअनुसारको पेशा अपनाएको रहेछ भनी मनमनै उसको आकर्षक व्यक्तित्व र देहको प्रशंसामा डुबी रहें ।

दिनहरू विते, महिनाहरू विते अनि वर्ष पनि बित्यो ।

एउटा पारिवारिक सानो भेटघाटमा उसको कालो सुट र उसको आवरणबारे निक्कै टिकाटिप्पणी सुनें ।

मामाको छोरा केशव दाइले भन्नुभयो - "त्यो कालो सुट लाउने युवकलाई जहींतहीं पार्टीमा भेट्न सकिन्छ । सुनिन्छ ऊ नबोलाए तापनि निर्धक्क उपस्थित हुने गर्दछ । विवाह पार्टीमा मात्र हैन, अन्य साहित्यिक र विजिनेस पार्टीमा समेत उपस्थित हुन ऊ हिचकिचाउँदैन । टन्न पिएर कहिलेकाहीं आफ्नो आकर्षक व्यक्तित्वका कारण युवतीहरूसित सम्पर्क बढाएर पटाउने र ठग्ने कामसमेत गर्दछ ।

दाइको कुरा सुनेर म जिल्ल परें । ऊसितको भेटघाट र बोलचालमा ऊ त्यस्तो मलाई लागेन । उसको शिष्टता र सौम्यताले मलाई प्रभावित पारेको मैले अघि नै बताइसकें ।

हो न हो - दाइले भनेको मान्छे अर्कै पो हो कि ...? अपत्यारको भावमा मेरो मन अल्झिरह्यो । एकचोटी ऊसित भेट्ने मान्छेले दाइको कुरालाई पत्याउन गाह्रो छ ।

त्यति मात्र कहाँ हो र धेरैलाई ठग्ने तथा कति युवतीलाई आफ्नो

रूपको वशमा पारी यौनजन्य अपराध पनि गर्छ रे । त्यहाँ उपस्थित केटीहरूतर्फ हेरी दाइले 'सतर्क हुनू है' भन्नुभयो ।

दाइले भन्नुभएको मान्छे अर्कै मान्छे हुनुपर्छ । दाइले ऊबारे गरेको टिप्पणीलाई मैले पत्याउनै सकिन । ऊबारेको प्रसङ्ग यहीँ टुङ्ग्याउँ । म त्यहाँबाट हिँडें ।

एउटा विवाहको पार्टीमा ऊसित धेरैपछि फेरि भेट भयो । त्यस दिन पनि ऊ कालो सुटमै सजिएको थियो । मलाई देख्नासाथ ओठभरि मुस्कान छरी ऊ मैतिर लम्केर आयो ।

'चिन्नुभो मलाई ?'

'किन नचिन्नु ...तपाईलाई त्यसै कहाँ बिर्सन सकिन्छ र ।' मैले अभिवादन गर्दै भनें ।

'साँच्ची ...?' ऊ म नजिकैको सिटमा बस्यो ।

त्यसपछि हामी दुईबीच कुराकानीको लामो सिलसिला चल्यो । आफ्नो परिचय दिएअनुसार उसले लण्डनबाट एम.बी.ए. पास गरेको रहेछ । ऊ एउटा ठूलै बिजिनेस कम्पनीमा जेनरल म्यानेजर पदमा कार्यरत रहेछ । उसको कुराकानीअनुसार ऊ एक सम्पन्न परिवारको एक्लो सन्तान रहेछ ।

आफ्नो मनभित्रको सन्देहलाई मेट्न सोधें - 'तपाईले मोडलिङ पनि गर्नुहुँदो रहेछ नि ...!'

'कहाँ मोडलिङ गर्नु ...?' निष्फिक्री हाँसो मतिर फ्याँक्दै उसले भन्यो, "यस पत्रिकाको एडिटर मेरो साथी हो । एकचोटी उसले मेरा थुप्रै फोटाहरू खिचेको थियो । केही फोटो यसले आफ्नो पत्रिकामा छापिदियो । त्यसपछि त मलाई मोडलिङ गर्ने अफर आउन थाल्यो । अस्वीकार गर्दागर्दै हैरान भएँ । त्यति मात्र कहाँ हो र.... धेरै केटीहरू मेरो पछि लागे ।" ऊ खित्का छोडी हाँस्यो ।

उसको हाँसो मलाई अलि अस्वाभाविक लाग्यो ।

दाइले भनेको मान्छे कहीँ यही त होइन भनी शङ्काले मनमा शिर उठायो । ऊबारे भेद पत्ता लगाउने उत्सुकता मभित्र जागृत भयो ।

उसको कार्यालयको नाम र टेलिफोन नम्बर मैले आफ्नो डायरीमा नोट गरें ।

'म तपाईलाई अफिसमा भेट्न आउँछु ।'

'विशेष काम केही छ कि ?' उसले सन्देहात्मक दृष्टि मतिर फ्याँक्दै सोध्यो ।

"तपाई त्यति ठूलो पदमा हुनुहुँदो रहेछ । यसो जागिरसागिर मिलाइदिनु

हुन्छ कि भनी ...।" मैले सरासर भूठ बोलें। भैहाल्छ नि ...। म यही हप्ता विजिनेस मिटिङमा सहभागी हुन केही हप्ताको लागि विदेशतिर जाँदै छु। अफिसमा त म साह्रै व्यस्त रहन्छु। वरु तपाईंलाई मिल्छ भने कतै रेष्टुरेन्टतिर भेटौं न। त्यहीं एउटा आवेदन पत्र र आफ्नो वायों-डाटा लिएर आउनुस्। उसले मेरो मनलाई छाम्दै भन्यो।

मैले एक दिन सोचें र 'हुन्छ' भने। दरबार मार्गको एउटा गजल गाउने रेष्टुरेन्टमा भोलिपल्ट साँझ छ बजे भेट्ने तय भयो। उसबारे अरू बढी जान्ने यसलाई एउटा मौकाको रूपमा लिएँ। मनले खबरदारी गर्दागर्दै पनि उसको प्रस्तावलाई मैले स्वीकारें।

भोलिपल्ट पानीको हाहाकार भए तापनि नुहाइधुवाइ दरबार मार्गको उसले बोलाएको रेष्टुरेन्टमा ठीक छ बजे उपस्थित भएँ। सात बजेपछि त्यहाँ सङ्गीतको प्रोग्राम पनि हुँदो रहेछ। त्यहाँको वातावरण एकदम मनमोहक थियो। त्यसमाथि उसको साथ र मीठो बातले म एक प्रकारले लठ्ठिरहें। कुनै रेष्टुरेन्टमा पुरुषसित मेरो पहिलो भेट थियो।

उसले दुई घण्टाको बसाइमा धेरै मीठा-मीठा कुरा गऱ्यो। उसको कुरा जति सुने पनि सुनिरहूँ जस्तो मलाई लाग्यो। उसले मलाई मेरो योग्यताअनुसार गतिलो जागिर खोजिदिने आश्वासन दियो। हल्का पेय पदार्थ र स्न्याक्स खाँदै, गजल सुन्दै दुई घण्टा बितेको पत्तै भएन। उसको आग्रहअनुसार हामीले डिनर पनि खायौं। डिनरपछि कफि मगाउँदै उसले बिल माग्यो।

विलमाथि सरसर्ती आँखा दौडाई उसले कालो प्यान्टको गोजीमा हात घुसाऱ्यो।

त्यसपछि केही हडबडाएझैं गरी जुरुक्क उठ्यो र अर्को गोजीमा हात घुसाऱ्यो।

'लौ, मेरो मनिब्याग त पिकपकेट भएछ', ऊ आत्तिएझैं देखियो।

'कति रकम थियो ?'

'आजै तलब बुझेको ...पच्चीस हजार ...।'

'हत्तेरी ! आज कत्रो क्षति भएछ तपाईंको ...पूरै एक महिनाको तलब गुमाउनुभयो ...।' मैले अफसोच प्रकट गर्दै भनें।

'क्षतिको कुरा छोड्नोस् ...। यहाँ त इज्जतको सवाल आयो। बील कसरी तिर्ने ?'

'बिलको चिन्ता नगर्नोस्, मसित छ।' यसो भन्दै ब्यागबाट रुपैयाँ झिक्दै मैले भनें र बीलको भुक्तानी दिएँ।

आइ एम रियल्ली भेरी सरी  तपाईलाई बिल तिर्न लगाउनुपरेकामा म साह्रै लज्जित भएँ ।

'लज्जित हुनुपर्ने कुरा नै के छ र ...। अर्को पटक तपाईं तिर्नुहोला नि...।' मैले हाँस्दै भनें तर सोह्र सयको विल तिर्नुपरेकामा मनमनै खिन्नताबोध भइरहेको थियो । धन्न ब्यागमा दुई हजार रुपैयाँ घरको किनमेल गर्न बोकेकी थिएँ र उनको सामु इज्जत राख्न सकें ।

छुट्टिनुअघि मैले उसको मोवाइल नम्बर लिएँ र आफ्नो मोवाइलमा सेभ गरें ।

फेरि भेट्ने बाचा गर्दै हामी दुई छुट्टियौं । दुई घण्टाको उसको साथ र मीठो बातको लागि सोह्र सय खर्च भए पनि चित्त वुझाएँ ।

एक महिनापछि उसको अफिसको नम्बरमा फोन गरें । जति पटक मोबाइलमा फोन गर्दा पनि 'स्वीच अफ गरिएको छ' भन्ने आवाजले म दिक्क भई मैले अफिसमा फोन गरेकी थिएँ ।

तर फोन त एउटा गोदाममा पो पऱ्यो ।

'यो आवेशजीको कार्यालय होइन ?' पुनः नम्बर डायल गरी मैले सोधेँ ।

'माफ गर्नुहोला, यो कुनै कार्यालय होइन, काठको गोदाम हो ।' उताबाट आवाज आयो । त्यसपछि लगातार मोबाइलमा सम्पर्क गर्न खोजें मैले । बलतल्ल मोबाइलको घण्टी बज्यो । मोवाइलबाट 'हेलो को हँ' भन्ने आवाज आउनासाथ मैले प्रसन्न भई सोधेँ - "यो आवेशजीको मोबाइल हो ?"

'को आवेशजी ? रङ नम्बर ...!' एउटा नारीस्वर सुनियो ।

'यो ९८४१३३३४१६ होइन ?' पुनः सोधेँ मैले ।

"नम्बर त उही हो तर यो आवेशजीको मोबाइल होइन, मेरो हो प्रिया श्रेष्ठको ....।" यति भन्दै नारीस्वर सम्पर्कविहीन भइन् ।

"उफ् ! दुइटै नम्बर गलत दिएछन् ...। कस्तो फटाहाको फेला परिएछ... । मनमनै म दिक्क भएँ ।

उसको खोजीमा म वेचैन भइरहेकी थिएँ । खोजी जारी नै थियो । एक्कासि कान्तिपुर दैनिकमा 'ठगी तथा यौन व्यापारमा संलग्न एक जना अभियुक्त' भन्ने शीर्षकमा एउटा समाचारमा उसको फोटो छापिएको देखी म स्तब्ध भएँ । कालो सुटमा आवेश हतकडीमा शिर निहुराई उभिएको थियो । उसको फोटोसहितको समाचार पढी मेरो खुट्टामुनिको जमिन हल्लियो । उसले धेरैलाई ठगेको र धेरै महिलालाई आफ्नो रूपको जादु चलाई बलात्कार गरेको

समाचार पढी धेरैवेर म हतप्रभ भइरहेँ ।

केशव दाइले चर्चा गरेको व्यक्ति ऊ नै रहेछ ...!

दाइको कुरा नपत्याएको र ऊसित आकर्षित भई सम्पर्क बढाएकामा मनमनै लज्जित भएँ म । मान्छेको व्यक्तित्व, व्यवहार र वास्तविकतामा कति भिन्नता हुँदो रहेछ ! मलाई केहीवेर त पत्याउनै गाह्रो भयो तर वास्तविकता सामुन्ने तेर्स्याइएको समाचारले पुष्टि गरिरहेको थियो ।

तै ऊसित मेरो सम्पर्क त्यही रेष्टुरेन्टको भेटघाटमै सीमित रह्यो । उसको यौन दुर्व्यवहारको शिकार धन्न भइनछु । यसैमा मैले सन्तोषको सास फेरेँ ।

जिन्दगीमा यस्ता घटनाहरू पनि घट्दा रहेछन् । आधुनिक युगको उपज हो आवेशजस्तो युवा । शिक्षित वेरोजगार पथभ्रष्ट भई कुलतमा फसेको ऊ एक उदाहरण हो । मनमनै उसको मूल्याङ्कन गरेँ मैले ।

त्यसपछि कालो सुटको मोहमा फसेर म कति वेवकुफ भएँ भन्ने कुरा बल्ल बुझेँ मैले ।

"ओहो ! म बर्बाद हुनवाट जोगिएछु" मैले आफैले आफैलाई सान्त्वना दिएँ ।

त्यसपछि कालो सुट पहिरिने त्यस आकर्षक युवकलाई सधाका लागि मनवाट सरक्क मेटिदिएँ ।

•

# अशिक्षित हुनाको पीडा

## पिताम्बरा उपाध्याय "पीयूष"

जीवनका सात दशक काटेर आठौं दशकको पनि एक चौथाइ पार गरिसक्दा अशिक्षित हुनुको पीडाबोध होला भन्ने मैले सोचेकी नै थिइन । चौध वर्षको उमेरदेखि साक्षर मात्र होइन शिक्षित र पत्राचार गर्न सक्ने किशोरीका रूपमा समाजमा चिनिएकी थिएँ । धेरै नारीहरू मकहाँ पत्र लेखाउन भनेर आउने गर्दथे । निजहरूको कुरा र समस्या सुनेर आफ्नो अल्पबुद्धि र सीप अनुसार भाखा मिलाएर पत्र लेखिदिन्थेँ । केही ज्यादै खुसी भएर धन्यवादसमेत दिएर जान्थे भने केहीको अनुहार अलि अँध्यारो पनि हुने गर्दथ्यो । कारण, पत्र पाउने सितको उनको सम्बन्ध र पत्रको भाखाबीच तालमेल नमिलेको भान उनलाई हुने गर्दथ्यो । आफूले कस्तो सीप लगाएर पत्र लेखिदिँदा पनि सन्तोष नमान्नेप्रति मलाई पनि मनमनै रीस उठ्दथ्यो तर मुखले केही भन्दिनथे । उनीहरू पनि म रिसाउँछु होला भनेर पुनः भाखा मिलाएर लेखिदिन भन्दैनथे र सुरुसुरु जान्थे । तिनको मनोभाव र पीडाको बोध आज ६ दशकपछि मलाई भइरहेको छ । ती नारीहरू शिक्षित भएको भए कति सशक्त भाखामा आफ्ना यथार्थ भाव पोखेर पत्र लख्दथे होलान् । तर, अशिक्षित हुनाको पीडाले खुम्चिएर मैले लेखेकै पत्रबाट तिनीहरूले काम चलाउनुपर्दथ्यो । आज अशिक्षित हुनाको स्थितिमा मैले अरूकै भर परेर काम चलाउनुपरिरहे जस्तो ।

त्यस्ता महिलाहरूमध्ये कतिको भनाइ म अहिले झल्झली सम्झिरहेकी छु । काशीवास बसेकी माइज्यू बज्यै आफ्नी सौतासँग खर्च छिटो पठाइदिने अनुरोध गरेर पत्र लेखाउन आएकी थिइन् । पतिको मृत्युको केही वर्षपछि आफ्नो घरबार सौताको जिम्मामा छोडेर निःसन्तान माइज्यू बज्यै काशीवास गर्न आएकी थिइन् । सौताले पनि समय-समयमा निश्चित रकम पठाउने आश्वासन दिएर उनलाई पठाएकी थिइन् । दुईतीन वर्षसम्म पहाडबाट आउने व्यक्तिहरूले सौताले पठाएको खर्च ल्याई पनि दिन्थे । हाल झण्डै एक वर्षदेखि उनले खर्च पाएकी थिइनन् । बत्ती कातेर बेची उनले जसोतसो जीविका धानेकी थिइन् । सोही परिप्रेक्ष्यमा खर्च छिटो पठाइदिने अनुरोधसहितको पत्र

लेखाउन उनी आएकी थिइन् । सौतेनी सम्बन्धको मर्म नबुझेकी मैले भने हुनसम्म फूलबुट्टा भरी बैनीमाथि बैनी सम्बोधनसमेत गरी ती सौताको सहृदयताको तारिफ गरेँ अनि विनम्र भएर मीठो भाखामा खर्च छिटो पठाइदिने अनुरोध गरेकी थिएँ । सौताको त्यतिविधि तारिफ गरेको र आफ्नो हकको खर्च माग्दा पनि त्यति विनम्र भाखामा गरेको अनुरोध निश्चय पनि माइज्यू बज्यैलाई मन परेन । पर्ने कुरा पनि थिएन । उनले भनि पनि हालिन्, 'यति मीठो भाखामा नलेखेको भए पनि हुन्थ्यो ।' तर, उनले मलाई अर्को पत्र लेख्न भनिनन् । त्यही पत्र खाममा राखी ठेगाना लेखाई टिकटसमेत टाँस्न लगाएर लगिन् । त्यतिखेर ती माइज्यू बज्यैको मन कति कुँडिएको थियो होला र स्वयं शिक्षित हुन नपाएकोमा कति दुःख लागेको थियो होला त्यसको अनुभूति मलाई आज हुँदै छ ।

त्यस्तै अर्की महिला राधिकाको व्यथा छ । पति विदेशिएको दस वर्षसम्म पनि अत्तोपत्तो नपाएर उनी कलकत्तामा नोकरी गर्ने आफ्ना जेठाजु कहाँ गई पतिको खोजतलास गराउन वर्षदिन त्यही बसिछन् । केही पत्तो नलागेर आफू पनि कतै भान्से भई काम गर्ने उद्देश्यले काशी आएकी रहिछन् । उनका जेठाजुले उनी गएपछि घर शून्य भएको नानाथरीका कुरा लेखेर धेरै पत्र पठाएपछि उनी उत्तर लेखाउन मकहाँ आइन् । उनले जेठाजुका पत्र मलाई देखाइनन् तर भनिन् "वहाँलाई जस्तै मलाई पनि शून्य लागेको छ र मेरा पनि आँखा ओभाएका छैनन् भन्ने लेखिदिनुहोस् है ।" भर्खर किशोर अवस्थामा प्रवेश गरेको मैले उनको कथनको भाव बुझ्न सकिनँ, उनको मुखमा हेरेँ आँखा ओभानै थिए । रोएको वा रसाएको चिह्न कतै थिएन तैपनि उनले भनेअनुसार पत्र लेखिदिएँ । आज सम्झँदा उनको भनाइको आशय बुझ्दछु शिक्षित भएकी भए कति भावपूर्ण भाषामा राधिकाले आफ्नो व्यथा पोख्ने थिइन् र जेठाजुलाई सान्त्वना दिन्थिन् होला । राधिकाले भोगेको अशिक्षित हुनाको पीडाबोधले आज मेरो मन ज्यादै-ज्यादै व्यथित छ ।

मेरी हजुरआमाले विद्यालयको शिक्षा पाउनुभएको थिएन तर घरमा अक्षर चिनेर गणेश स्तोत्र, सरस्वती स्तोत्र, कण्ठ पार्नुभएको थियो । कनिकुथी पत्र लेख्न र पढ्न सजिलै सक्नुहुन्थ्यो । विधवा भएपछि वहाँले श्रीमद्भागवतको एक अध्याय नित्य पाठ गर्नुहुन्थ्यो र साँझमा तुलसीकृत रामायण सस्वर पढेर हामीलाई सुनाउनुहुन्थ्यो । आफ्नो त्यो शिक्षा वहाँले ज्यादै उदार भएर बाँड्ने काम गर्नुभयो । काशीमा घरको काम गर्न वा भान्से बस्न आएका महिलाहरूलाई भेला गरेर वहाँले अक्षर ज्ञान दिने र साधारण लेखपढ गर्न सक्ने तुल्याउने

अभियान नै थाल्नुभयो । मलाई सम्झना भएअनुसार वहाँको प्रयत्नले झण्डै साठीसत्तरी जना महिलाहरू साक्षर भएका मात्र होइनन् गणेश स्तोत्र र सरस्वती स्तोत्र पाठ गर्न तथा साधारण लेखापढी गर्न सक्षम भएका थिए। प्रशिक्षण कार्यक्रमको सिलसिलामा गाउँ-गाउँमा साक्षरता अभियान सञ्चालन गर्दा मेरी हजुरआमाले गरेको त्यो उदाहरणीय दान वा समाजसेवाको म सधैँ सम्झना गर्दथेँ । त्यतिखेर हामी वहाँको कार्यको महत्त्व नबुझेर हाँसो गर्थ्यौं तर कार्य कति महान् थियो भन्ने कुरा आज स्पष्ट हुन्छ । प्रौढ शिक्षाका मन्त्र 'Each one Teach one' लाई वहाँले B.Ed. नगरीकनै आत्मसात् गर्नुभएको रहेछ भन्ने कुरा मैले **B.Ed.** को कोर्स पढ्दा बुझ्न सकेकी थिएँ । तीन जना सौताहरू र ६ जना सौतेनी छोराछोरीहरूका बीच रहेकी मेरी हजुरआमाले अशिक्षित हुँदाको पीडाबोध राम्ररी गर्नुभएको रहेछ र सकेसम्म आफ्ना सम्पर्कमा आएकाहरूलाई साक्षर बनाउने काममा वहाँ लाग्नुभएको रहेछ । आज वहाँको त्यस महान् कार्यप्रति श्रद्धाले नतमस्तक भएकी छु ।

छ दशकअघि साक्षर मात्र होइन शिक्षित मानिएको किशोरी, पाँच दशकअघि उच्च शिक्षा प्राप्त गरी त्यति बेलादेखि नै शिक्षण प्रतिक्षण, लेखन, सभागोष्ठी सञ्चालन आदि कार्यमा संलग्न यस पङ्क्तिकारलाई अशिक्षित हुनाको पीडाबोध हुनुमा कतिपय व्यक्तिलाई आश्चर्य लाग्न सक्छ तर यसमा आश्चर्य मान्नुपर्ने कारण भने छैन । समयका साथै जीवन शैलीमा परिवर्तन शिक्षा क्षेत्रमा यान्त्रिकताको बढ्दो प्रभाव र मानिसको मनोवृत्ति र सोचमा परिवर्तनले गर्दा पचास वर्षअघिको स्नातक गुरुआमा, प्रथम श्रेणीको अधिकृत तथा अनेक साहित्यिक सम्मान पाएको यस पङ्क्तिकारले आफूलाई अशिक्षित मान्न र दुःखी हुन बाध्य हुनुपरेको छ । शिक्षाको अर्थ अक्षर ज्ञान, भाषा एवं साहित्यको ज्ञान, शास्त्रको अध्ययन, चिन्तन र लेखन सामर्थ्य, अभिभाषण र शिक्षण-प्रशिक्षण कलामा दक्षता मात्र रहेन । यी सबै कुराको नापजोख गर्ने साधन आज कम्प्यूटर भएको छ । ई-मेल गर्न, फ्याक्स गर्न, कम्प्यूटरमा च्याट (वार्ता) गर्न, फेसबुकबाट संसारभरिको दृश्य र ज्ञान हासिल गर्न नसक्ने व्यक्ति आज अशिक्षित नै मानिन्छ । त्यतिमात्र होइन । निरक्षसरह नै विवश पनि हुन्छ ।

पत्र लेखौँ भन्यो Snail mail पढ्ने मानिसको प्रवृत्ति छैन र च्याट गर्न आफूलाई आउँदैन । फोनमा मनका भाव पोखौँ भन्यो अर्को पक्षले 'ओहो डायरी नखोल्नुहोस् न" भनिहाल्छन् । किताब पढ्न पनि कम्प्यूटर नै खोल्न जान्नुपर्‍यो । लेख, कविता प्रकाशित गर्न पनि कम्प्यूटरकै शरण पर्नुपर्‍यो अनि

अक्षर ज्ञान र चिन्तनको मात्र के काम ? कहिलेकाहीँ खेल्न मन लाग्यो भने त्यो कामको साथी पनि कम्प्यूटरलाई नै बनाउनुपर्ने । यस स्थितिमा कम्प्यूटरको भाषा नबुझ्ने, चलाउन नजान्नेले अशिक्षित हुनुको पीडाबोध न गरेर के गर्ने त ? अनि माइज्यू बज्यै र राधिकाको जस्तै 'मनको बह कसैलाई न कह' भन्यो, चुप लाग्यो । समाचार रेडियोले भन्थे, टी.भी.ले देखाउँथे । अब त ती सारा काम पनि कम्प्यूटरले नै गर्दछन् । विश्वका जुनै कुनाको देश हुन् तिनको समाचार दृश्य सहित कम्प्यूटरमा नै आउँछ । सो चलाउन नजान्नेले अरूलाई नै त्यसको लागि गुहार्नुपर्दछ । माइज्यू बज्यै र राधिकाले यस पङ्क्तिकारलाई गुहारेजस्तै ।

मेरी हजुरआमाजस्तै मर्म बुझ्ने कम्प्यूटर चलाउन जान्नेसित सिक्ने जमर्को पनि गरेँ तर सत्तरी वर्ष काटी असीतिर लम्केका र मोतियाबिन्दुको अपरेशन गरी कमजोर भएका हाई पावर चश्मा चढेका आँखाले साथ दिएनन् । अतः शेष जीवन अशिक्षित हुँदाको पीडा बोकेर नै बिताउनुपर्ने देख्दछु ।

नेपालमा २००७ सालयता शिक्षा र साक्षरताको क्षेत्रमा अन्य क्षेत्रको तुलनामा निकै प्रगति भएको तथ्य सर्वमान्य छ । हाल पनि शिक्षा एवं साक्षरताको क्षेत्रमा विशेष विस्तार गर्ने प्रयास भइरहेको छ । सहरी क्षेत्रमा मात्र होइन, तराई, पहाड एवं हिमाली क्षेत्रमा पनि शिक्षामा गुणात्मक एवं सङ्ख्यात्मक प्रगतिका लागि पाइला चालिँदै छन् तर चुरो के भने, अब केवल साक्षर ज्ञान, भाषा ज्ञान, शास्त्र ज्ञान मात्रले व्यक्ति शिक्षित र साक्षर पनि भएको मान्न नसकिने तथ्य समयको र प्रविधिको परिवर्तनले देखाएको छ । अतः शिक्षा एवं साक्षरताको विस्तार गर्ने योजनाकारहरूको ध्यान यतातिर जानु अत्यन्त जरूरी छ । कम्प्यूटर शिक्षा र तत्सम्बन्धी ज्ञान भएन भने नेपाली जनता सङ्ख्यामा जतिसुकै बढी शिक्षित र साक्षर देखिए पनि वस्तुतः समयानुकूल व्यवहार गर्नका लागि असक्षम भएर तिनले पनि यस पङ्क्तिका लेखकले जस्तै अशिक्षित हुनाको पीडाबोध गर्नुपर्ने स्थिति स्पष्ट छ । यो स्थिति आउन नपाओस् यही नै कामना गर्दछु ।

•

# आह्वान

मञ्जु काँचुली

मुटु, छाल र फूलहरू
तिनीहरूका आकाश, गोरेटा र मोडहरू
समय : उतार र चढाव छ
समय : पानी छचल्किएको आधा घैँटो छ
सुस्केरा र प्यास नाघिसकेका जिन्दगीहरू
आकाङ्क्षामा पूर्ण विराम लागिसकेका भोगाइहरू
मुख बन्द पारिएका असपटाइ
र चुपचाप भाखाहरू !

फुस्रा खेत र माटाका डल्लाहरूका
हाम्रा अनुहारमा
चट्याङ पर्छ, परिरहन्छ, पहिरो खस्छ, खसिरहन्छ
हाम्रो आस्था र मन ओइलाउँछ, ओइलाइरहन्छ

भुलभुलैयामा एक खोरबाट भित्री खोर पुऱ्याइन्छ
अझ भित्री खोरमा मानव अधिकार विचलन हुन्छ
हामी त्रस्त मानिसका खण्डित आस्थाहरू
प्रतिविम्बित निर्वासनका लहरहरू : भग्नावशेष र समग्र अवशेषहरू

ती लहरहरू, भरी र खाली सिउँदोजस्तै लाग्छ
हामी चिच्यायौँ सहाराका लागि
तर कसले सुन्छ ?

हामी मारिइँदैछौँ बीचैमा निर्दोषमा; खेमामा र वीरतामा
कसले बचाउँछ ?
हाम्रा वीभत्स करुणा ध्वनि र दृश्यहरू
वातावरणकै दस्तावेजमा बन्द चित्रित हुन्छौँ

हाम्रा मुटु, छाल र फूलहरू
यो माटोको झोलाभित्र कैद भएका हुन्छौं
निर्वासनमा काकाकूलका बथानसँगै
हामी पछि लाग्दै गरेका हुन्छौं

नदीले कसरी सीमा काटेर
माया मार्नुपर्दो रहेछ
पहिरोले कसरी आफैलाई छोडेर
लड्दै तल झर्नुपर्दो रहेछ

रूख र रिटेनिङ पर्खाल
पहिरोलाई दिन
एउटा सुरक्षित बाँध
नदीलाई दिन

कमसे कम सबै सँगै बसौं न
आँगन, चौतारी वा मझेरीमा
फर्कने मोडहरू भएको निष्कर्षको
वार्ताको सुन्दर गोरेटो बनाउन !

•

# शरहमा एउटा पात

**मञ्जुल**

शहरमा एउटा पात
र एक जना स्वास्नीमान्छे उस्तै लाग्छ

स्वास्नीमान्छे
रूखमा हल्लिरहेको पातजस्तै लाग्छ

पात
बाटोमा हिंडिरहेकी स्वास्नीमान्छेजस्तै लाग्छ

दुवैमा
एउटै गुन छ - मातृत्व

एउटाले
मानव समाजलाई सिँगारेको छ
अर्कोले प्रकृतिलाई

पातमा भएजस्तै
स्वास्नीमान्छेमा पनि नसाहरू छन्

सपना पनि त्यत्तिकै छन्
आँसु र हाँसो पनि त्यत्तिकै छन्
पात र स्वास्नीमान्छेमा

पात र स्वास्नीमान्छे,
उस्तैउस्तै छन् - मेरा लागि

भुँइमा झरेको पात देख्दा पनि
सुतिरहेकी स्वास्नीमान्छेजस्तै लाग्छ मलाई
आमाजस्तै लाग्छ ।

कविता

# मोहभङ्ग

मणिराज सिंह

ती अक्षर,
जो गुराँस भएर फुल्न सकेनन्
ती हरफ,
जो घाम बनेर मुस्कुराउन सकेनन्
ती आख्यान,
जो कविता बुनेर चल्मलाउन सकेनन्
ती आवाज,
ती आघात
ती स्पर्श
खालि निर्जन मनहरूमा सुक्क-सुक्क सुकसुकाइरहे
आस्थाको पहाड भएर उभिन सकेनन्
ती पात
ती फूल
ती काँडा
बिहानका कोमल किरणहरूमा चियाउन सकेनन्
पसिनाको गन्धमा मिसिएर बग्न सकेनन्
आफ्नै रूप र अनुहार
नटेकेका गोरेटाहरूमा
भित्रभित्रै बलिरहेका
तिर्सनाका आसासहरू
पानीको मीठो स्पर्श
र मट्यौलो गन्धसँग
बसाइँ सरेर साँझपख
जब मन अस्ताउन लालायित हुन्छ
ती ढुङ्गा
ती नदी

ती ताल
आफ्नै परिवेश र बगरमा
बादलझैं भुवा भएर
विचलित, विह्वल
भित्रभित्रै बग्न थाल्छन्
विष पिएका ओठहरू
चञ्चल, रक्तिम आँखाहरू
बिरानो गल्लीमा एकैछिन
मातेर, पाइला जब लर्बराउन थाल्छन्
धर्म र कर्मका मर्महरू
छताछुल्ल घोप्टिन्छन् बस्तीवरिपरि
आस्थाको पहाड
एकै निमेषमा बिरान हुन्छ
ती अक्षर
ती हरफ
ती आख्यान
बलेर पग्लिन थाल्छन् हिउँसरी ।

# स्व. भवानी घिमिरेसँगका केही क्षण

मोहनबहादुर कायस्थ

भवानी घिमिरेसँगको मेरो परिचय डेढ दशक लामो हुन पाएन । म पछि परेँ उनलाई चिन्न । साहित्यिक पत्रकार सङ्घ खडा गरेर साहित्य क्षेत्रमा पदार्पण गरेका भवानी यता युगौँ भने हुने 'भानु' पत्रिकाका संस्थापक भएर भानुस्मृति जगाउँदै छन् । साहित्यिक पत्रकार सङ्घका संस्थापक अध्यक्ष भएर गरेको योगदान कसैले बिर्सन चाहेर पनि त सकिन्न, होइन र ? साहित्यकार क्षेत्रप्रताप अधिकारीले भवानी घिमिरे साझामा महाप्रबन्धक हुँदा कुराकानीको दौरानमा भन्थे - पञ्चायती राजकाजमा प्रगतिशील धारका तिक्खर व्यक्ति साझामा प्रवेश गरेका छन्, हेरूँ साझा कसरी चल्दै गर्ला ? विगतको सम्झना हो यो ।

मित्र विष्णुबहादुर सिंह र म इन्जिनियर भईकन साहित्य क्षेत्रमा चासो लिने व्यक्तिमा पर्‍यौँ र मुक्तक, हाइकू, चोका, तांका, कथालगायतका पुस्तकहरू प्रकाशन गरी अगाडि बढ्यौँ यसै अवधिमा भवानी घिमिरे हाम्रो सामीप्यमा देखा परे । कहिलेकाहीँ सँगै बसेर गफगाफ र चुस्की पनि लगायौँ । उनको साहित्यिक विवेचना र मूल्याङ्कनमा सिंह र म तारो भयौँ । हामी उनीबाट निकै लखेटियौँ भने हुन्छ, किनकि उनी हामीलाई 'भानु' पत्रिकामा समाहित गर्न चाहन्थे र भेटमा कुरा गरिहाल्थे । पैसाकै कुरा पनि हो अनि परस्पर पर र नजिक हुने हुन्थ्यो ।

अनि धेरै पटक मलाई फोन गर्थे । एक दिन उनको निवास गएँ र उनको अस्तव्यस्त कोठामा छरिएका पुस्तकहरू देखेँ । कोही भुइँमा लडेका छन्, कोही र्‍याकमा र अन्य कुनाकाप्चामा पसारो परेका छन् । बहुमूल्य सङ्कलन भएका पुस्तक देखेपछि घिमिरेप्रति श्रद्धा जाग्यो मेरो । चिया पिएर घिमिरेले आफ्नो अनुभव सुनाए । लामै अनुभव, खारिएका छेडछाड, साहित्यिक जोस र जाँगर । रमाइला घटनाहरू र मीठा प्रसङ्गहरू उनीबाट सुनेँ । क्षण रमाइलोभित्र उनले भानुको संरक्षक सदस्यको पाँच हजार रुपियाँको रसिद मेरो नाउँमा काटे । झस्किनँ म, किनकि भानुप्रति मेरो मन नतमस्तक थियो नै,

किनकि भानु अर्थात् भानुभक्त आचार्य मेरै जिल्ला तनहुँका भएको र उनको चुँदी-रम्घा गाउँ वरपर हाम्रो खेत थियो र त्यहाँ जाँदा भानुभक्तको सम्झना भइरहन्थ्यो एक मानेमा । चट्ट पैसा झिकेर उधारो रसिदलाई नगदी रसिद बनाई पैसा तिर्दा घिमिरे दङ्ग परे र केही सिक्किमका पुस्तकहरूसमेत दिए ।

पछि निक्लने विशेषाङ्कलाई सानो विज्ञापन पनि दिएँ ।

पछि हामी दुवै साहित्यिक पत्रकार सङ्घको आजीवन सदस्य बनेको घिमिरेलाई थाहा भयो ।

अर्को वर्ष भवानी घिमिरेले एक दिन फोन गरे, 'मोहनजी, म (घिमिरे) तपाईं कहाँ तीन बजे खाजा खान आउँछु । तपाईंको घर नम्बर दिनोस् ।'

बाटो बताइदिएँ र ठीक समयमा घरमा आए । बसेर मेरो बैठकमा चियाए । मेरा श्रद्धेय स्व. गणेशमान सिंहको फोटो हेरे । कुनै राजा-महाराजा वा महापुरुषका फोटाहरू थिएनन् । एकदुईवटा आफ्नै फोटाहरू भित्तामा थिए । बसे र पसिना पुछे । पानी पिएर कुरा थाले ।

केही दिनअगाडि साहित्यिक पत्रकार सङ्घका पूर्व अध्यक्षलगायत अन्य धेरै पत्रिकाका प्रकाशकहरू मिली नेपाल साहित्यिक पत्रकार सङ्घ खोलिन गएको र यिनका पत्रिकाहरूबारे विवरण दिए आफैं सदस्य वा अध्यक्ष भइसकेर आफ्नो मातृसंस्थाप्रति दुत्कार्ने लहरप्रति टिप्पणी गरे । उनको निकै चित्त दुखेको रहेछ । मातृसंस्थालाई असफल बनाएर के फाइदा भने । मातृसंस्थालाई बनाउनु, टेवा दिनु कहाँ, यसलाई गर्लम्म ढाल्नुपट्टि लाग्नु कस्तो आश्चर्य ? नमिलेका कुरा मिलाउनुपर्छ, तर नमिल्ने भ्रम के कहाँ कसरी सिर्जना हुन पुग्यो ? चिन्ता यसैमा लिए । उनी साहित्यिक पत्रकार सङ्घका लागि सशक्त नयाँ अग्रजको खोजमा थिए ।

मेरी श्रीमतीले चिउरा, मासु खाजा ल्याइन् र सोधिन्, 'चिया, चिसो के ल्याऊँ ?'

घिमिरेले, 'चिया होइन, तपाई कहाँ सिया खान्छु' भनेपछि केही दिनअगाडि छोराले विदेशबाट ल्याएको सिभास ब्लेन्डेड स्कच व्हिस्कीको ठूलो पेग अगाडि सारिन् मीठोसँग खाजा खाए र त्यसै बेला भने, 'कायस्थजी, सिक्किम र दार्जिलिङलगायत पूर्वी असम, मेघालयक्षेत्रमा समेत मेरो साहित्यिक प्रभाव खसाल्न केही व्यक्ति त्यहाँ पुगी भर्त्सना गर्न पछि परेनछन् ।' उनीहरू जहाँ पुगे पनि पुगेकै ठाउँका सज्जनबाट ती मित्रहरूले पोखेका तीता, नमिठा, असङ्गत कुराहरू घिमिरेले सुन्ने गरेको मलाई सुनाए । ती प्रवास क्षेत्रहरूमा भवानी घिमिरे सजीव छन् । उनको प्रभाव गहिरो भएको पाइन्छ । यस्ता

जासुसी कुराहरूबाट घिमिरेलाई पीडा भएको रहेछ पनि । तर, उनको छविछाया झन् उज्यालिँदै गयो प्रवासमा ।

गण्डकी सामाजिक गुठीले राष्ट्रकवि माधव घिमिरेको सम्मान गर्ने कार्यक्रमको म संयोजक भएको बेला भवानी घिमिरेसँग लामो कुरा गरेँ । भवानी घिमिरे पनि लमजुङ जिल्लाको पुस्तुन गाउँबाटै तनहुँको जामुने भन्ने ठाउँमा बसाइ सरेका रहेछन् र माधव घिमिरेहरूकै वंशज रहेछन् । पछि सो गाउँ जामुने छाडेर झापामा पुगेर धेरै जग्गा ओगट्न पुगेका कुरा खुलाए । अहिले आएर मात्र काठमाडौंमा बस्न थालेका रहेछन् । यी कुराहरूले मलाई भवानी घिमिरे हाम्रै जिल्लाका पनि सपूत रहेछन् भन्ने छाप पऱ्यो । अनि नजिकिँदै उनीसँग लहसिएँ, तर विडम्बना के भने उनी अब रहेनन् । स्वर्गद्वारीमा हामीलाई चियाएर बसेका छन् । मात्र श्रद्धाञ्जली छ ।

प्रसङ्ग पुरानै छ - मेरो घरको खाजामा उनी रँगिए । धेरै दिनपछिको मासु र रक्सीको आशक्ति उनले मेटे अनि मलाई थाहा थिएन कि उनी हृदयरोगी हुन् र दम रोगले पीडित पनि । मैले उनलाई उठाएँ र बाटामा पुऱ्याए । ट्याक्सीमा हाली घरमा पुऱ्याइदिएँ । त्यति बेला उनले मैले लगाउने चप्पल लगाएका रहेछन् । उनका चप्पल अद्यापि म प्रयोग गरिरहेको छु । चप्पल लगाउँछु, जब भवानी घिमिरेको मनोकाङ्क्षाका कुराहरू अलिअलि सम्झन पुग्दछु ।

भवानी घिमिरे दिवङ्गत भएपछिको श्रद्धाञ्जली समारोहमा पुग्दा गोविन्द भट्टको लामो कहानीभित्र उनले भने, 'भवानी घिमिरे रसियन कम्युनिस्ट हुन् रे । भट्ट भने चिनियाँ समर्थक । प्रगतिशील व्यक्तित्व हुन् अवश्य तर भवानी घिमिरे असलमा कुन कम्युनिस्ट विचारका हुन् भन्न सकिन्न, किनकि उनी रानी एश्वर्य संरक्षिका भएको सामाजिक संस्थाका सदस्यसचिव पनि बनेका थिए । यो उनको मिलनसार व्यक्तित्वको प्रभाव हो ।

अर्को मितेरी संस्थाकी अध्यक्ष चन्द्रकला नेवारले भद्रकुमारी घलेको निवासमा समारोह राखेकी थिइन् । चन्द्रकला नेवार मितेरी संस्थामार्फत प्रत्येक वर्ष आषाढ २९ गते भानुजयन्ती मनाउँछिन् । उनी भने घिमिरेको भानु यही मितेरी संस्थाले सञ्चालन गर्न लालायित रहिछिन् ।

तर भानु पत्रिका यथास्थान र संयोजनबाट प्रकाशित भइरहनेछ र स्व. भवानी घिमिरेलाई प्रत्येक भानु अङ्कमा हामी संरक्षकहरूबाट सम्झने प्रयास भइरहनेछ । भानु र घिमिरे एक अर्काका परिपूरक भइरहनेछन् । दिवङ्गत घिमिरेप्रति, उनको सत्कार्यप्रति उद्गार पोख्छु । •

# तिमी आउँछौ बारम्बार

डा . मृदुला शर्मा

शुद्ध जालमा कहिलेकाहीँ
कुनै स्मृति आउँछ
कुनै साँघुरिन्छ
कुनै मेटिन्छ
कुनै कोरिन्छ
र
कुनै दोहोरिन्छ पनि
हत्केलाको रेखाझैं
भाग्यको लेखाझैं
बादलको घेराझैं
ज्योतिषीको बाचाझैं
गणितको चिनोझैं
र
कुनै त हराएर पनि जान्छ
साहित्यका हे भानु
तिम्रो पल्लवित शुद्ध सुमनको
कहिल्यै हुन्न अवसान
आउँछ सम्झना बारम्बार
तिमी आउँछौ बारम्बार
तिम्रा साहित्य सृजनाहरूले
तिम्रा व्रत सत्कर्महरूले
मिथक कथा
धरतीमा तिमी
आउँछौ बारम्बार
तिमी आउँछौ बारम्बार ।

•

# गजल

**रामबहादुर पहाडी**

भूस्वर्ग मेरो नेपाल हिमालमा डुल्न देऊ
आमा मलाई तिम्रो काखैमा भुल्न देऊ ।

लडैं म जसको लागि कमाएँ नाम वहादुर
तर नाम भएछ बदनाम घाटा असुल्न देऊ ।

पोल्छ हृदय, मिचियो घरवारीको सीमाना
घरमै छ भाँडभैलो, शान्तिमा भुल्न देऊ ।

चाहिन्न धन मलाई नेपाली हुँ धनी छु
माटोमा छर्छु देशको माया वटुल्न देऊ ।

लाग्छ विधान नवन्दै मर्छु कि जस्तो लाग्छ
अल्छिरहेछ कहाँ गाँठो त्यो खुल्न देऊ ।

•

कविता

# प्रेमको सुन्दर रङ

**लक्ष्मी उप्रेती**

सम्झना छोरिएर
पोखिएछ समयमा

म शून्यमा हराएँछु
अनायासै आलो बनेँछु
सुस्तरी आँखामा सलबलाउँदै तरङ्ग उठेँछु

साँच्ची नै
सम्झना बिर्सनै नसकिने
समयको प्राप्य अनुभूति हो

म त्यही अनुभूतिमा
कहिलेकाहीँ
अलौकिक सुखभोग गर्छु

जीवनमा प्रेमको सुन्दर रङ भर्छु
जुन मिल्छ त्यही रङले प्रेम सिँगार्छु

साँच्चै प्रेमको रङ नभए
जीवन कस्तो हुन्थ्यो होला ?

म जीवनमा प्रेमको रङ खोज्छु
त्यही रङमा जीवन बाँच्ने भरोसा देख्छु ।

•

# सुशीलादेवी

ललिता 'दोषी'

सुशीलादेवीको ठट्यौली सुनेपछि जस्तोसुकै पीर परेका मान्छेहरू पनि रोमाञ्चित हुन्थे । केही क्षणकै लागि सही, आफ्नो पीर भुल्थे । सबैप्रति उस्तै आत्मीयपन भएकी सुशीलादेवी नितान्त बेग्लै स्वभावकी थिइन् । थोरै भाग्यशाली नारीहरूमध्ये एक हुन् उनी, सबै यही सोच्थे ।

गोरो सलक्क परेको अनुहार, पुड्कीपुड्की डम्म परेको जिउडाल, साठी-बैसठ्ठी वर्षकी भए पनि त्यति उमेर खाएझैं देखिन्नथिन् उनी । सुशीलादेवी झन् बैंसमा कस्ती होलिन् सबै त्यही कुरा गर्थे ।

गुल्मीको झ्याम्पाबाट बुटवल बसाइ सरेकी सुशीलादेवी काठमाडौंमा बसेका छोराछोरीलाई भेट्न आक्कलझुक्कल आइरहन्थिन् । उनको हँसिलो अनुहार देख्दा लाग्दथ्यो, उनमा पटक्कै हीनताबोध छैन । बैंस निखिसक्दा पनि उस्तै हाँसोठट्टा छ । सबै कुरामा आत्मसन्तुष्टि भएरै त होला उनी हरदम डालीमा लटरम्म फुलेका फूलहरूजस्तै शोभायमान छिन् । उनको खुसीमाथि कहिल्यै हस्तक्षेप भएझैं लाग्दैनथ्यो ।

एक दिन सुशीलादेवीले एकान्तमा चुरोट तान्दै गर्दा श्वेता टुप्लुक्क आइपुगिन् । उनी सुशीलादेवीलाई हेरेको हेर्‍यै भइन् । श्वेताले हाँस्दै भनिन्- 'मुमा ! हजुरजस्ती हँसमुख नारीले पनि चुरोट पिउँछन् भन्ने मैले त कल्पना नै गरेकी थिइनँ । वास्तवमा पीर पखाल्न चुरोट पिउने चाहिँ होइन रहेछ हगि ? चुरोट पिउँदा रमाइलो पनि हुँदो रहेछ । त्यसैले त स्कुले केटाकेटी पनि चुरोट पिउँछन् नि ।'

सुशीलादेवीले श्वेतालाई चपक्क समातेर दुवै आँखाबाट झल्झली आँसुका धारा झार्दै भनिन्- 'नानी ! अरू किन चुरोट पिउँछन् भन्ने मलाई थाहा छैन । म भने केही क्षणको लागि भए पनि पीडा बिसाउने बहानामा चुरोट तान्छु । केही राहत पाएझैं लाग्छ । झुसुक्कै निदाउन पाए कति हाइसन्चो हुन्थ्यो । कालले पनि मलाई नै ठगेको छ । कहिल्यै शान्ति भएन । खोइ दैव छ भनौं या छैन भनौं; छ भने किन मलाई टपक्क टिप्दैन ? जीवन रन्थनिँदै बित्यो ।'

श्वेता टोलाइरहन्छिन् - 'के भर्खरै बोल्ने सुशीलादेवी नै हुन् त ? त्यो कसरी हुन सक्छ ? प्रकृतिले खेलेको विचित्र खेलमा सयौं नारीहरूका कथाहरूजस्तै छ त सुशीलादेवीको कथा पनि ? उफ् ! म कहाँ फसेँ ? म त सुशीलादेवीकै हँसीखुसी जिन्दगीको विषयमा लेख्ने पक्षमा थिएँ । उनको हाउभाउ, जीउ कर्काइ-मर्काइ गरेको देखेर थुप्रैपल्ट पेट मिचीमिची हाँसेकी थिएँ । हाँसो रोक्न पनि ज्यादै कठिन परेको थियो । मसँगसँगै अरू पनि भुइँमा लडीबुडी गरेर हाँस्थे । मानौं उनको बोलीमा जादुगरी थियो । सबैलाई आफूतर्फ तान्ने आकर्षणको केन्द्रबिन्दु नै थिइन् उनी । उनीभित्र पनि कतै पीडा होला भन्ने कुरा कसैले कल्पनासम्म गरेका थिएनन् आजसम्म । सुशीलादेवीसँग त पीडा छ भने को होला यस संसारमा पीडामुक्त ?' श्वेता घोर आश्चर्यमा परिन् ।

'होइन, के भयो नानी ? तिमी त ढुङ्गोमाटोजस्तै स्थिर भयौं नि !' श्वेता काल्पनिक दुनियाँबाट वास्तविक दुनियाँमा आइन् । सुशीलादेवीले बडो आत्मीय पाराले भनिन् - 'बस न बा !'

श्वेता नचाहँदा नचाहँदै पनि बसिन् । सुशीलादेवी एकोहोरो बोल्दै गइन् - 'हेर ! केही पल सन्तोष नभए पनि सम्हालिन करै लाग्दो रहेछ । कति खेपेँ-खेपेँ पट्यार लाग्दा क्षणहरू; कसलाई सुनाउनु र असैह्य व्यथाहरू ? बाबुआमाले दुईचार अक्षर पढाएको भए यस्सो मन भुलाउने बाटो त हुन्थ्यो होला, तर त्यो पनि भएन । बाबुआमाले यही सोचे - "छोरीले राम्रो घाँस ल्याई भने गाईभैंसी राम्रोसँग अघाउलान् । छोरीले राम्रा दाउरा खोजेर ल्याई भने भात, कुँडो पकाउन सजिलो होला ।" सँगैका दाजुभाइ पढ्थे । उनीहरूले पढेकै देखेर कखरासम्म त चिनेकी पनि थिएँ । के पढ्न दिन्थे र ? म अभागी पन्ध्र वर्षमै बाबुआमाको बोझ भएँ । विवाह गरेर फेरि पनि दलदलमै घचेटिएँ । लोग्नेको घरमा पेटभरि खान पनि नपुग्ने सम्पत्ति थियो । त्यसमाथि लोग्ने जीवनाथ शर्मा राजनीतिमा चुर्लुम्म डुबेका थिए । राजनीतिले खानलाउन दिँदैनथ्यो, उल्टै घरमा भएको दुईचार माना अन्न पनि नेता र कार्यकर्ताले आएर खाइदिन्थे । कयौं पटक त भोकभोकै बसेर दिन काटेकी छु । घाउमाथि पटकपटक घाउ लाग्दा पनि सह्नु नै पऱ्यो । लोग्नेले चार पैसा कमाउने होइन भनेर घरबाट छुट्याइदिए । त्यो क्षण ममाथि आकाश नै खसेझैं भयो तैपनि सम्हालिन करै लाग्यो । गाईबाखा पाल्दै गुजारा चलाउने गर्न थालें । थोरैतिनो भए पनि खेतबारीमा काम गर्न खेताला लगाउनै पऱ्यो । आफूले ढिँडोपिठो खाए पनि उनीहरूलाई भातै खुवाउनुपर्थ्यो । यसै गरी दुःखसुख खेतबारीको खनजोत, छरबताउ, गोडमेलका कामहरू चल्दै गए । गर्दैभन्दै तीन जना केटाकेटी भए । छोरी राधा जन्मेका बेला मसित कोही पनि थिएन । छोरी

जन्मिसकेपछि बल्ल छरछिमेकबाट कोही-कोही आए । मलाई उनीहरूले त्यस बेला बहादुर नारी भन्ने संज्ञा दिए । आखिरी परेपछि जे पनि खप्नुपर्दो रहेछ ।

रातबिहान नभनी काम गर्दै जाँदा मसित पेटभरि खानका लागि पुग्ने गरी जेथो जोगाड भयो । त्यस्तो दुःख काटेर खान पुग्ने अवस्था बनाउन सक्दा आफूलाई संसारकै सम्पत्तिशाली हुँ भन्ने लागेर मनमा सन्तोष लाग्दथ्यो । सुख र दुःख सधैं एक समान रहँदो रहेनछ । त्यसपछि मेरो जीवनमा पुनः शत्रु लाग्यो । जीवनाथले राजनीति गरेरै पैसा कमायो भन्ने हल्ला चलेछ र एक रात ह्वारह्वार्ती मानिसको धुइरो घरभित्र पस्यो । मैले रगतपसिना गरेर रातदिन नभनी जोडेका भाँडाकुँडा, अन्नपात केही बाँकी नराखी सबै लुटेर लगे; यहाँसम्म कि बोटमा झुण्डिएका काँचा सुन्तला र ज्यामिरसम्म झार्न छाडेनन् असत्तीहरूले । के भन्छ्यौ र नानी ! कति गोता सहें त्यसलाई भनी साध्य छैन । छोराछोरी हुर्काउने जिम्मा पनि मेरै काँधमा त थियो । छोरा ठूला होलान्, बुहारी आएर सुखका दिन देख्न पाइएला भन्ने कुरो त मेरा लागि केवल सपना नै भयो । मनको पीडा एउटा कुनामा थाती राखेर बाँचेकै थिएँ । बैंसमा लोग्नेसँग रहर पुगुन्जेल बसूँला, तनमन साटूँला र एकले अर्कालाई मनग्गे चिनूँला भन्ने मनको बह अधुरै रह्यो । बुढेसकालमै भए पनि लोग्नेले राजनीति त्यागेर घर फर्केको देख्दा म हर्षले गद्गद् भएँ । मनका 'अपूरा कल्पना र तनमा नमेटिएको तिर्खा बुढेसकालमा मेटिने भयो; मेरो भाग्य फर्कियो, दैव मेरो दाहिने भयो भन्दै अनेक थरी सपना तुनें । दिनभरिको थकाइ रातको मीठो निद्राले मेटायो भने जीवनको सफलता म त्यसैमा देख्दछु भन्ने लागेको थियो । जीवनाथको राजनीतिबाट अवकाश मेरा निम्ति आशाको दीप बनेको थियो, सुखद जीवनका निम्ति, तर दैवलाई मेरो जीवनमा आउने खुसी सह्य भएन । बसदुर्घटनामा परी वहाँको देहावसान भयो । रहर पूरा हुन नपाउँदै जिन्दगीभर लोग्नेको मायालु काखबाट वञ्चित हुनुपऱ्यो । मेरा तीन छोराछोरी त केवल वहाँको राजनीतिक जीवनको व्यस्तताबाट अलिकति जोगाएको फुर्सदको परिणाम मात्र थिए । मन बिरक्तिँदा कहिलेकाहीं वहाँको सम्झना गर्दै गीत पनि गाउँछु -

**बाटो छेक्यो घरैको गाराले**
**छाती भिज्यो आँसुका धाराले**
**काम गर्दागर्दै बैंस सारा गै गयो**
**आज जीवन बिताउन धौ भयो ।**

यस्तै यस्ता असीमित पीडाहरूलाई एक्कै सासमा ओकलेर धोतीको सप्कोले आँसु पुछ्दै बाटो लागिन् सुशीलादेवी ।

सुशीलादेवीको कुरा सुन्दा श्वेतालाई बडो नमज्जा लाग्यो । उनको आँखामा सुशीलादेवीका रुझेका परेलीहरू नै झल्झली आइरहे । बाहिर देख्दा सुकिली टक्ककाउँदी सुशीलादेवीको हृदयमा पनि विषालु नीलकाँडाहरू असङ्ख्य बिझेका रहेछन् ।

आफू चिन्ताग्रस्त भएर पनि अरूको घाउ पखाल्न सधैँ प्रयत्नशील रहने सुशीलादेवीसँग पुनः भेट हुँदा पहिलेको जस्तो गरी खुलस्त हुन सकिनन् श्वेता । मन गरुङ्गो भयो । कानमा सुशीलादेवीकै शब्दहरू आइरहे । सुशीलादेवीको ठट्यौली सुन्नेहरू मरीमरी हाँसिरहेका थिए । श्वेतालाई मौन देखेर सुशीलादेवीले सुटुक्क भनिन्- "आफू त मरिसकेकै छु । यिनीहरूले हाँस्दा पनि आफूलाई केही सन्तोष लाग्छ । मरेर लानु नै के पो छ र ! जति रुनु एकान्तमै रुन्छु । नचाहँदा नचाहँदै पनि अस्तिन तिम्रो सामु आँसु झार्न पुगिछु; पछुतो लागेको छ ।"

श्वेताले भनिन् - 'मुमा ! मर्नु त एकपल्ट छँदै छ । बनावटी नै भए पनि हजुरको ओठमा यस्तै दिव्य मुस्कान देख्न पाइयोस् ।'

सुशीलादेवी एक्कै छिन मौन रहिन् र फेरि सुरिलो स्वरमा गीत गाउन थालिन्-

**शिरको स्वामी नहुँदा त हुने रहिन्छ चैन**
**जिन्दगी त त्यसै बित्यो खुसी मलाई छैन ।**

सुशीलादेवीको गीत सुन्ने जति सबै दिल खोलेर हाँस्न थाले । श्वेताको आँखा भने सुशीलादेवीबाट पर भाग्न सकेनन् । उनले कसैले थाहा नपाउने गरेर सिँगान पुछेझैँ गरी आँसु पुछिन् । श्वेतालाई लाग्यो, यतिखेर उनले आफ्नो मृत पति जीवराजलाई सम्झेर आँसु थाम्न सकिरहेकी छैनन् । सबै हाँसिरहेका थिए । सुशीलादेवी पनि क्षणैमा हाँसिन् । कठै ! कसैले पत्तोसम्म पाएनन् । उनको ओठको हाँसो केवल बनावटी हो भनेर... ।

•

यस्तै यस्ता असीमित पीडाहरूलाई एक्कै सासमा ओकलेर धोतीको सप्कोले आँसु पुछ्दै बाटो लागिन् सुशीलादेवी ।

सुशीलादेवीको कुरा सुन्दा श्वेतालाई बडो नमज्जा लाग्यो । उनको आँखामा सुशीलादेवीका रुझेका परेलीहरू नै झल्झली आइरहे । बाहिर देख्दा सुकिली टक्ककाउँदी सुशीलादेवीको हृदयमा पनि विषालु नीलकाँडाहरू असङ्ख्य बिझेका रहेछन् ।

आफू चिन्ताग्रस्त भएर पनि अरूको घाउ पखाल्न सधैं प्रयत्नशील रहने सुशीलादेवीसँग पुनः भेट हुँदा पहिलेको जस्तो गरी खुलस्त हुन सकिनन् श्वेता । मन गरुङ्गो भयो । कानमा सुशीलादेवीकै शब्दहरू आइरहे । सुशीलादेवीको ठट्यौली सुन्नेहरू मरीमरी हाँसिरहेका थिए । श्वेतालाई मौन देखेर सुशीलादेवीले सुटुक्क भनिन्- "आफू त मरिसकेकै छु । यिनीहरूले हाँस्दा पनि आफूलाई केही सन्तोष लाग्छ । मरेर लानु नै के पो छ र ! जति रुनु एकान्तमै रुन्छु । नचाहँदा नचाहँदै पनि अस्तिन तिम्रो सामु आँसु झार्न पुगिछु; पछुतो लागेको छ ।"

श्वेताले भनिन् - 'मुमा ! मर्नु त एकपल्ट छँदै छ । बनावटी नै भए पनि हजुरको ओठमा यस्तै दिव्य मुस्कान देख्न पाइयोस् ।'

सुशीलादेवी एक्कै छिन मौन रहिन् र फेरि सुरिलो स्वरमा गीत गाउन थालिन्-

**शिरको स्वामी नहुँदा त हुने रहिन्छ चैन**
**जिन्दगी त त्यसै बित्यो खुसी मलाई छैन ।**

सुशीलादेवीको गीत सुन्ने जति सबै दिल खोलेर हाँस्न थाले । श्वेताको आँखा भने सुशीलादेवीबाट पर भाग्न सकेनन् । उनले कसैले थाहा नपाउने गरेर सिँगान पुछेझैँ गरी आँसु पुछिन् । श्वेतालाई लाग्यो, यतिखेर उनले आफ्नो मृत पति जीवराजलाई सम्झेर आँसु थाम्न सकिरहेकी छैनन् । सबै हाँसिरहेका थिए । सुशीलादेवी पनि क्षणैमा हाँसिन् । कठै ! कसैले पत्तोसम्म पाएनन् । उनको ओठको हाँसो केवल बनावटी हो भनेर... ।

•

# भवानी घिमिरे : एउटा प्रेरक व्यक्तित्व

डा. शैलेन्दुप्रकाश नेपाल

भवानी घिमिरे (१९८७-२०६६) र **'भानु'** एक अर्कामा पर्याय र पूरक बन्न पुगे। एकातिर **'भानु'** ले हाम्रा आदरणीय आदिकविलाई सधैं सम्झाइरह्यो भने अर्कातिर नेपाली भाषासाहित्यलाई भानुकै तेजस्विता प्रदान गरिरह्यो। भवानी घिमिरेको भानुप्रेम नेपाली भाषासाहित्यप्रतिको निष्ठा र नेपाली साहित्यिक पत्रिकाको स्थायित्व र अस्तित्वको प्रतीक बन्न पुग्यो **'भानु'** को लेखनाथ, देवकोटा, महानन्द, सडक क्रान्ति विशेषाङ्कहरू ऐतिहासिक रहे ? भवानी घिमिरेमा **'भानु'** र **'भानु'** मा भवानी घिमिरे समाहित छन्, अभिन्न छन्। नेपाली साहित्यिक पत्रिकाको ऐतिहासिक पृष्ठमा यो तथ्य नेपालीत्वको परिचायक बनेर रहनेछ।

भवानी घिमिरेको व्यक्तित्वका अनेक पाटा छन् : ती पाटाहरू इन्द्रेणीमा सप्तरङ्गझैं आकर्षक, आफैंमा पूर्ण र स्वतन्त्र छन्। कविका रूपमा 'स्मृतिमा रेखाहरू' एउटै कवितासङ्ग्रहले उहाँलाई सशक्त देखाएको छ। त्यस्तै कथाकार जीवनीकार, सङ्गठक, सम्पादक, राजनीतिक, विचारक, निबन्धकारमा रूपमा पनि उहाँ चर्चायोग्य हुनुहुन्थ्यो। खास गरी उहाँको व्यक्तित्व साहित्यकार, पत्रकार तथा संगठक त्रिवेणी रूपमा महत्त्वपूर्ण लाग्दछ। राजनीतिक सचेतता तीव्र हुँदाहुँदै पनि फोहरी खेलबाट उन्नतितर्फ लाग्ने नेपाली राजनीतिक प्रकृतिबाट टाढै रहने भएकाले उहाँको राजनीतिक प्रगति भने त्यत्ति देखिएन। उहाँको हक्की स्वभाव र स्पष्टवादिता नै अन्य खेलाडीका लागि हाउगुजी बन्दथे सायद।

स्पष्ट दृष्टिकोण र उचित सुझाव उहाँका वैचारिक विशेषता हुन्। खरो विचार निर्धक्कसाथ प्रस्तुत गर्ने स्वभावले धेरैलाई उहाँबाट टाढा बनाउँथ्यो। परन्तु त्यसलाई गम्भीरतासाथ लिनुभन्दा गर्नुपर्ने के हो ? त्यसतर्फ उहाँ प्रवृत्त देखिनुहुन्थ्यो। नेपाली पत्रकारिता र साहित्यको विकासका अनेक योजना बनाउनुभएको थियो। नेपाल र खास गरी उत्तरपूर्वी भारतमा बसोबास गर्ने नेपाली जातिका साहित्यिक उर्वरशीलतालाई नजिकबाट बुझेर तिनका बारे प्रकाश पार्नु उहाँले आफ्नो मूल लक्ष्य सम्झनुभएको थियो।

साहित्यिक पत्रकार सङ्घको स्थापना र त्यसको सभापतित्व ग्रहण गरी कुशल नेतृत्व प्रदान गर्ने दक्षता प्रदर्शन गर्नुभएको थियो उहाँले। महानन्द पुरस्कार समिति र नेपाली साहित्य विकास समितिका अध्यक्ष, साझा प्रकाशन सञ्चालक सदस्य तथा सडक कविता क्रान्तिका अग्रणी बन्नु उहाँको सङ्गठक व्यक्तित्वको सफलता हो ।

'यो जीवनलाई कुनै न कुनै सेवामा समर्पित गर्नुपर्छ, जीवनको सार्थकता त्यसैमा निहित छ अर्थात् बाँच्नु मात्र जीवन होइन । एउटा महान् उद्देश्यमा जीवन समर्पित गर्दा नै जीवनको प्राप्ति हुन्छ' भन्ने उहाँको स्पष्ट विचार अनुकूल नै व्यवहारसमेत प्रदर्शन भएको पाइन्छ । मन, वचन, कर्मको त्रिवेणीमा खरो उत्रने भवानी घिमिरेको कार्यशैली एवं व्यक्तित्वले धेरैलाई पत्रकार बनायो, धेरैलाई साहित्यकार बनायो भन्नुमा अत्युक्ति हुनेछैन ।

नेपाली साहित्यको भविष्यबारे आशावादी हुँदै उहाँले व्यक्त गर्नु भएको विचार पनि महत्त्वपूर्ण छ : "हामीहरूसँग सम्भावना प्रशस्त छ । प्रतिभाहरू पनि नभएका होइनन् । सङ्कल्पको मात्रा पुगेको छैन ।

'............ युवापुस्ताले साहित्यको रथ हाँके भने हाम्रो साहित्यको भविष्य एकदमै उज्वल छ, म आशावादी छु ।'

म सम्झन्छु भवानी घिमिरेसँग मेरो भेट वि.सं. २०३६ सालमा भएको हो । हामी पितापुत्र भर्खरै पोखराबाट काठमाडौं छिरेका थियौं । नेपाल आन्दोलनको तीव्रतामा थियो । जनमत सङ्ग्रहको घोषणा हुँदै थियो । दिनैपिच्छेजस्तो साहित्यिक जमघट हुने गर्थ्यो, नयाँ सडक पीपलबोट तथा रत्नपार्कतिर । त्यस्तैमा नेपाली जनतालाई सुसूचित गर्न, सचेत बनाउन साहित्यकारहरू पनि सक्रिय हुनुपर्छ भन्ने कुरा चल्यो; निष्कर्ष 'सडक कविता क्रान्ति' प्रारम्भ भयो जसको नेतृत्व भवानी घिमिरेले गर्नुभयो । मैले पनि रत्नपार्क र अमृत साइन्स क्याम्पसमा भएको कविगोष्ठीमा भाग लिएँ । यी दुई ठाउँमा कविता सुनाएँ भने अन्यत्र श्रोतामात्र बनें । काठमाडौं उपत्यकापछि पोखरा, विराटनगरतर्फ कार्यक्रमहरू सञ्चालन भए । मैले काठमाडौं छोडिनँ । नेपाली साहित्यिक आन्दोलनहरूमा 'सडक कविता क्रान्ति' को महत्त्व, प्राप्ति र उचाइ सर्वदा भिन्न छ। पछि 'भानु' ले सडक कविता क्रान्ति विशेषाङ्क प्रकाशन गर्‍यो । म स्वयं घिमिरेको भानिज भएकाले प्रारम्भदेखि नै उहाँलाई 'मामा' भन्न थालें । हाम्रो नातासम्बन्ध 'मामा-भानिज' का रूपमा स्नेहपूर्ण रह्यो । बानेश्वरमा रहेको हाम्रो डेरामा उहाँ बारम्बार आउनुहुन्थ्यो । पिताजीसँग आत्मीयतापूर्ण सम्बन्ध थियो ।

पछि 'भानु' ले महानन्द विशेषाङ्क छाप्ने कुरा चल्यो । मैले महानन्दका नाममा एउटा व्याङ्ग्यात्मक चिट्ठी लेखेको थिएँ । उहाँलाई थमाएँ । तर त्यो छापिएन । उहाँले भन्नुभयो, "दिवङ्गत व्यक्तिलाई हास्यव्यङ्ग्यको पात्र नबनाऊँ भनेर त्यो रचना छापिएन । भानिजले चित्त नदुखाउनू ।" मैले सहज स्वीकार गरेँ ।

मैले बेलैमा 'भानु' को सडककविता क्रान्ति विशेषाङ्क सङ्कलन गरिनँ पछि अभाव खट्क्यो र उहाँलाई पत्र लेखेँ । त्यस बेला उहाँ झापा, भद्रपुरतिर नै हुनुहुन्थ्यो । उहाँले आफूसँग पनि उपलब्ध नभएको जानकारी दिएर मलाई पत्र लेख्नुभयो । पत्र मसँग सुरक्षित छ, यसबारेमा अन्यत्रै विस्तार पूर्वक चर्चा गर्नेछु ।

धेरै वर्ष उपत्यकाबाहिर बसेर उहाँ पुनः काठमाडौं फर्कनुभयो, 'अब यतै बस्ने हो' भनेर । यसबीचमा बेलामौकामा उहाँ आउनेजाने गर्नुहुन्थ्यो, कहिले भेट हुन्थ्यो, कहिले हुँदैनथ्यो ।

यतै बस्न थालेपछि भने बारम्बार भेट हुन्थ्यो । 'भानिजले 'भानु' लाई रचना दिनुपऱ्यो' भन्नुहुन्थ्यो । केही कविताहरू छापिए पनि ।

"सिक्किमतिरबाट साहित्यकरहरूको परिचयको बृहत् रूपमा निकाल्ने योजना छ, त्यसको तयारी गर्दै छु । भानिजले पनि 'बायोडाटा' उपलब्ध गराउनुपर्‍यो ।" भन्नु भएपछि तयार पारेर बुझाएँ ।

कार्यक्रमहरूतिर प्रायशः भेट हुन्थ्यो । विशेष घटनाका रूपमा चारवटा सन्दर्भलाई सम्झन्छु : सानेपामा कवयित्री पीताम्वरा उपाध्याय 'पीयूष' को काव्यकृतिमाथिको अन्तर्क्रिया थियो । मामा प्रमुख अतिथि तथा म वक्ताका रूपमा निम्त्याइएका थियौं । उक्त कार्यक्रमको आयोजक गुञ्जन थियो । भव्य रूपमा कार्यक्रम सम्पन्न भएपछि "भानिजको मोटरसाइकल छ होइन ? म पनि सँगै जान्छु ।" भन्नुभयो र हामी चाबहिलसम्मसँगै आयौं ।

शंखमूलनजिक कवयित्री चन्द्रकला नेवारकहाँ मितेरी नेपालले आसामका साहित्यकार लीलबहादुर क्षेत्री तथा सिक्किमका केदार गुरुङहरूको सम्मानमा स्वागत कार्यक्रम राखेको थियो । त्यहाँ पनि हामी मामाभीनिज दुवै सहभागी थियौं। कार्यक्रमपश्चात् 'सँगै जाऔं' भन्नुभएपछि चावहिलसम्म मोटरसाइकलमा आयौं ।

स्रष्टा हिरण्य भोजपुरेको 'पलपलसित पोखिँदा' तथा उर्मिला भोजपुर सहितको 'वेगसंवेग' निबन्धात्मक कृतिहरूबारे इमेज च्यानलमा प्रत्यक्ष अन्तर्क्रिया कार्यक्रम थियो । मामा र म मुख्य वक्ताका रूपमा त्यहाँ पनि जुट्यौं । राजेश

खनालले सञ्चालन गरेको उक्त कार्यक्रममा साहित्यकार हरि मञ्जुश्री पनि हुनुहुन्थ्यो । प्रश्नोत्तरमूलक अन्तर्क्रिया सकिएपछि भोजपुरे दम्पतिको अतिथि बनेर हामी ललितपुर पुग्यौं । हिरण्य दाइहरू रामशाहपथबाट नयाँ कोलोनीमा भव्यताका साथ बसाइँ सर्नुभएको रहेछ । नयाँ ठाउँ पनि हेरियो, सल्लाह मिलेपछि रसिक बनियो । मामाको रसरागबारे विशेष परिचय मलाई थियो नै । हरिजी बनेपा पुग्ने भनेर बीचमै उठ्नुभयो । हामी जमिरहृयौं । घडीले नौ नघाएपछि हामी एउटै गाडीमा फर्कियौं । मैले मोटरसाइकल लगेको थिइनं । हिरण्य दाइले बन्दोबस्त मिलाउनुभयो । पहिले मामालाई चावहिल, कुमारी-गालमा पुऱ्याएर मात्र म बसुन्धारामा झरें । मामासँगको त्यो क्षण सर्वाधिक प्राप्तिपूर्ण र सुखद् रह्यो ।

चावहिल, मित्रपार्कको ग्रिनस्टार विद्यालयमा मामा कहिलेकाहीं आउनुहुन्थ्यो । समाजसेवी, स्रष्टा बालप्रसाद शाहीसँग भलाकुसारी गर्नुहुन्थ्यो । म पनि पशुपति क्याम्पसमा पढाइ सकेर त्यता निस्कन्थें । भेट हुन्थ्यो, गफगाफ हुन्थे । एक दिन गफैगफमा अलिक रात पऱ्यो, 'भानिजले मलाई पुऱ्याइदिने !' भन्नुभएपछि मोटलसाइकलमा घरअगाडिसम्म पुऱ्याएर म फर्किएँ ।

अनेक सम्झना छन् उहाँसितका । मलाई भन्न मन लाग्छ : भवानी घिमिरे बुझ्नेका लागि श्रीखण्ड र नबुझ्नेका लागि खुर्पाको बिँड ।

उहाँले महाकवि देवकोटाको व्यक्तित्व र कृतित्वको प्रचार-प्रसारमा 'भानु' पत्रिकामार्फत दिनुभएको विशेष योगदानको कदर गर्दै नेपाली वाङ्मय प्रतिष्ठानले उहाँलाई 'महाकवि देवकोटा पुरस्कार' प्रदान गर्ने घोषणा गऱ्यो । कार्यक्रम आयोजना गर्ने जोहो मिलिरहेको थिएन । बीचमा अचानक भेट भयो मैले कार्यक्रमबारे जिज्ञासा राखें ।

"म पाँच/छ दिनपछि अढाइतीन महिनाका लागि काठमाडौंबाहिर जाँदैछु । सकिन्छ भने यही बीचमा गरौं नत्र फर्केपछि गर्दा हुन्छ ।" भन्नुभयो । तत्काल आयोजना हुनसकेन । उहाँ फर्कनुहोला र पुरस्कार समर्पण गरौंला भन्ने सोचमा बसियो ।

यस्तैमा एक्कासि उहाँ दिवंगत हुनुभएको समाचार आयो । कल्पना विपरीतको यस समाचारले सबैलाई विचलित बनायो । केही वर्षअघि निकै गम्भीर विमारीबाट तङ्ग्रिएपछि भने उहाँ फुर्तिलो नै देखिनुहुन्थ्यो । परन्तु अनायसैको अनपेक्षित घटनाले द्रवीभूत बन्न बाध्य भइयो । दुःखको कुरो यही भयो ।

भवानी घिमिरेलाई म एउटा स्पष्ट, पक्का, प्रेरणादायी, जुझारू,

समर्पित र सशक्त व्यक्तित्व ठान्दछु । उहाँको कार्यशैली गम्भीर प्रकृतिको थियो । आफ्नो जिम्मेवारीलाई गम्भीर रूपमा लिने मानिसहरू मलाई असाध्य मन पर्दछन् । उहाँ त्यसै कोटीमा पर्नुहुन्थ्यो । नेपाली भाषासाहित्य र पत्रकारिता क्षेत्रले निकै ठूलो क्षति बेहोर्नुपरेको छ । नेपाली पत्रकारिता क्षेत्रले त आफ्नो अभिभावक नै गुमाएको मान्दा अन्यथा नहोला । मलाई ठूलो रिक्तता महसुस भएको छ । भावनाले गाँसिएको सर्वाधिक प्रिय साइनो गुमेको छ । आधा घिमिरे हुनुको पीडाले म रन्थनिएको छु । पितृपक्षभन्दा मातृपक्षलाई विशेष महत्त्व दिने व्यक्ति भएकाले पनि विशेष चोटको अनुभूति भएको छ ।

'भानु' जीवन्त कसरी बन्ला ? चिन्ता यही छ । भानु प्रकाशन कसरी बिउँतेला ? चासो यही छ । बाटो बिराउनेहरूलाई खै कसले गर्ला ? जीवन दर्शनमा मौलिकता भेटिने रमाइला-रसिला कुराहरू प्रसङ्गवश अब कसले सुनाउला ? म यस्तै-यस्तै कमीहरूमा घोत्लिरहेको छु ।

'मामा ! नमस्कार !'
'ओहो भानिज ! के छ हालखबर ?'
'ठीकै छ मामा ! अनि मामालाई कस्तो छ अहिले ?'
'ठीकै छ । बाँचिराखेको छु । ...........'

यस्तो संवादको मिति पुगिसकेको मलाई पत्तै भएन । अब यो संवाद कहिल्यै दोहोरिनेछैन । अँजुली उठाएर श्रद्धाञ्जलि भन्छु मामालाई बस् ।

बसुन्धरा, काठमाडौं

•

कविता

# कहाँ छ मेरो पुग्ने ठाउँ ?

सुस्मिता नेपाल

कहाँ छ मेरो पुग्ने ठाउँ ?

हजारौं विम्बहरू
मनका रेसाहरूमा
झ्वाम्म हाम फाल्दा
तरङ्गीत भइरहेछन्
समुद्रका छालहरूझैं

रङका बाटाहरूमा
कहिले उज्याला
कहिले अँध्यारा
भावहरू पल्टिरहेछन्
पानीमा बगेका लहरहरूझैं

उज्याला भावहरूमा टेक्दा
अँध्यारा भइदिन्छन्
रङका बाटाहरू
अँध्यारा भावहरूमा टेक्दा
उज्याला भइदिन्छन्
रङका बाटाहरू

यता फर्कन्छु
सीमाहीन शून्यले आफ्नै हेराइलाई तानिदिन्छ
उता फर्कन्छु,
मनभित्रै रहेको अँध्यारोले तर्साउनसम्म तर्साइदिन्छ

कस्तो होला यो समय
परिस्थिति अल्झिएको
फुक्नै नसक्ने धागोको
गाँठाहरूमा बाँधिएको

सोच्न बाध्य हुन्छु म
कहाँ छ मेरो पुग्ने ठाउँ ?

# वेदना

## हरिप्रसाद पाण्डेय

सन्तोष आफ्नो समय लेखेरै सदुपयोग गर्छ । जब ऊ लेख्न तयार हुन्छ त्यसैबेला कि त फोनले अलमल्याउँछ, कि त कोही आएर । बिहान करिब नौ बजेको समय थियो । ऊ आफ्नो कोठामा रुमल्लिरहेको थियो, पुस्तकहरू पल्टाएर त्यसैबेला नजिकै रहेको मोबाइलले संकेत गर्‍यो कुरा गर्नको लागि ।

"हेलो, कसलाई खोज्नुभएको ?"

"मैले सन्तोषलाई खोजेको ।"

"म बोल्दै छु ।"

"तपाईंको स्वर नैं चिन्न सकिनँ । मलाई चिन्नुभएन ?"

"खै सम्भन सकिनँ ।"

"म रामप्रसाद क्या, आज दिउँसो के छ कार्यक्रम ?"

"केही छैन, घरैमा बसेर लेखपढ गर्नु हो ।"

"त्यसो भए आज साहित्यिक मनोरञ्जन गरौं न त ।"

"हुन्छ ।"

"एघार बजेतिर मेरै कोठामा आउनोस्, अरू दुई जना कविलाई पनि बोलाएको छु ।"

"हुन्छ, म साढे एघार बजेतिर आइपुग्छु ।" सन्तोषले फोन बन्द गर्‍यो ।

रामप्रसादको घरमा कोठे कविगोष्ठी सुरु भयो करिब बाह्र बजेतिर । रामप्रसादले बोलाएका अरू दुई जना कविले छन्दमा समसामयिक विषयमा लेखेका राम्राराम्रा कविता सुनाए । रामप्रसाद र सन्तोषले मुक्तकण्ठले प्रशंसा गरे । सन्तोषले एउटा पारिवारिक घटनालाई कथाबस्तु बनाएर छन्दमा नै लेखेको कविता सुनायो । बडो मार्मिक थियो कविता । छोरोको बिहे गरेपछि सासू बूढीले पाएको दुःख, स्वास्नीको कुरा सुनेर आमामाथि छोराले गरेको अपमान दुर्व्यवहार आदिको सटिक रूपमा कवितामा वर्णन गरिएको थियो । तीनै जना कविको आँखा रसायो, गला रोकियो । "सन्तोषको कल्पनाशक्तिलाई

मान्नै पर्छ। बहुत राम्रो कविता सुनाउनुभयो" तीनै जनाले हृदयदेखि नै प्रशंसा गरे।

अन्त्यमा रामप्रसादले 'नारीबिना जुनसुकै क्षेत्र पनि अपूरो र अधुरो हुन्छ। प्रत्येक नारीमा माया र ममताको खानी हुन्छ। नारी जाति ईश्वरीय अवतार नै हुन्। नारीलाई सम्मानका साथ उचित व्यवहार गर्नुपर्छ चाहे उनीहरू जोसुकै होऊन्। आमा, छोरी, श्रीमती, भान्जी, भतिजी, बुहारी, भाउजू, दिदी, बहिनी चाहे जोसुकै होऊन् यिनीहरूसँग नम्र मिजासले मधुर भाषामा बोली र व्यवहार गर्नुपर्छ। यिनीहरूसँग ठूलो स्वरमा दुःख लाग्ने किसिमले बोल्न पनि हुँदैन। यिनीहरूको हँसिलो अनुहार नै घरमा लक्ष्मी आगमनको प्रतीक हो' भन्ने भावमा कविता सुनाए।

"रामप्रसादजीको नारीप्रति हेर्ने दृष्टिकोण र गर्ने व्यवहार साह्रै उच्च रहेछ। उहाँको कविता उहाँले नारीप्रति गर्ने व्यवहारको प्रतीक हो भन्न सकिन्छ।" तीन जनाले एकै स्वरमा प्रशंसा गरे।

कोठे कविगोष्ठी बडो रमाइलो वातावरणमा सकियो। खाजाको बन्दोबस्त गरेका थिए रामप्रसादले। अरू दुई जना कवि आफ्नो गन्तव्यतिर लागे। सन्तोष र रामप्रसादबीच पुरानो मित्रता भएको हुनाले उनीहरूबीच व्यावहारिक घरायसी कुरा पनि हुन्थ्यो। दुवै जना समकालीन भएकाले पनि समसामयिक कुरामा एक मत हुन्थ्यो, तर यिनीहरूको राजनीतिक आस्था भने बेग्लाबेग्लै थियो। यताउताका कुराकानी गर्दागर्दै समय बितेको दुवैले पत्तै पाएनन्। सन्तोष रामप्रसादसँग बिदा लिने मानसिकतामा थियो। त्यसैबेला करिब तीस वर्ष जतिकी एउटी स्वास्नीमानिस आएर सन्तोषसँग कुरा गर्न खोजिन्- "हजुरको घर बानेश्वर ह्वैन र ?"... मात्र के भनेकी थिइन् तिनलाई रामप्रसादले ठाडै खाउँलाझैँ गरेर झपारे- "हो, हो लौ चुपो लाग।"

रामप्रसादको रुखो बोली सुनेर सन्तोषलाई ननिको लाग्यो। तिनी रसिलो आँखा गरेर एकछिन त्यहीँ बसिरहिन्। सन्तोषलाई भने तिनको बारेमा जान्न मन लाग्यो। स्वास्नीमान्छे उठेर गइन्। सन्तोषलाई पनि त्यहाँ बस्न उकुसमुकुस भइसकेको थियो। रामप्रसादसँग बिदा मागेर कोठाबाट बाहिर निस्क्यो। ऊसँग कुरा गर्न खोज्ने स्वास्नीमान्छे तल ढोकानिर छेकिएर बसेकी थिइन्।

"भोलि दुई बजे आउनुहोस् है घरमा कोही पनि हुँदैनन्।" सन्तोषलाई देख्नेबित्तिकै त्यति भनेर तिनी अर्कै बाटो गरी माथि गइन्। रामप्रसाद पनि आइपुगे सन्तोषलाई तलसम्म छोड्नको लागि। सन्तोषले थाहा नपाएझैँ गरी सरासर बाहिर निस्क्यो।

"तिनले मसँग कुरा गर्न खोजेकी थिइन् । रामप्रसादले बीचैमा गाली गरेर बिचरीलाई निन्याउरो बनाइदियो । चिनेचिनेझैं लाग्यो होला र पो बोल्न खोजिन्, तर के गर्नु कुरा गर्ने मौका नै पाइनन् । तिनी रामप्रसादको को पर्लिन् ? छोरी त पक्कै होइन । दुवैको बिहे गरेर पठाइसकेका छन् । एउटी मात्र हुन् क्यारे उनकी बहिनी ! त्यो पनि तराईको जमिनदारलाई दिएको भन्ने सुनेको थिएँ । रामप्रसादको को हुन् त तिनी ? नजिकैको नातेदार हुनुपर्छ । मलाई भोलि किन बोलाइन् ? मसँग के सरोकार तिनको ? यिनी ज्यादै पीडित देखिन्छिन् । कोबाट पीडित छिन् तिनी ? यदि तिनको बारेमा जान्ने हो भने भोलि मैले तिनले भनेको समयमा आउनै पर्छ । तिनको मनमा पीडा पोका परेर बसेको छ । त्यही फुकाएर छताछुल्ल पार्नको लागि मलाई बोलाएकी त ह्वैनन् ? वेदना मनभित्रै रह्यो भने उकुसमुकुस भएर आउँछ । व्यथा कसैमाथि पोख्न पाइयो भने मन शान्त हुन्छ । सर्पमा पनि विष भरिएपछि उसैलाई पोल्न थाल्छ । पोलाई शान्त गर्नको निमित्त श्रीखण्डको बोटमा डङ्क मार्नै पर्छ वा कसैकसैलाई ठुङ्नुपर्छ नत्र सर्पको पोलाइ शान्त हुँदैन । उनको पनि व्यथाभित्रको कथा गुम्सिएर पोल्न थालेकोले ममाथि पोख्न खोजेकी पो हुन् कि ? भोलि दस काम छोडेर भए पनि उनले भनेको समयमा आउँछु' मनमा कुरा खेलाउँदै हिँड्दा सन्तोषले बाटो काटेको पत्तै पाएन ।

सन्तोषलाई भोलिपल्टको दुई बजेको समय ज्यादै लामो लाग्यो । कतिको फोन आयो, कतिले घरैमा आएर बोलाए । भोलिको दिन आ-आफ्नो कार्यक्रममा सम्मिलित गराउन तर उसले सबैसँग क्षमा मागेर भोलिको कार्यक्रममा उपस्थित हुन नसक्ने कुरा बतायो । उसका कविता सुनिरहूँजस्तो लाग्ने भएकाले कविगोष्ठी तथा साहित्यिक कार्यक्रममा उसलाई निम्ताको ओइरो लाग्थ्यो । ऊ जान्थ्यो पनि । ऊ एक्लो मान्छे । कसैको रोकटोक थिएन ।

साढे एक बजेतिर सन्तोष रामप्रसादको घरतिर लाग्यो । मित्रपार्कबाट धुम्बाराही पुग्न उसलाई पुग नपुग आधा घण्टा लाग्थ्यो । ऊ ठीक दुई बजे रामप्रसादको घरमा पुग्यो । ती महिला सन्तोषको आगमनको प्रतीक्षामा झ्यालबाट बाटोतिर हेरिरहेकी थिइन् । सन्तोषलाई ढोकाभित्र पसेको देखेर उनको मुख हँसिलो देखियो ।

"हजुर आउनुहुन्छ भन्ने मलाई पूरा भरोसा थियो ।" ढोकाभित्र पस्ने सङ्केत गर्दै उनले भनिन् । ऊ माथितिर लाग्यो पछिपछि उनी ।

"मलाई किन बोलाउनुभयो त ?" कोठामा बस्दै सन्तोषले भन्यो ।

"मलाई यो घरवाट उद्धार गरिदिनुहुन्छ कि भनेर ।" उनले गहभरि आँसु पार्दै भनिन् ।

उनको कुरा सुनेर सन्तोष जिल्ल पर्‍यो । उसको मुटु ढुक्‌ढुक् गरेर हल्लिन थाल्यो ।

"तपाईं रामप्रसादजीको को ? उहाँले के गर्नुभयो र तपाईंलाई ?" सन्तोषले अलि सशङ्कित स्वरमा प्रश्न गर्‍यो । रामप्रसाद आउँछ कि भन्ने एक किसिमको डर पनि थियो उसमा ।

"मेरो मामा पर्छ त्यो कंस । उसले ममाथि गरेको अत्याचार सुनाउनको लागि नै हजुरलाई बोलाएकी हुँ । हजुरले हिजो सुनाउनुभएको कविता ढोकाबाहिर लुकेर सुनिरहेकी थिएँ । हजुरको कविता सुनुन्ज्याल मेरो आँखा ओभाएको थिएन । त्यो कंसको कविता सुन्दा गएर चप्पलले हानु जस्तो लागेको थियो । लेखाइमा एउटा गराइमा अर्को । अरू दुई जना गइसकेपछि हजुरसँग कुरा गर्न भनी आएकी थिएँ । देखिहाल्नुभो त्यो कंसले मलाई कस्तरी भ्काप्यो । आज त्यो धुलिखेल गएको छ जग्गा पास गर्न । त्यही मौका छोपेर हजुरलाई आफ्नो रामकहानी सुनाउन बोलाएको ।" क्रोधले मुख रातो-रातो पार्दै उनले भनिन् । उनको उत्तर सुनेर छाँगाबाट खसेजस्तो भयो सन्तोष ।

"तपाईंको आमाबाबु ?"

"हुनु भएको भए मेरो यो गति किन हुन्थ्यो ? मेरो रामकहानी लामो छ । हजुरले एक दुई घण्टा धैर्य गर्नैपर्छ ।" सन्तोष केही बोलेन, उनले भनेको सुनिमात्र रह्यो । उनी स्मृतिका पाना पल्टाउन थालिन्- "हाम्रो घर वीरगन्जको छपकैया भन्ने गाउँमा पर्छ । मेरो बुवा त्यस गाउँको जमिनदार । सन्तानको नाममा म एक जना मात्र । म खुबै लाडप्यारसँग हुर्कें । मैले ठाकुरराम क्याम्पसबाट आइ.ए. पास गरेँ । बी.ए. पढ्नको निम्ति त्रिचन्द्र क्याम्पसमा भर्ना भएँ । मलाई कुनै कुराको दुःख नहोस् भनेर यही कंसको घरमा बस्ने वन्दोबस्त गरिदिनुभयो आमाले । बुवालाई त मन परेको थिएन । म यहाँ वसेको कारणले गर्दा कंसको परिवार नै पालिएका थिए । चामल, दाल, तेल एक वर्षलाई पुग्ने एकैचोटि पठाइदिनुहुन्थ्यो । गाउँमा कमी केही कुराको थिएन । कंसले मलाई खूब माया गरी टोपल्थ्यो तिनताक । बुवाआमाले भएभरको सम्पति शेषपछि मेरो नाममा गरेर जानुभएको रहेछ । आमा मलाई वारम्वार भन्ने गर्नुहुन्थ्यो- 'मालती छोरी तिमीलाई कुनै कुराको कमी नहोस् भनेर मामालाई भनिदिएकी छु । तिमीलाई जे इच्छा लाग्छ मामालाई भन्नू । उसले पूरा गरिदिएन भने मलाई खबर गर्नू ।' त्यस बेला पढ्नु नै एक मात्र लक्ष्य थियो मेरो । बी.ए. प्रथम वर्षको परीक्षा दिने तयारीमा थिएँ म । आमाले फोन गर्नुभयो- 'दुई दिनको लागि मात्र भने पनि तिमी घर आऊ' भनेर । म

वीरगन्ज गएँ । बिहेको निम्ति केटा हेर्न रहेछ । मैले खुलेरै भनें- "एम.ए. पास नगरीकन म बिहे गर्दिन आमा ! मेरो त्यति इच्छा पूरा गर्न दिनुहोस् ।" रुन्चे स्वरमा आमासँग बिन्ती गरें ।

"जीवनको केही भरोसा छैन नानी ! कन्यादान गरेर मर्न पाए हुन्थ्यो भनेर हो । तेरो बिहे गर्ने नै इच्छा छैन भने कर गरेर के गर्नु !" आमाले आफ्नो मन बुझाउनुभयो । भोलिपल्ट पहिलो फ्लाइटबाट म काठमाडौं आएँ । समय बित्दै गयो । बी.ए. पास गरेर कीर्तिपुरमा एम.ए.मा भर्ना भएँ । बुबाआमा धेरै खुसी हुनुभयो मैले बी.ए.मा प्रथम श्रेणीमा पास गरेको देखेर । रामनवमीको अवसर पारेर मुक्तिनाथ जानको लागि उहाँहरू काठमाडौं आउनुभयो । एक दिनभरि लगाएर आउन जानको प्लेनको टिकट लिएँ पोखराबाट जानको लागि । काठमाडौंबाट पोखरासम्म पनि प्लेनमा जान आग्रह गरें । मनकामना दर्शन गरेर पोखरा जाने बुबाको विचार रहेछ । आमाले पनि त्यसमा सहमति जनाउनुभयो । रामनवमी चैतको ११ गते थियो, जोमसोमको टिकट १० गतेको । उहाँहरू..."

"तपाईं आमाबुबासँग किन जानुभएन ?" मालतीको कुरामा चाख मान्दै सन्तोषले प्रश्न गऱ्यो ।

"म कम्प्युटर तालिममा थिएँ । त्यसैले जान पाइनँ । गएको भए यमलोक वास हुने थियो मेरो पनि ।"

"अनि के भयो त्यसपछि ?"

"अनि ९ गतेको दिन एउटा टचाक्सी रिजर्भ गरेर उहाँहरू पोखरातर्फ लाग्नुभयो । मनकामना दर्शन गरेर मुग्लिनको पुल पार गर्नेबित्तिकै पोखरातिरबाट आएको लोड ट्रकले टचाक्सीलाई ठक्कर दिएर पाँच-सात मिटर पर पुऱ्याइदिएछ । ड्राइभरसहित बुबाआमा घटनास्थलमै परलोक हुनुभएछ । सनाखत गर्ने क्रममा बुबाको मोबाइलमा मेरो नाम र नम्बर पत्ता लगाएर मलाई प्रहरी चौकीबाट फोन आयो । म र त्यही कंस टचाक्सी लिएर त्यता लाग्यौं । बुबाआमाको वीभत्स लास देखेर म त्यहीँ मुर्च्छा परेछुँ । करिब डेढ-दुई घण्टापछि मेरो होस खुलेछ । आवश्यक प्रकृया पुऱ्याएर लास काठमाडौं ल्याई पशुपति आर्यघाटमा दाहसंस्कार गऱ्यौं ।

यस घटनाको एक-दुई महिनापछि मौजामा गएर एक वर्षलाई पुग्ने दाल चामल तेल छुटचाएर बाँकी सबै बेच्यो कंसले । शेषपछि मेरो नाममा पास गरेर राखेको हुनाले मेरो नाममा गर्न आठ-दस दिन जति त्यतै बस्नुपर्ने भयो । मेरो फुर्सत थिएन कम्प्युटर तालिमको अन्तिम अन्तिम समय भएकोले

'म भ्याउँदिन पछि गरौंला अहिले त्यत्तिकै रहोस्' भनें। कंसले मेरो फुर्सत छँदै छ मलाई मञ्जुरीनामा देऊ म सबै काम सकेर आउँछु, पछि भनेको के हो के हो अहिले नामसारी मेसो लागेको बेलामा गरिहाल्नुपर्छ' भनेर निकै कर गऱ्यो। उसले एउटा वकिल बोलाएर मञ्जुरीनामाको कागज लेख्न लगायो। मैले आवश्यकताअनुसार उनीहरूले देखाएको ठाउँमा सही गरी ल्याप्चे पनि लगाएँ। अनि त्यसपछि म..."

"सही गरी ल्याप्चे लगाउनुअघि लेखेको सबै पढ्नुभयो कि भएन ?" सन्तोषले बीचैमा प्रश्न गऱ्यो।

"केही पनि नपढीकन सही गरें।"

"अनि के भयो त त्यसपछि ?"

"मेरो नाममा गर्नुपर्ने ठाउँमा सबै आफ्नो नाममा गरेछ, पछि पो थाहा पाएँ। मलाई सल्लाह दिने पनि कोही भएन। मैले एम.ए. पनि पास गरिसकें। बिहे गर्न कति ठाउँबाट माग्न आएका थिए तर यसले वास्तै गर्दैन। बेलुका सुत्ने बेलामा खुब माया गरेजस्तो गरेर दूध कर गरेर खान लगाउँछ। दूध खानेबित्तिकै टाउको रन्न भएर आउँछ। बिहान उठेपछि केही गर्न जाँगर लाग्दैन। खान पनि मन लाग्दैन। जीउ पनि दिन प्रतिदिन सुक्तै गएको छ मेरो। मलाई कतै जान पनि मन लाग्दैन।" मालतीले स्मृतिका पाना पल्टाउँदै रोकिएको स्वरमा भन्दै गइन्।

"उसले सबै जग्गा आफ्नो नाममा नामसारी गऱ्यो भनेर कसले भन्यो तपाईंलाई ?" सन्तोषले केही गर्न सकिन्छ कि भन्ने आशयले प्रमाण थाहा पाउन प्रश्न गऱ्यो।

"बुबा छँदाको जग्गाको रेखदेख गर्ने एक जना बडो इमानदार त्यही गाउँको बूढो थियो। आफ्नो नाममा गराइसकेपछि त्यस बूढोलाई त्यो कामबाट हटाएछ। अनि यसले जग्गा बेच्न खोजेछ, जजसले कमाइरहेका थिए उनीहरूले जग्गा बेच्न दिएनछन्। बूढोले एक जना मान्छे पठाएर ती सबै कुराको खबर गरेका थिए। मैले त्यो व्यक्तिद्वारा नै 'जग्गा जजसले कमाई आएका थिए यथावत नै गर्दै गर्नू र जग्गाको आयस्ता पनि कसैलाई नदिनू, पछि म आएर हिसाबकिताब गरौंला' भनेर खबर पठाएँ। यो कुरा कंसले पनि थाहा पायो। एक दिन बेलुका खाना खाइसकेपछि सबै सुत्ने तरखरमा लागेका थियौं।

'एक जना साथीले वनारसबाट मिठाइ पठाइदिएको रहेछ यो खाएर सुत्न जाने सबै जना' भनेर मामा भनाउँदोले भन्यो। छोराछोरी र मलाई दुईदुईवटा सुख्खा मिठाइ दियो। मेरो भागमा पहेंलो रङ्गको पेंडाजस्तो परेको

थियो । छोराछोरीले पनि खाए मैले पनि खाएँ । मिठाइ खानेबित्तिकै मलाई निद्राले छोप्यो । ओछ्यानमा गएर पल्टेको मात्रै थिएँ भुसुक्कै निदाएँछु । बिहान सात बजेतिर बल्ल ब्यूँझेँ । बेलुका लगाएर सुतेको लुगा कताकता नमिलेजस्तो लाग्यो आफैँलाई ।"

"कस्तो लुगा लगाएर सुत्नुभएको थियो ?" सन्तोषले बीचैमा प्रश्न गऱ्यो ।

"कुर्ता सुरुवाल लगाएकी थिएँ ।"

"अनि के भो ?"

"सुरुवाल अगाडिको पछाडि, पछाडिको अगाडि परेको थियो । दुई दिनपछि म बाहिर गएर आउँदा मेरो पलङमाथि एउटा चारपाटे खाम देखेँ । के रहेछ भनेर हेर्दा म छाँगाबाट खसेजस्तो भएँ । मेरो निधारबाट चिटचिट पसिना आउन थाल्यो । प्रायः म बेहोसजस्तै भइसकेकी थिएँ । म रुन कराउन केही पनि गर्न सकिनँ । सम्झिँदाखेरी अहिले पनि मुटु भक्कानिएर आउँछ..." आँखाबाट आँसु झार्दै मालतीले भनिन् ।

"के थियो त्यो खाममा ?"

"त्यो खाममा मेरो फोटो । त्यस फोटोमा मेरो जीउमा लुगाको कुनै धर्सो पनि थिएन । सव आसनको स्थितिमा फोटो थियो । मेरो अगाडि निर्वस्त्र अवस्थाको अनुहारलाई ओझेलमा पारेर खिचिएको एउटा पुरुषको फोटो ।"

"त्यो फोटो अझ पनि छ तपाईंसँग ?" सन्तोषले प्रश्न गऱ्यो ।

"छैन, मैले तुरुन्तै च्यातचुत पारेर फालिदिएँ ।"

"त्यसपछि के भयो ?"

"त्यस फोटोले मेरो दिनको चैन र रातको निद्रा अपहरण गरिदियो । यो कसको काम होला ? भन्ने सोचाइले दिमाग चाटिरह्यो । बेलुकी कंसले दिएको मिठाइमा पक्कै पनि कैफियत गरेर बेहोस पार्ने औषधि हालेर ख्वाएको हुनुपर्छ भन्ने मैले अड्कल लगाएँ । मौका पाएँ भने म पनि त्यसलाई ठीक पारेर छोड्नेछु भन्ने मनमा राखेँ । फोटो राखेको भोलिपल्ट कंस मेरो कोठामा आएर कुर्लियो- 'मालती यो के चाला हो ? आफ्नो इज्जतको त ख्याल गर्नुपर्छ । आफ्नो इज्जतको तिमीलाई वास्ता भएन मेरो इज्जतको त ख्याल गर्नुपर्छ । कहीं पत्रपत्रिकामा छापियो भने दुनियाको अगाडि मुख देखाउन नहुने हुन्छ ।'

मैले पनि केही थाहा नपाएझैँ गरी भनेँ- 'के इज्जत जाने काम गरेँ मैले ?'

मेरो अगाडि उसको हातमा भएको चारपाटे खाम फ्यात्त फाल्दै

भन्यो- 'यही हेर्नु नि कस्तो राम्रो काम गरेको रहेछ ।'

मैले खाम भित्रको फोटो हेरेझैँ गरेँ र भनेँ- 'वाह ! मामा वाह ! मामा हुनु त तपाईं जस्तो पो त आफ्नै परिवारको इज्जत वजारमा लिलाम गरेर स्वार्थपूर्ति गर्न खोज्ने ।' मेरो जवाफ सुनेर ऊ रातोपिरो भएर बाहिर निस्क्यो । त्यो फोटोबाट उसले मलाई ब्लैकमेल गर्न खोजेको थियो । सकेन । अनि खानामा मन्द विषको प्रयोग गरेझैँ लाग्छ। भनूँ कसलाई ? जाऊँ कहाँ ? एक्लै डेरा लिएर बसूँ भने राति गुण्डा पठाउला भन्ने डर ! यसपालि गाउँको बूढोले सबै कमैयालाई सम्झाएर त्यस कंसलाई एक दाना पनि अन्न दिएनछ। कंस झन् मदेखि रिसाएको छ। मौका पारेर मलाई मार्न पनि वेर लाउँदैन । मैले हजुरको सहयोगको अपेक्षा गरेर आफ्नो रामकहानी बताएकी हुँ ।" आँसुको बलिन्द्र धारासँगै मालतीले भनिन् ।

सन्तोष जिल्लियो । के सहयोग गर्ने ? कसरी सहयोग गर्ने ? कस्तो सहयोगको अपेक्षा राखेकी हुन् ? केही बोल्न सकेन ।

"किन टोलाउनुभयो हजुर ?" रुन्चे स्वरमा मालतीले सोधिन् ।

"अँऽऽ कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ तपाईंले मबाट ?" सन्तोषको मुखबाट निस्क्यो ।

"हजुरले जुन रूपमा सहयोग गरे पनि मलाई स्वीकार्य छ ।"

एक छिन घोरियो सन्तोष । मालतीको कहानी सुन्दासुन्दै उसको मनले एउटा योजना वनाइसकेको थियो । उसलाई आफ्नो योजना उपयुक्त लाग्यो र भन्यो- "ल त्यसो हो भने तपाईंको आवश्यक लुगाफाटा र कागजात एउटा सुटकेसमा हाल्नोस् र यो घरबाट निस्किहालौं ।"

मालतीलाई सन्तोषमाथि भरोसा थियो त्यसैले राति नै आवश्यक सामानसहित सुटकेस खाटमुनि तयार थियो। सन्तोषको आदेश पाउनेबित्तिकै आफ्नो कोठाबाट सुटकेस लिएर मालती सन्तोषको अगाडि उभिइन्। हतारहतार ती दुवै रामप्रसादको घरबाट बाहिरिएका मात्र थिए रामप्रसादसँग जम्काभेट भयो। मालती र सन्तोषको आँखा एकाएक रामप्रसादसँग जुध्न पुग्यो उसैको ढोकाअगाडि । सन्तोषले मालतीको हात दरोसँग कस्दै रामप्रसादलाई घृणाको नजरले हेर्‍यो ।

•

# गोरेटो

## हिरण्यकुमारी पाठक

जहिले पनि चहचहाउँदै डाँडाकाँडा दौडिरहने, साथीहरुका साथमा गीत गाउँदै स्वतन्त्र पंक्षीझैं उडिरहने सन्ध्यालाई आज उनको आँखामा अनेकन् दृश्यहरू आउँदै जाँदै गरिरहेको थियो र आफूले मूर्खतापूर्ण ढङ्गले जीवन व्यतीत गरेकोमा पछुतो पनि भइरहेछ । हो रामेछापको त्यो सुन्दर डाँडाको घर दृश्यहरूले पुरानो कुराहरू सम्झिन्छिन् सन्ध्या । जहाँ उनी उफ्रिँदै-उफ्रिँदै दौतरीहरूसँग बिहानदेखि साँझसम्म रमाइरहन्थिन् । त्यहाँको भूमिमा उनको जीवनका अनगिन्ति मधुर स्मृतिहरू मानसपटलमा छापिने क्रियाकलापहरू छन् । सम्झदा पनि रोमान्चित हुन्छ सन्ध्याको मन । साथीहरूसँग डोको भिर्दै मायाका गीत गाउँदै गाउँका केटाहरुसँग जिस्किदै मस्कदै बिताएका दिनहरूले आज मन चिमोटिरहेछ । आज ती दिनहरू सम्झँदा एकातिर रमाइलो दृश्य आउँछ भने अर्कोतिर मन भारी हुन्छ, त्यसरी रमाइलोमा नै जिन्दगी बिताएकोमा । आफू सरहका साथीहरूले पढे लेखे कतिले त घरपरिवारसहित स्तरिय जीवन बिताइरहेका छन् । हो सन्ध्याको साथी उमाले बारम्बार उसलाई पढ्नुपर्छ भनेर जोड नदिएको पनि हैन तर सन्ध्या त फुरफुरे स्वतन्त्र जीवन बिताउँनै रुचाउने भइन । गाउँ घरमा सन्ध्या एकदमै चञ्चले, हँसमुख र सबैलाई मद्दत गर्ने गाउँकी छोरी, सबैकी प्यारी थिइन् । उनलाई पढ्न पटक्कै मन थिएन । उमाले बारम्बार सम्झाउँथी, 'हे सन्ध्या । तँ किन यसरी बरालिन्छेस् । खेलकुद रमाइलो गर तर पढ्ने बेलामा पढ्न । तैले त सानोमा पढेको पनि सबै बिर्सिसकिस् होला । हिँड सँगै पढुँ ।'

'आ आ हेर उमा पढ्ने काम तेरो । म त यसै यसै मस्ति लिन्छु, घुमी रहन्छु र घर, बाखा बनको पनि त हेरविचार गर्नुपर्छ नि हो त्यसैले तँ राम्ररी पढ् है ।' ठट्टा गर्दै सन्ध्या मित्रको कुरालाई वास्तै गर्दिनन् ।

'हैन सन्ध्या हैन । के भनेंकी, तैले बुझेकै छैनस् पढ्दा, उच्च विचार हुन्छ । जीवनका उकाली ओरालीमा आफू सक्षम भएमा कसैले हेप्न सक्दैनन् । आफू आफ्नै खुट्टामा टेकेर समाजका सामू आफूलाई एउटा पहिचान दिन

सकिन्छ । आर्थिक उपार्जन गर्न सकिन्छ जसबाट परिवारमा समान रूपले योगदान दिन सकिन्छ । त्यस कारणले हिंड आजैदेखि स्कुल जाउँ हिँड-हिँड ल ।' भन्दै उमाले सन्ध्यालाई तानेर स्कूल लगिन । तर, सन्ध्याको ध्यान त बन पाखा, ऐंसेलु, काफल र गाउँका केटाहरू रामे, साने, हर्केपट्टि नै केन्द्रित थियो । घण्टी लाग्ने बित्तिकै भागी हालिन्, माछो उम्के झैं उमाको हात छुटाएर भागिन् । त्यस दिन उमालाई पनि आफ्नो मित्रलाई पढाउनेतर्फ अग्रसर गराउने नै अठोट लिएर फेरि सन्ध्याकै घरतर्फ लागिन् तर सन्ध्याको मनस्थिति त्यति वेला पढ्ने पटक्कै थिएन ।

आज सन्ध्यालाई ती दिनहरू फेरि सम्झना आइरहेछ । आफूले पढ्नमा अल्छी गरेको, ध्यान नदिएकोमा । साथीको बारम्बार आग्रहमा पनि केही सीप लागेन । उमाले उसलाई बारम्बार सम्झाई 'हेर साथी विद्या जस्तो अमूल्य धन केही होइन । आपत्विपत्मा तैले जागिर खाएर पनि आफ्नो जीवन धान्न सक्छेस् । त्यसैले पढाइलाई नरोक हिँड म मद्दत गर्छु हिँड ।' तर सन्ध्या त बनकी चरी हाँस्दै, उड्दै उमालाई भनिन् -

'हेर उमा । मलाई जागिर खानै पर्दैन । म त त्यस्तोसँग बिहे गर्छु जसले मलाई पालोस्, सुख्ख देओस् र सबै आर्थिक समस्या उसैले बोकोस् म त त्यतापट्टि छैन बुझिस् ।' धेरै कोसिशको बाबजुद पनि उमाले सन्ध्यालाई पढाइतर्फ झुकाउन सकिन, ऊ गँरुगो मन लिएर घर फर्की ।

आज ती दिन, ती कुराहरूको सम्झनाले सन्ध्यालाई पर्नु पीर परेको छ । समय त बाईपखें घोडा झैं फुरर उडी हाल्यो । बनकी चरीझैं । सन्ध्याको बिहे भयो । उसले चिताए झैं सहरमा काम गर्ने जागिरे केटासँग विवाह भयो । समयानुसार एक छोरी, एक छोराको आमा पनि भइन् । आफ्नो जीवन आफैले रोजेजस्तो व्यतीत भइरहेकोमा सन्ध्या गर्व गर्दथिन् ।

समयको चक्र कसलाई थाहा छ र एक दिन अफिस गएका सन्ध्याको श्रीमान् बेलुकी फर्केनन् । धेरै रातीसम्म पनि नआउँदा उनलाई छटपटि हुनु स्वाभाविक नै हो । श्रीमान्का साथीहरूसँग फोन गर्दा, उनको टाउकोमा अकस्मात बज्रपात भए झैं भयो । घर फर्कने बेलामा मोटरसाइकल दुर्घटनामा उनको श्रीमान् र अर्को साथीको घटनास्थलमा नै मृत्यु भैसके तापनि अहिले अस्पतालमा राखिएको छ तुरुन्त आउनुस् भन्ने खबर पाइन् सन्ध्याले ।

बिहान हँसी खुसी पठाएको लोग्नेको मृत्यु सन्ध्यालाई निकै असहज लाग्यो पत्याउँनै सकिनन । तुरुन्त अस्पताल पुगिहालिन् । उनी अस्पताल पुग्दा उनको श्रीमान्लाई सेतो कपडाले ढाकिसकेको थियो । रुनु, कराउनु, कहालिनु,

आत्तिनु, सिवाय अरू केही वाटो नै थिएन दैवको लीला अपरम्पार छ भन्दै सबैले सम्झाए, बुझाए । बिस्तारै समय बित्दै गयो । आउनेजाने मानिसको क्रम घट्दै गयो । घर शून्य भयो । चारैतिर दुवै प्राणी भएर सजाएको सामानलाई हेर्दा पनि बिरानो झैं लाग्न थाल्यो सन्ध्यालाई । बिस्तारै घरमा पट्यार पनि लाग्न थाल्यो । घर धन्दा गर्दा पनि आफ्नो एकाकीपनले चिमोटिरहन्थ्यो । अबको जिन्दगी कसरी बिताउने ! स्कुल गएका स-साना छोराछोरीको उन्नति संरक्षण कसरी गर्ने ? सन्ध्याको सामु विभिन्न समस्याहरू क्रमै रूपले तेर्सिंदै छन् । पैतृक सम्पत्ति केही नभई शुद्ध जागिरको भरमा दुई बच्चाको स्कुल खर्च र घरको भाडा, घर खर्च र बैंसालु श्रीमतीको सबै खर्च एक्लो लोग्नेले धानिरहेका थिए महँगीले गर्दा सन्ध्यासँग खासै बचत पनि थिएन । आफूसँग भएको रकम घर व्यवहार काज क्रियामा नै सकिहाल्यो । अब उनी समस्यामा परिन् । यति बेला सन्ध्यालाई उमाको धेरै सम्झना आइरहेको थियो । उमाले जिन्दगीको प्रत्येक गोरेटोमा शिक्षित हुन जरुरी भएको र पढ्नलाई प्रोत्साहन गरेको कुराहरू आज आँखा सामु अश्रुधारा भई खसिरहेछ । तर, के गर्नु अब पछुताएर के गर्ने समय उडी सक्यो हातमा लाग्यो सुन्ना । सन्ध्यालाई अब कसो गरेर जीवन धान्ने भन्ने समस्या विकराल रूपले आफ्नो सामु तेर्सेको छ तर समाधान पहिलाउनै सकिरहेकी छैनन् । कहिले गाउँको साथी उमालाई सम्झिन्छिन् भने कही एकै छिन्मा अस्तव्यस्त भएको आफ्नो गृहस्थीको अवस्थालाई हेर्छिन् । के गर्ने कसो गर्ने सन्ध्याको मनस्थिति विचलित भइरहेको थियो । रातभरि निद्रा लाग्दैन भारी मनले केटाकेटीहरूलाई स्कुल पठाउँदै छन् । तर कति दिन ?


ढोकामा घण्टी बज्यो । गरुँगो मन लिएर उठीन सन्ध्या । श्रीमान्को साथ छुटेपछि घरमा आउनेको संख्या पनि कम भइसकेको थियो आजको आयो ? एकछिन सन्ध्या अकमक्क पर्छिन् । जे भए पनि ढोका त खोल्नै पऱ्यो । विस्तारै ढोकामा पुगुन्जेल तीन पटक घण्टी लागिसकेको थियो । अलिकति मात्र ढोका खोल्ना साथ उमा एकैपल्ट भित्रआई 'के भयो सन्ध्या । मेरो प्रिय मित्र के भयो तलाई ? म त सुन्दासाथ छक्क परें विश्वास नै गर्न सकिनँ' भन्दै सन्ध्यालाई अँगालोमा बाँधिन् । दुई बाल सखाको मिलन त्यो पनि दुःख परेको बेलामा विचित्रको दृश्य थियो । कहिले उमा प्रश्न गर्दथिन् भने कहिले सन्ध्या आफ्नो करुणाव्यथा भन्दै थिइन् ।

अन्तमा दुवै मित्र कोठामा बितेका दुःखलाई आत्मसात् गर्दै थिए । अनि सन्ध्याले भनिन्, 'हेर त उमा । मैले तैले भनेको मानिन् अब यो घर

भाडा, बच्चाको स्कुल फि तथा घर मैले कसरी चलाउने ? कुनै स्रोत छैन । घरमा भएको सिद्दिहाल्यो । अव बच्चाहरूको फि कसरी तिर्ने भन्ने समस्याले पिरोली रहेछ । यसो पढेको भए त कतै जागिर खान्थेँ तर अव कसो गर्ने साथी, भन त ?' उमा असमञ्जस्यमा परिन् मित्रको दयनीय अवस्थामा उनले भनिन् । 'मैले भनेको बेला मसँग पढेको भए यस्तो बेलामा काम लाग्थ्यो नि । तर अव पनि केही बिग्रेको छैन सन्ध्या तँ प्रौढ शिक्षामा भर्ना हो । म सबै मिलाइदिन्छु । रातीमा पढ र बिहान वच्चा घर हेर, दिउँसो म मेरो संस्थामा काम दिन्छु बुझिस् ।' सन्ध्यालाई उमा देवीकै रूपमा आए झैं भयो उसले आफ्नो आँसु पुछिन् र, 'उमा । अब तेरै भरोसा छ । म पढ्छु । तँ मलाई छिट्टै भर्ना गरी दे र काम पनि दे उमा । म एकदमै मन लगाएर छिट्टै पास गर्ने गरी पढ्छु है' भन्दाभन्दै सन्ध्या रुन थाली । उमाले उसलाई ढाढस दिदै माया गर्दै भनिन्, 'हेर सन्ध्या । शिक्षा नै एउटा यस्तो ज्योति हो जसले भविष्यलाई सिँगार्छ । शिक्षा नै एउटा यस्तो गोरेटो हो जो कहिले मासिन्न, कहिले मेटिन्न, त्यो गोरेटो जीवनको अन्तसम्म अनन्तकालसम्म आफै पछ्याइरहन्छ । अव त परिश्रम गरी पढछेस् भने तेरो जीवनमा कुनै पछुतो हुनेछैन तथा भयावह स्थितिको सामना दरोसँग गर्न सक्छेस् ल आइज मसँग ।' भन्दै उमाले मित्रलाई शिक्षाको गोरेटोतर्फ डोऱ्याइन् ।

•

# श्रद्धाञ्जली

नेपाली भाषा र साहित्यका श्रद्धेय साधकहरू

- कृष्णचन्द्रसिंह प्रधान (वि.सं. १९८२–२०६७)
- भवानी घिमिरे (वि.सं. १९८७–२०६६)
- शिशिरकुमार गुरुङ (वि.सं. १९९०–२०६७)

को दुःखद् निधन भएकामा उहाँहरूप्रति
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

मितेरी नेपाल परिवार

# मितेरी नेपाल

सत्य मोहन जोशी
मानार्थ सदस्य

भद्रकुमारी घले
संरक्षक

रुकु कार्की
संरक्षक

गिरिराज उपाध्याय
सल्लाहकार

माया ठकुरी
सल्लाहकार

नवराज कार्की
सल्लाहकार

जलेश्वरी श्रेष्ठ
सल्लाहकार

डा. मृदुला शर्मा
सल्लाहकार

## कार्यसमिति

चन्द्रकला नेवार
अध्यक्ष

महेन्द्र गुरुङ्ग
उपाध्यक्ष

यादव भट्टराई
महासचिव

नम्रता उपाध्याय
सचिव

मणिराज सिंह
कोषाध्यक्ष

ललिता दोषी
सदस्य

कमला रिसाल
सदस्य

शम्भु गुरागाई
सदस्य

संगीता शर्मा
सदस्य



जगन्मात्रे नमोनमः॥ १८॥ प्रसीद देवदेवेशि
कृपया परया सदा॥ अभीष्ट फल सिद्धार्थं कु
रुमे माधव प्रिये॥ ॥इति तुलसी पूजा समाप्ता।
शुभं भूयाल्लेखकपाठकयोः श्री भानुभक्तरा
मरणा पण्डितेन सम्वत्॥ १९ १४ आश्विन
पौर्णमास्याम् ॥ राधा दामोदरः प्रीयताम्॥ छ।